सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ माघ २०८२, बुधबार (21 Jan 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २७२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

३,४८४ उम्मेदवार जनताको इजलासमा

२१ फागुनको निर्वाचनका लागि देशभर शान्तिपूर्ण र उत्साहजनक सहभागितासहित उम्मेदवारी दर्ता

२३-२४ भदौको जेन-जी विद्रोहपछि हुन गइरहेको निर्वाचनमा पुराना र नयाँ दल आमनेसामने



झापा ५

एमाले अध्यक्ष केपी ओली झापा ५ मा उम्मेदवारी दर्ता गरेपछि



रुकुम पूर्व

उम्मेदवारी दर्तापछि नेपाली कम्युनिस्ट पार्टीका संयोजक प्रचण्ड



काठमाडौं ५

काग्रेस महामन्त्री प्रदीप पौडेल काठमाडौं ५ बाट उम्मेदवारी दर्ता गरेपछि



झापा ५

रास्वपाका वरिष्ठ नेता बालेनले झापा पुगेर उम्मेदवारी दर्ता गराएका छन्



झापा ३

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन उम्मेदवारी दर्ता गरेपछि



सप्तरी ३

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव उम्मेदवारी दर्ता गर्न जाँदै



सप्तरी २

उम्मेदवारी दर्ता गरेपछि जनमत पार्टीका अध्यक्ष डा. सिके राउत



गोरखा २

उम्मेदवारी दर्ता गर्दै प्रलोपाका संरक्षक तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई

- काग्रेस सभापति गगन थापा र रास्वपा सभापति रवि लामिछानेले वारेसनामामार्फत दर्ता गरे उम्मेदवारी। थापा सर्लाही ४ र लामिछाने चितवन २ मा उम्मेदवार छन्।
- मंगलबार देशभर कुल तीन हजार ४८४ उम्मेदवारले दर्ता गराए पनि यसमा ११.३४ अर्थात् ३९५ मात्र महिला उम्मेदवार छन्।

प्रेम गौतम/नयाँ पत्रिका

२१ फागुनको प्रतिनिधिसभातर्फको प्रत्यक्ष निर्वाचनका लागि मंगलबार एकै चरणमा देशभर शान्तिपूर्ण रूपमा उम्मेदवारी दर्ता सम्पन्न भएको छ। १६५ वटै निर्वाचन क्षेत्रमा ६८ राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले मनोनयन दर्ता गराएका छन्। उम्मेदवारी दर्तामा उत्साहजनक सहभागिता देखिएको निर्वाचन आयोगले जनाएको छ।

निर्वाचन आयोगका अनुसार कुल ३,४८४ जना उम्मेदवारले मनोनयन दर्ता गराएका छन्। तीमध्ये ३,०८८ पुरुष, ३९५ महिला र एकजना अन्य छन्। राजनीतिक दलका तर्फबाट २,२९७ जना उम्मेदवार दर्ता हुँदा २,०६८ पुरुष, २३५ महिला र एक अन्य छन्। स्वतन्त्र उम्मेदवारको संख्या १,१८७ रहेको छ, जसमा १,०२४ पुरुष र १६० महिला छन्।

उम्मेदवारको उमेर समूह हेर्दा २५-३५ वर्ष उमेरका ५८३ (५१२ पुरुष, ६७ महिला, १ अन्य), ३५-५० वर्ष उमेर समूहका १,६१० (१,३७५ पुरुष, २३५ महिला), ५१-६५ वर्ष उमेर समूहका १,०९० (१,००० पुरुष, ९० महिला) र ६५ वर्षभन्दा माथिका २०१ जना (१९८ पुरुष, ३ महिला) छन्।

प्रमुख दलका शीर्ष नेताहरूले प्रत्यक्ष उपस्थिति वा वारेसमार्फत उम्मेदवारी दर्ता गराएका छन्। विघटित प्रतिनिधिसभाको ठुलो दल काग्रेसका सभापति गगन थापाले सर्लाही ४ बाट वारेसमार्फत उम्मेदवारी दर्ता गराएका छन्।

एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीले झापा ५ पुगेर स्वयं निर्वाचन अधिकृतको कार्यालयमा उपस्थित भई उम्मेदवारी दर्ता गराएका छन्। नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक तथा

» पृष्ठ २ मा क्रमशः

सिंगो राष्ट्र निर्वाचनको महाकुम्भमा होमियो : प्रधानमन्त्री



- निर्धारित समय-तालिकाभित्र उत्साहजनक रूपमा उम्मेदवारी दर्ता सम्पन्न भएपछि मंगलबार प्रधानमन्त्री सुशीला कार्कीको सन्देश-

नेपाली जनता लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउन सचेत र सक्षम छन् भन्ने आजको राष्ट्रिय उत्साहले पुनः पुष्टि गरेको छ। निर्वाचन प्रक्रियामा देखिएको यस उत्साह र प्रतिबद्धताले राजनीतिक वृत्तमा मात्र नभई निजी क्षेत्र र समग्र अर्थतन्त्रमा समेत सकारात्मक ऊर्जा सञ्चार गरेको छ। अब मुलुकबाट अन्योल र अनिश्चितताको अवस्था पूर्णतः अन्त्य भएको छ। सिंगो राष्ट्र निर्वाचनको महाकुम्भमा होमिएको छ।

निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय वातावरणमा सम्पन्न गर्न सरकार पूर्ण इमान र सामर्थ्यका साथ लागिपरेको पुनः स्मरण गराउँछु। सुरक्षा व्यवस्थामा कत्ति पनि सम्झौता गरिनेछैन।

सरकार छाडेर चार मन्त्री बने उम्मेदवार




सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारको मुख्य दायित्व निर्वाचन गराउनु भए पनि सोही सरकारका चार मन्त्री बिचमै राजीनामा दिएर उम्मेदवार बनेका छन्। ऊर्जामन्त्रीबाट राजीनामा दिएर उज्यालो नेपालको नेतृत्व लिएका कुलमान घिसिङ काठमाडौं ३ र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता सिराहा १ बाट रास्वपा उम्मेदवार बनेका छन्। सोमबार मात्रै राजीनामा दिएका सञ्चारमन्त्री जगदीश खरेल ललितपुर २ बाट रास्वपाबाट उम्मेदवार बनेका छन्। धैरैले अनुमान नै नगरेका शिक्षामन्त्री महावीर पुन पनि उम्मेदवार बनेका छन्। मंगलबार एकाएक राजीनामा दिएर म्याग्दी पुगेका उनले त्यहींबाट स्वतन्त्र उम्मेदवारी दिएका छन्।

प्रमुख दलहरूबाटै महिलालाई उपेक्षा

पुराना-नयाँ सबै दलका प्रत्यक्षतर्फका महिला उम्मेदवार अत्यन्तै न्यून, ३३ प्रतिशत प्रतिनिधित्व समानुपातिकबाट मिलाउने गरी प्रत्यक्षमा पुरुषकै दबदबा

कांग्रेसले गण्डकी र सुदूरपश्चिमबाट महिला उम्मेदवार नै बनाएन। बागमती, कर्णाली र सुदूरपश्चिममा छैनन् एमालेका महिला उम्मेदवार।

नेकपाको कर्णाली र राप्रपाको सुदूरपश्चिममा महिला उम्मेदवार छैनन्। रास्वपाले भने सातै प्रदेशबाट प्रतिनिधित्व हुने गरी महिला उम्मेदवार अघि सारेको छ।



टेकराज थामी/नयाँ पत्रिका

प्रतिनिधिसभामा ३३ प्रतिशत महिला सुनिश्चित गर्नुपर्ने संवैधानिक बाध्यता भए पनि राजनीतिक दलहरूले प्रत्यक्षतर्फ उम्मेदवार बनाउन यसपटक पनि कन्जुस्याइँ गरेका छन्। मंगलबार देशभर कुल तीन हजार ४८४ ले मनोनयन दर्ता गराए पनि यसमा ११.३४ अर्थात् ३९५ मात्र महिला उम्मेदवार छन्। यो अंकगणितले ठुला र नयाँ सबै दलमा महिला नेतृत्वको विकासबारे राजनीतिक इच्छाशक्तिको अभाव देखाएको छ।

कानुनले प्रत्यक्ष र समानुपातिकबिच स्पष्ट बाध्यता नतोकेकाले दलहरूले महिलालाई समानुपातिक कोटामा सीमित गर्ने अभ्यास दोहोऱ्याएका हुन्। जितिने क्षेत्र पुरुष नेताले ओगट्ने तथा सुरुमै महिलालाई टिकट नदिने देखिएको छ। समानुपातिक कोटाबाट

» पृष्ठ २ मा क्रमशः





यी नेता, जो यो चुनावमा देखिनेछैनन्



काग्रेस, एमाले र नेकपाका शीर्ष नेतामध्ये कतिपयले यसपटक टिकट पाएनन्, कतिपय आफैं प्रतिस्पर्धामा उत्रिन चाहेनन्

एक करोड १५ लाख मतपत्र छापिए, अझै तीन करोड ८६ हजार बाँकी



(विस्तृत पृष्ठ ३)

उम्मेदवार बन्दै उद्योगी-व्यवसायी पनि उत्रिए चुनावमा



६ पूर्वअर्थमन्त्री मैदानमा



(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

चुनावअगाडि दल अदलबदलको प्रतिस्पर्धा

दोहोरियो चुनावमा दल बदल्ने प्रवृत्ति, दल फेरेर दर्जनौं नेता बने उम्मेदवार

शुरोजंग पाण्डे/नयाँ पत्रिका

मनोनयनभन्दा अगाडि दल अदलबदलको प्रतिस्पर्धा देखिएको छ। प्रतिनिधिसभा निर्वाचनमा यसपटक पनि टिकटका लागि दल बदल्ने प्रवृत्ति फेरि सतहमा आएको छ। २१ फागुनमा हुने चुनावका लागि एक दर्जनभन्दा बढी प्रभावशाली नेता दल अदलबदल गर्दै उम्मेदवार बनेका छन्।

एमालेबाट फुटेर बनेको तत्कालीन एकीकृत समाजवादीका उपाध्यक्ष तथा मधेश इन्चार्ज तथा अहिले नेकपामा केन्द्रीय सदस्य रहेका धर्मनाथप्रसाद साहले अन्तिम घडीमा एमाले प्रवेश गरेर टिकट लिएका छन्। पार्टीबाट टिकट नपाएपछि असन्तुष्ट उनले मंगलबार एमालेबाट सिराहा ४ मा उम्मेदवारी दर्ता गराए। 'उहाँ एमालेमै योगदान भएको इमानदार पुरानो नेता हुनुहुन्थ्यो, त्यसैले उहाँको योगदान र सम्भावनालाई मूल्यांकन गरेर उम्मेदवार बनाइएको छ,'

» पृष्ठ २ मा क्रमशः



- **धर्मनाथप्रसाद साह**
नेकपामा केन्द्रीय सदस्य रहेका साहले एमाले प्रवेश गरेर सिराहा ४ को टिकट लिए



- **अमरेशकुमार सिंह**
निवर्तमान सांसद सिंह रास्वपा प्रवेश गरेर पुरानै क्षेत्र सर्लाही ४ बाट उम्मेदवार बनेका छन्



- **प्रदीप यादव**
जसपा नेता एवं पूर्वमन्त्री यादव एमाले प्रवेश गरेर पर्सा १ बाट उम्मेदवार बनेका छन्



- **सुनील केसी**
राप्रपाको बागमती प्रदेश सांसद केसी रास्वपा प्रवेश गरेर काठमाडौं २ बाट उम्मेदवार बने



- **अम्बिरबाबु गुरुङ**
ओखलढुंगामा एमालेबाट सिफारिसमा परेर टिकट नपाएका गुरुङ नेकपा छिरेर उम्मेदवार बने




- **अनिल झा**
सद्भावना पार्टीलाई काग्रेसमा विलय बनाउँदै रौतहट १ बाट उम्मेदवार बनेका छन्



- **डा. श्रीबहादुर कुँवर**
रास्वपाले टिकट नदिएपछि प्रलोपाबाट रुपन्देही १ बाट उम्मेदवार बनेका छन्



- **किरण साह**
आम जनता पार्टीका उपाध्यक्ष साह नेकपा प्रवेश गरेर रौतहट २ बाट उम्मेदवार बनेका छन्



- **रहबर अन्सारी**
पार्टी अध्यक्ष प्रचण्डलाई राजीनामा बुझाएर रास्वपा प्रवेश गरेका उनी बारा ४ का उम्मेदवार



- **बृजेशकुमार गुप्ता**
एमाले पूर्वसांसद गुप्तालाई नेकपाले कपिलवस्तु २ बाट उम्मेदवार बनाएको छ



- **सतिशकुमार सिंह**
जनमतका नेता तथा पूर्वमुख्यमन्त्री सिंह स्वाभिमान पार्टीबाट सप्तरी २ मा उम्मेदवार बनेका छन्



- **वीरेन्द्र महतो**
जसपा नेपाल छाडेका वीरेन्द्र महतोले जनमत पार्टी सिराहा ४ बाट टिकट लिएका छन्



- **वीरेन्द्रकुमार कनौडिया**
पूर्वमन्त्री एवं काग्रेस नेता कनौडिया एमाले प्रवेश गरेर कपिलवस्तु ३ बाट उम्मेदवार बने



- **मोहम्मद इस्तियाक राई**
जसपाका महासचिव राई एमाले प्रवेश गरेर बाँके २ का उम्मेदवार बनेका छन्

दल बदलेर उम्मेदवार नबन्ने र स्वतन्त्र उम्मेदवारी दिने पनि छन्

काग्रेस नेता तथा गण्डकीका पूर्वमन्त्री कुमार खड्का र दमक नगर सभापति प्रकाश प्रसाईं रास्वपा प्रवेश गरेका छन्। त्यस्तै, जाजरकोटमा शक्ति बस्नेतलाई मौका दिइएको भन्दै नेकपाका केन्द्रीय सदस्य गणेशप्रसाद सिंहले पार्टी छाडेका छन्। बैतडीका काग्रेस नेता तेज चन्दले पार्टी परित्याग गरेर स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन्।

काठमाडौं उपत्यकामा अधिकांश नयाँ अनुहार, युवाले पाए अवसर

नयाँ पत्रिका

आगामी चुनावमा प्रमुख राजनीतिक दलहरूले १५ सिट रहेको काठमाडौं उपत्यकामा नयाँ अनुहारलाई प्राथमिकता दिएका छन् । पुराना दलहरूले पनि यसपटक युवालाई अवसर दिएका छन् ।

कांग्रेसले काठमाडौं जिल्लामा १० मध्ये नौ क्षेत्रमा नयाँ उम्मेदवार छानेको छ । १ मा प्रबल थापा, २ मा कबिर शर्मा, ३ मा रमेश अर्याल, ४ मा सचिन तिमल्सेना, ५ मा प्रदीप पौडेल, ६ मा कृष्ण बानियाँ 'सबुज', ७ मा प्रमोदहरि गुरागाईं, ८ मा सपना राजभण्डारी, ९ मा नानु बाँस्तोला र १० मा हिमाल कार्की उम्मेदवार बनेका छन् । काठमाडौं ५ का पौडेलबाहेक अन्य क्षेत्रमा नयाँ उम्मेदवार हुन् ।

कांग्रेसले ललितपुर १ मा उदयशमशेर राणा, २ मा प्रेमकृष्ण महर्जन र ३ मा जितेन्द्रकुमार श्रेष्ठ तथा भक्तपुर १ मा किरण न्यौपाने र २ मा कबिर राणालाई उम्मेदवार बनाएको छ । भक्तपुरमा कांग्रेसका दुवै उम्मेदवार नयाँ हुन् ।

एमालेले उपत्यकामा नयाँ र पुराना गरी मिश्रित रूपमा उम्मेदवार छानेको छ । काठमाडौं १ मा मोहन रेग्मी, २ मा मणिराम फुयाँल, ३ मा रामेश्वर फुयाँल, ४ मा डा. राजन भट्टराई, ५ मा ईश्वर पोखरेल, ६ मा अमनकुमार मास्के, ७ मा प्रकाशकुमार श्रेष्ठ, ८ मा राजेश शाक्य, ९ मा डा. अजयक्रान्ति शाक्य र १० मा विनोद श्रेष्ठ उम्मेदवार बनेका छन् ।

ललितपुर १ मा चेतनाथ सञ्जेल, २ मा प्रेमबहादुर महर्जन र ३ मा सन्दन थापामगर तथा भक्तपुर १ मा सोम मिश्र र २ मा महेश बस्नेत उम्मेदवार बनेका छन् ।

रास्वपाले यसअघि चुनाव जितेका काठमाडौं ६, ७ र ८ का उम्मेदवारलाई दोहोर्‍याएको छ । ६ मा शिशिर खनाल, ७ मा गणेश पराजुली र ८ मा विराजभक्त श्रेष्ठ उम्मेदवार बनेका छन् । क्षेत्र नम्बर १ बाट प्रतिस्पर्धा गर्न लागेकी रञ्जु दर्शना दोस्रोपटक संसदीय निर्वाचन लड्न लागेकी हुन् । ०७४ मा विवेकशील साझा पार्टीबाट काठमाडौं महानगरपालिकाको मेयरमा प्रतिस्पर्धा गरेकी उनले ०७९ मा काठमाडौं ५ बाट स्वतन्त्र उम्मेदवारी दिएकी थिइन् । यसपटक उनी रास्वपाबाट क्षेत्र नम्बर १ बाट प्रतिस्पर्धामा छिन् ।

क्षेत्र नम्बर २ मा सुनील केसीले रास्वपाबाट टिकट पाएका छन् । यसअघि उनी राष्ट्रिय प्रजातन्त्र पार्टीबाट बागमती प्रदेशका सदस्य थिए । प्रदेश सभाबाट राजीनामा दिएर उनी उम्मेदवार बनेका हुन् ।

क्षेत्र नम्बर ३ का उम्मेदवार रहेका राजु पाण्डे यसअघि काठमाडौं महानगरपालिका नगर प्रहरीका प्रमुख थिए । राजीनामा दिएर उनी निर्वाचनमा होमिएका हुन् । काठमाडौं ४ का रास्वपा उम्मेदवार पुकार बम अघिल्लो निर्वाचनमा रास्वपाबाटै काठमाडौं क्षेत्र नम्बर १ मा प्रतिस्पर्धा गरेर तेस्रो भएका थिए ।

क्षेत्र नम्बर ५ का सस्मित पोखरेल पनि नयाँ अनुहार हुन् । उनले यसअघि बालेन शाहको सचिवालयमा बसेर काम गरेका थिए । क्षेत्र नम्बर ९ का डोलप्रसाद (डिपी) अर्याल पनि पहिलोपटक चुनाव लड्न लागेका हुन् । अघिल्लोपटक उनी रास्वपाको समानुपातिक सूचीमा थिए । त्यस्तै, क्षेत्र नम्बर १० का प्रदीप विष्ट पनि नयाँ अनुहार हुन् ।

ललितपुर १ का बुद्धरत्न महर्जन र क्षेत्र नम्बर २ का जगदीश खरेल पनि नयाँ अनुहार हुन् । खरेल चुनावी सरकारको सञ्चारमन्त्रीबाट राजीनामा दिएर उम्मेदवार बनेका हुन् । क्षेत्र नम्बर ३ की डा. तोसिमा कार्की दोहोरिएकी छिन् । अघिल्लो चुनावमा पनि उनी यो क्षेत्रमा निर्वाचित भएकी थिइन् । भक्तपुर १ मा रास्वपाले रुकेश रञ्जित र २ मा राजीव खत्रीलाई उम्मेदवार बनाएको छ ।



कुलमान घिसिङ



रञ्जु दर्शना



सस्मित पोखरेल



निशा अधिकारी

नेपाली कम्युनिस्ट पार्टीबाट पनि धेरै नयाँ अनुहार छन् । काठमाडौं १ मा मेनका भण्डारी, २ मा नितेश पौडेल, ३ मा नीरज लामा, ४ मा इन्द्र भुसाल, ५ मा कल्पना शर्मा, ६ मा हेमलाल शर्मा (हिमाल), ७ मा वसन्त मानन्धर, ८ मा सुमन सायमी, ९ मा राधाकृष्ण महर्जन र १० मा रूपा महर्जनलाई टिकट दिइएको छ ।

त्यस्तै, ललितपुर १ मा सुनील महर्जन, २ मा राजेन्द्र अमात्य र ३ मा राजकाजी महर्जन तथा भक्तपुर १ मा हरिराम लवजू र २ मा रामप्रसाद सापकोटा (दीपशिखा) उम्मेदवार बनेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट पुराना र नयाँ उम्मेदवारको मिश्रण छ । काठमाडौं १ बाट रवीन्द्र मिश्र दोहोरिएका छन् । अघिल्लो निर्वाचनमा उनी थोरै मतले पराजित भएका थिए । २ मा कुन्ती पोखरेल दोहोरिएकी छिन् । यसअघि उनी रास्वपाकी सोविता गौतमसँग पराजित भएकी थिइन् । ३ मा डा. सुन्दरसिंह बोहरा, ४ मा सुरेन्द्र भण्डारी, ५ मा कमल थापा, ६ मा उद्धवराज भेटवाल, ७ मा लालकुमार लामा, ८ मा नवीन शाही, ९ मा दिलीप कार्की र १० मा बलराम थापा छन् । त्यस्तै, ललितपुर १ मा सजिना कार्की, रघुवरराज थापा र ३ मा सबिन खड्का तथा भक्तपुर १ मा भरत खड्का र २ मा विक्रम थापा उम्मेदवार बनेका छन् ।

काठमाडौं ३ र ५ मा चर्चित व्यक्तिबिच प्रतिस्पर्धा

काठमाडौं ३ र ५ मा चर्चित व्यक्तिहरू उम्मेदवार रहेकाले यहाँको चुनावमा रोचक प्रतिस्पर्धा हुने देखिन्छ । ५ मा कांग्रेसबाट प्रदीप पौडेल उम्मेदवार छन् । यसअघिको निर्वाचनमा यो क्षेत्रबाट पौडेल विजयी भएका थिए । एमालेले ईश्वर पोखरेललाई अघि सारेको छ । त्यस्तै, राप्रपाका नेता कमल थापा पनि यही क्षेत्रमा प्रतिस्पर्धा गर्दै छन् । रास्वपाबाट सस्मित पोखरेल चुनावी मैदानमा छन् । गतिशील लोकतान्त्रिक पार्टीबाट नायिक निशा अधिकारी तथा उज्यालो नेपाल पार्टीबाट यहाँ श्री गुरुङ उम्मेदवार छन् ।

उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले काठमाडौं ३ रोजेपछि यहाँको चुनावले पनि धेरैको ध्यान खिचेको छ । रास्वपासँगको एकता भाँडिएपछि उनी उज्यालो नेपाल पार्टीबाट चुनाव लड्न लागेका हुन् ।

काठमाडौं ३ मा अघिल्लो निर्वाचनमा कांग्रेस विजयी भएको थियो । यसपटक रमेश अर्याललाई उठाएको छ । रास्वपाबाट काठमाडौं महानगरपालिकाको नगर प्रहरी प्रमुखबाट राजीनामा दिएका राजु पाण्डे छन् । त्यस्तै, एमालेले रामेश्वर फुयाँल छन् । नेपाल कम्युनिस्ट पार्टीबाट नीरज लामा यो क्षेत्रमा उम्मेदवार छन् ।

■ झापा ५ इलेक्सन इपिसेन्टर

ओली र बालेन मैदानमा उत्रिँदा गर्मायो झापाको चुनावी माहोल





झापामा **चिरञ्जीवी घिमिरे**

२१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा चर्चाको केन्द्र बनेको झापा ५ मा प्रधानमन्त्रीका दुई 'फेस' एमाले अध्यक्ष केपी ओली र रास्वपा वरिष्ठ नेता बालेन शाहले शक्ति प्रदर्शनसहित मंगलबार उम्मेदवारी दर्ता गराएका छन् । यसबाहेक थप २२ उम्मेदवार मैदानमा उत्रिएका छन् ।

उम्मेदवारी दर्तामा एमाले र रास्वपाका नेता, कार्यकर्ता तथा शुभेच्छेकको बाक्लो भिड दमक चोकमा भेला भयो । बिहान ११ बजे दमक चोक आइपुगेका बालेन समर्थकको बाक्लो भिडबाट घेरिए । उनी समर्थकलाई अभिवादन गर्दै, नाच्दै गाडीबाटै मनोनयनस्थल निर्वाचन अधिकृतको कार्यालय पुगे ।

निर्वाचन आयोगले तडकभडक नगर्न भने पनि दुवै दलले शक्ति प्रदर्शन गरे । बालेन आयोगको कार्यालयसम्मै बाजागाजासहित पुगे । एमालेले चोकमा शक्ति प्रदर्शन गरे पनि निर्वाचन अधिकृतको कार्यालयपरिसरमा केही शान्त देखियो । बालेनले सञ्चारकर्मीसँग प्रतिक्रिया दिन पनि चाहेनन् ।

यो क्षेत्रमा दुई उम्मेदवारबिच तीव्र प्रतिस्पर्धा हुने आकलन गरिएको छ । उनीसँग प्रतिस्पर्धाका लागि कांग्रेसका मन्धरा चिमरिया, नेपाली कम्युनिस्ट पार्टीका रञ्जित तामाङ, राप्रपाका लक्ष्मीप्रसाद संग्रौला, श्रम संस्कृति पार्टीका समीर तामाङलगायतका दल र नौ स्वतन्त्र गरी २४ जनाले उम्मेदवारी दिएका छन् । झापा ५ मा एक लाख ६३ हजार ३७९ मतदाता छन्, जसमा नौ हजार ९० नयाँ मतदाता हुन् ।

एमाले र रास्वपा कार्यकर्ताबिच सामान्य झडप

दुवै दलले शक्ति प्रदर्शन गर्दा दमक चोकमा केही समय दुई पार्टीका कार्यकर्ताबिच हात हालाहालको अवस्था सिर्जना भयो । तर, केही समयमै अवस्था सामान्य भयो । बालेन निर्वाचन कार्यालयले तोकेको समयभन्दा केही ढिलो पुग्दा र कागजात मिलाउन समय लाग्दा दुवैतर्फका कार्यकर्ता चोकमा भेट हुन पुगेका थिए । रास्वपालाई ११ बजेको समय दिइएको थियो भने एमालेलाई १ बजेको समय दिइएको थियो । बालेनको मनोनयन सकिँदा झन्डै १ नै बजेपछि दुई पार्टीका कार्यकर्ता दमकस्थित अकासे पुलमा जम्काभेट हुन पुगेका थिए । जसले केही समय तनाव उत्पन्न भएको थियो ।

दुई पक्षको झडपको विषयमा बालेनले केही नबोले पनि एमाले अध्यक्ष ओलीले भने रास्वपाले अस्वस्थ प्रतिस्पर्धा गर्न खोजेको आरोप लगाए । 'रास्वपाका तर्फबाट अस्वस्थ खालको क्रियाकलाप भयो, तर ठुलो होइन । उसले आफ्नो स्तर जाहेर गर्‍यो । अनैतिक काम गरे । असभ्यता देखाए,' निर्वाचन अधिकृतको कार्यालयमा ओलीले पत्रकारसँग भने, 'स्वस्थ प्रतिस्पर्धा गर्नुपर्छ । त्यस्तो गर्नुहुँदैन । उनीहरूले एमालेलाई अवरोध गर्न खोजे । अरूलाई गर्न खोजेनन् ।'

पूर्वप्रधानमन्त्री ओलीले निर्वाचन शान्तिपूर्ण र स्वस्थ हुनेमा पनि आशंका व्यक्त गरे । 'धाँधलीरहित चुनाव हुन कठिन छ,' उनले भने, 'तर, धाँधलीरहित चुनाव गराउन हाम्रो उद्देश्य हो ।' उनले देशभर एमालेको प्रतिस्पर्धी कोही नरहेको दाबी गरे । विगतमा कांग्रेस, माओवादी, समाजवादीलगायत दलले मोर्चाबन्दी गर्दासमेत एमालेले सामना गरेको उनको भनाइ छ । यो निर्वाचन देश जलाउने र बनाउनेबिचको प्रतिस्पर्धा भएको ओलीको टिप्पणी थियो । 'देशमा आगो लगाउने र जोगाउनेबिचको प्रतिस्पर्धा हो । देश जलाउनेले भ्रम पारिरहेका छन् । नयाँ पिँढीमा भ्रम छ,' उनले भने, 'आगो लगाउनेहरूबाट, लोकतन्त्र खानेबाट, संविधान मिच्नेबाट, कार्यालय र व्यक्तिका घर जलाउनेहरूबाट देश बचाउनुपर्नेछ । देश बचाउन अनुभवी र दृढ नेतृत्व चाहिन्छ । यसका लागि उम्मेदवारी दिएको हुँ ।'

ओलीले झापा ५ मा कसैसँग प्रतिस्पर्धा नहुने दाबी गरे । 'कसैसँग प्रतिस्पर्धा हुँदैन । कानुनी हिसाबले चुनावमा मनोनयन गरेका सबै प्रतिस्पर्धा गर्न उत्रिएका छन् । त्यो आफ्नो ठाउँमा होला । चुनावमा सबैले सहभागी हुन पाउँछ । विगतको भन्दा मतान्तर बढ्छ । दोब्बरले जित्छु,' उनको दाबी छ, 'देशभर एमालेको प्रतिस्पर्धी खास छैन । हाहु बेग्लै कुरा हो । कोही पनि देखिँदनँ ।'

एमाले झापा ५ निर्वाचन क्षेत्रीय कमिटीले विज्ञप्ति जारी गर्दै रास्वपा कार्यकर्ताले निर्वाचन कार्यालयले तोकेको सीमा तोडेर अध्यक्ष केपी ओलीलाई मनोनयन दर्ता गर्न अवरोध गर्ने उद्देश्यले आक्रमण गरेको दाबी गरेको छ ।

झापामा ५ निर्वाचन क्षेत्रका लागि ९० को उम्मेदवारी

झापाका ५ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा ९० जनाले उम्मेदवारी दिएका छन् । सबैभन्दा धेरै क्षेत्र नम्बर ५ मा उम्मेदवारी परेको छ । यहाँ एमालेका ओली र रास्वपाका बालेन, नेकपाका रञ्जित तामाङलगायत अन्य दल र नौ स्वतन्त्र गरी २४ जनाको उम्मेदवारी परेको जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ ।

यस्तै, झापा १ मा दुई स्वतन्त्रसहित १५ जनाले उम्मेदवारी दिएका छन् । झापा १ मा कांग्रेसबाट केशवराज पाण्डेले उम्मेदवारी दिएका हुन् । यो निर्वाचन क्षेत्र कांग्रेस उपसभापति विश्वप्रकाश शर्माको निर्वाचन क्षेत्र हो । शर्माले उम्मेदवारी नदिने भएपछि पाण्डेले टिकट पाएका हुन् । एमालेबाट रामचन्द्र उप्रेती, नेपाली कम्युनिस्ट पार्टीबाट अशेष घिमिरे, रास्वपाबाट निशा डाँगीसहितले उम्मेदवारी दिएका छन् ।

झापा २ मा भने निवर्तमान सभामुख देवराज घिमिरे, उपसभामुख इन्दिरा रानासहित १८ जनाको उम्मेदवारी परेको छ । यहाँ कांग्रेसकी सरिता प्रसाईं, नेपाली कम्युनिस्ट पार्टीकी नेतृ धर्मशीला चापागाईं, राप्रपाबाट भद्रप्रसाद नेपाल (स्वागत)सहित १८ जनाले उम्मेदवारी दिएको जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ । यो क्षेत्रमा तीनजनाको स्वतन्त्र उम्मेदवारी परेको छ ।

झापा ३ मा दुई स्वतन्त्रसहित १७ जनाको उम्मेदवारी परेको छ । लामो समय कांग्रेसबाट कृष्णप्रसाद सिटौलाले प्रतिस्पर्धा गरेको यो निर्वाचन क्षेत्रमा कांग्रेसबाट राजेन्द्रकुमार घिमिरे, एमालेबाट हरिबहादुर राजवंशी, राप्रपाबाट अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन, नेपाली कम्युनिस्ट पार्टीबाट डिल्लीराम घिमिरे, रास्वपाबाट प्रकाश पाठकसहितको उम्मेदवारी परेको निर्वाचन कार्यालय झापाले जनाएको छ ।

यस्तै, झापा ४ मा एक स्वतन्त्रसहित १६ जनाको उम्मेदवारी परेको छ । कांग्रेसबाट जिल्ला सभापति देउकुमार थेबे, एमालेबाट लालप्रसाद साँवा लिम्बू, नेपाली कम्युनिस्ट पार्टीबाट पुरुषोत्तम चुडाल, रास्वपाबाट शम्भुप्रसाद ढकाल, राप्रपाबाट निवर्तमान प्रदेश सभा सदस्य भक्तिप्रसाद सिटौलाको उम्मेदवारी परेको जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ ।

दुई पूर्वआइजिपीसहित ६ अवकाशप्राप्त प्रहरी चुनावी मैदानमा

काठमाडौं ⁄ नेपाल प्रहरीका दुई आइजिपी ध्रुवबहादुर प्रधान र सर्वेन्द्र खनालसहित अवकाशप्राप्त ६ प्रहरी पनि चुनावी मैदानमा छन् । प्रधान राप्रपाबाट नवलपरासी २ मा उम्मेदवार बनेका छन् । यसअघि पनि उनी सांसद भइसकेका छन् ।

त्यस्तै, समुन्नत नेपाली पार्टीका सभापति रहेका पूर्वआइजिपी खनालले बारा ४ बाट उम्मेदवारी दर्ता गरेका छन् । अघिल्लोपटक उनले एमालेबाट चुनाव लडेका थिए ।

रास्वपाबाट चार पूर्वप्रहरी अधिकारी चुनावी मैदानमा छन् । पूर्वएआइजी विश्वराज पोखरेल ओलखढुंगाबाट प्रतिस्पर्धामा छन् । उनी दुई महिनाअघि रास्वपा प्रवेश गरेका हुन् । त्यस्तै, पूर्वएसएसपी विक्रमसिंह थापा कपिलवस्तु २ बाट प्रतिस्पर्धामा छन् । अघिल्लो चुनावमा उनले कांग्रेसबाट प्रदेश सभामा प्रतिस्पर्धा गरेका थिए ।

गुल्मी २ मा रास्वपाले पूर्वडिएसपी गोविन्द पन्थीलाई उम्मेदवार बनाएको छ । पन्थी एक वर्षअघि मात्र अवकाश पाएका अधिकृत हुन् । त्यस्तै, पूर्वनायब निरीक्षक शम्भु ढकाल (सुस्केरा) झापा ४ बाट उम्मेदवार बनेका छन् । सशस्त्र प्रहरीका पूर्वएआइजी ठाकुरमोहन श्रेष्ठ यसपटक राप्रपाको समानुपातिक सूचीमा छन् । अघिल्लो निर्वाचनमा उनले काठमाडौं ४ बाट चुनाव लडेका थिए ।

प्रमुख...

पृष्ठ १ बाट क्रमशः

दलहरूले ३३ प्रतिशत प्रतिनिधित्वको संवैधानिक बाध्यता पूरा गर्दै आएका छन् । विघटित प्रतिनिधिसभामा ठुलो दल कांग्रेसले मुलुकको १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता गराएको छ । तर, महिलाको संख्या जम्मा ११ रहेको छ । यो उसले उठाएको कुल उम्मेदवारको ६.६६ प्रतिशत हो ।

मंगलबार दर्ता भएको उम्मेदवारको सूचीअनुसार कांग्रेसले कोशी प्रदेशमा दुईजना महिला उठाएको छ । त्यस्तै, मधेशमा दुई, लुम्बिनीमा एक, कर्णालीमा एक र बागमतीमा पाँचजनालाई उठाएको छ । तर, गण्डकी र सुदूरपश्चिम प्रदेशमा कसैलाई पनि उम्मेदवार बनाएको छैन ।

कांग्रेस केन्द्रीय सदस्य प्रतिमा गौतमले कांग्रेसमा प्रत्यक्षतर्फ महिलालाई उम्मेदवारी दिने क्रम यसपटक बढेको, तर पर्याप्त नभएको बताइन् । 'विगतमा कांग्रेस कुनै न कुनै दलसँग गठबन्धन बनाएर चुनावमा जान्थ्यो । त्यसो हुँदा महिला उम्मेदवारको संख्या सधैँ कम हुन्थ्यो, तर यसपटक त्यस्तो भएन,' उनले भनिन्, 'त्यसो हुँदा विगतका तुलनामा महिला उम्मेदवारको संख्या बढेको छ । यो पर्याप्त भने होइन । संविधानमा महिलाको प्रतिनिधित्व ३३ प्रतिशत पुर्‍याउनुपर्ने भनेको छ । यसको पुर्ताल समानुपातिकबाट गरिन्छ । महिलाको प्रतिनिधित्व प्रत्यक्षमै किटान भएको भए यो समस्या हल हुने थियो कि ?'

यो समस्या अर्को पुरानो र ठुलो दल एमालेमा अझ धेरै देखिन्छ । मुलुकका सातमध्ये चार प्रदेशमा महिला उम्मेदवार बनाएको एमालेले तीनवटा प्रदेशमा कुनै पनि महिलालाई उम्मेदवार बनाएको छैन । उपलब्ध सूचीअनुसार एमालले कोशीमा तीन, मधेशमा दुई, गण्डकीमा तीन र लुम्बिनीमा दुई गरी जम्मा १० जना महिलालाई मात्रै उम्मेदवार बनाएको छ । यो उसको कुल उम्मेदवारको ६.०६ प्रतिशत हो । बाँकी रहेको बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशमा उसले उम्मेदवार नै बनाएको छैन ।

एमाले सचिव पद्मा अर्यालले कानुनले नै बाध्यात्मक अवस्था नबनाउँदा यस्तो समस्या आएको बताइन् । 'प्रतिनिधिसभामा कानुनले महिलाको प्रतिनिधित्व ३३ प्रतिशत भन्यो, तर प्रत्यक्षतर्फ बाध्य बनाएन । समानुपातिकबाट भए पनि ३३ प्रतिशत पुर्‍याउनुपर्ने भनेपछि सोहीअनुसार राजनीतिक दलको मानसिकता विकास भयो,' उनले भनिन्, 'महिलाका लागि प्रत्यक्षर्फतको सिट कानुनमै तोकिएको भए यस्तो समस्या आउँदैन थियो । दलहरूले जितिने ठाउँ खोजेर भए पनि महिला उम्मेदवार बनाउँथे, तर त्यस्तो हुन सकेन । त्यसैको परिणाम हो यो ।'

पुराना र नयाँ गरी १८ दलको संयोजनमा बनेको नेकपाले पनि प्रत्यक्षतर्फ महिला उम्मेदवार उठाउन कन्जुस्याइँ गरेको छ । यसले पनि मुलुकको १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएको छ । तर, महिलाको संख्या ११ मात्रै छ । यो यसले उठाएको कुल संख्याको ६.६६ प्रतिशत हो । उसले कोशीमा दुई, मधेशमा दुई, बागमतीमा चार, गण्डकीमा एक, लुम्बिनीमा एक र सुदूरपश्चिममा एक महिला उठाउँदा कर्णालीमा भने कुनै पनि महिलालाई टिकट दिएको छैन ।

नेकपाकी नेतृ पम्फा भुसालले जित सुनिश्चित हुने ठाउँमा दलका पुरुष नेता आफैँ उठ्न खोज्ने परिपाटीका कारण यस्तो भएको बताइन् । 'जित सुनिश्चित भएको ठाउँमा पुरुष नेताहरू आफैँ उठ्न खोज्छन् । बाँकी रहन्छ नजितिने ठाउँ । त्यस्तो ठाउँमा धेरै खर्च गर्नुपर्ने हुन्छ । महिला उम्मेदवारले खर्चको व्यवस्थापन नै गर्न नसक्ने उनीहरूको बुझाइ छ । त्यसो हुँदा महिला उम्मेदवार कम भएको देखिन्छ,' उनले भनिन्, 'यो मानसिकता बदल्न जरुरी छ । जहाँसम्म नेकपाको सवालमा छ । धेरै दलसँग मिल्दाको परिणाम पनि यस्तो हुन पुगेको हो ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पुराना दलको तुलनामा केही हदसम्म धेरै महिलालाई प्रत्यक्षतर्फ उठाएको छ । तर, यो संख्या पनि पर्याप्त भने होइन । रास्वपाले मुलुकभरका सबै निर्वाचन क्षेत्रमा उम्मेदवार उठाउँदा १७ महिलालाई मात्रै प्रत्यक्षतर्फको टिकट दिएको छ । यो उसले उठाएको कुल संख्याको १०.३० प्रतिशत हो । प्राप्त सूचीअनुसार उसले कोशीमा पाँच, मधेशमा तीन, बागमतीमा चार, गण्डकीमा एक, कर्णालीमा दुई, लुम्बिनीमा एक र सुदूरपश्चिममा एक गरी कुल १७ महिलालाई प्रत्यक्षतर्फको निर्वाचनमा उठाएको छ ।

रास्वपा केन्द्रीय सदस्य क्रान्तिशिखा धितालले पुराना दलको तुलनामा रास्वपाले प्रत्यक्षतर्फ महिला उम्मेदवार धेरै उठाएको बताइन् । 'रास्वपा पुरानाको मानसिकता भत्काउने उद्देश्यले स्थापित भएको दल हो । त्यसो हुँदा उसले महिलालाई प्रत्यक्षतर्फ उम्मेदवार नबनाउने कुरै भएन । मुलुकभर रास्वापले १७ महिलालाई प्रत्यक्षतर्फ उठाएको छ । अन्य दलको तुलनामा यो धेरै हो,' उनले भनिन् ।

अर्को पुरानो दल राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि यसपटक प्रत्यक्षतर्फको निर्वाचनमा महिला उम्मेदवार कम उठाएको छ । सबै निर्वाचन क्षेत्रमा उम्मेदवार उठएको उसले महिला उम्मेदवारलाई १० ठाउँमा मात्रै टिकट दिएको छ । यो कुल संख्याको ६.०६ प्रतिशत हो । यद्यपि, उसले पनि सुदूरपश्चिममा भने कुनै पनि महिलालाई टिकट दिएको छैन ।

कसले कहाँ कति महिला उठाए ?

क्षेत्र	कांग्रेस	एमाले	नेकपा	रास्वपा	राप्रपा
कोशी	२	३	२	५	१
मधेस	२	२	२	३	२
बागमती	५	०	४	४	३
गण्डकी	०	३	१	१	२
लुम्बिनी	१	२	१	१	१
कर्णाली	१	०	०	२	१
सुप	०	०	१	१	०
जम्मा	११	१०	११	१७	१०

के छ कानुन ?

नेपालको संविधान, २०७२ को धारा ८४ को उपधारा ८ मा प्रतिनिधिसभा र प्रदेश सभामा कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ । त्यसो हुँदा प्रत्येक दललाई सदनमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व पुर्‍याउनुपर्ने कानुनी बाध्यता छ । तर, कानुनले प्रत्यक्ष र समानुपातिकबाट गरिने प्रतिनिधित्वको सुनिश्चितता गरेको छैन । त्यसो हुँदा दलले महिलालाई प्रत्यक्षतर्फ कम टिकट दिन्छन् । त्यसको पुर्ताल समानुपातिकबाट गर्छन् । नेपालको संविधान, २०७२ को धारा ८४ (८) मा भनिएको छ, 'संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्नेछ । त्यसरी निर्वाचित गर्दा उपधारा (१) को खण्ड (क) र धारा ८६ को उपधारा (२) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरूमध्ये कुनै राजनीतिक दलको एकतिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले उपधारा (१) को खण्ड (ख) बमोजिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट संघीय संसद्मा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एकतिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्नेछ ।'

कुन दलको को महिला उम्मेदवार ?

कांग्रेस : ● झापा २ - सरिता प्रसाईं ● झापा ५ - मन्धरा चिमोरिया ● सिराहा ४ - चन्द्रकलाकुमारी यादव ● सिन्धुली २ - सुशीला थिङ ● मकवानपुर १ - महालक्ष्मी उपाध्याय 'डिना' ● काठमाडौं ८ - सपना राजभण्डारी ● काठमाडौं ९ - नानु बास्तोला ● चितवन २ - मीनाकुमारी खरेल ● रुकुम पूर्व - कुसुमदेवी थापामागर ● दैलेख १ - वासना थापा ● महोत्तरी २ - किरण यादव

नेकपा : ● झापा २ - धर्मशिला चापागाईँ ● संखुवासभा १ - सरिता खड्का थापा ● सुनसरी २ - रामकुमारी चौधरी ● रौतहट ३ - पुनम देवी ● काठमाडौं १ - मेनका भण्डारी ● काठमाडौं ५ - कल्पना शर्मा ● काभ्रे २ - वसुन्धरा हुमागाईं ● चितवन ३ - रेनु दाहाल ● मनाङ - यशोदा सुवेदी गुरुङ ● नवलपरासी पश्चिम - डा. सिन्धु जलेसा ● कञ्चनपुर १ - विना मगर

एमाले : ● रुपन्देही ४ - सुनिता ठटेर ● बर्दिया १ - विमला विक ● तनहुँ १ - भगवती न्यौपाने ● बागलुङ २ - मञ्जु शर्मा चालिसे ● मुस्ताङ - इन्द्रधारा विष्ट ● धनुषा ३ - जुली महतो ● बारा ३ - ज्वाला साह ● सुनसरी ३ - भगवती चौधरी ● सोलुखुम्बु - कल्पना राई ● ओखलढुंगा - अस्मिता थापा

रास्वपा : ● झापा १ - निशा डाँगी ● झापा २ - इन्दिरा रानामगर ● मोरङ ५ - आशा झा ● मोरङ ६ - रुबिना आचार्य ● सुनसरी १ - सरिन (गोमा) तामाङ ● ललितपुर ३ - तोसिमा कार्की ● चितवन ३ - सोविता गौतम ● धादिङ १ - आशिका तामाङ ● काठमाडौं १ - रञ्जु दर्शना ● कैलाली १ - कोमल ज्ञवाली ● रुपन्देही ४ - कनैया बनया ● सप्तरी १ - पुष्पा चौधरी ● माहोत्तरी ४ - गोरीकुमारी यादव ● सर्लाही १ - निमिता खत्री ● जुम्ला - विनिता कठायत ● हुम्ला - टासी ल्हाजोम ● कास्की ३ - विना गुरुङ

राप्रपा : ● इलाम - ज्वाला नेपाल दाहाल ● बारा १ - लक्ष्मी साह कलवार ● पर्सा २ - विना जैसवाल ● काठमाडौं २ - कुन्तीदेवी पोखरेल ● ललितपुर १ - सजिना कार्की ● चितवन २ - रिना गुरुङ ● नवलपरासी (पूर्व) २ - रुनकुमारी महतो ● मुस्ताङ - कमला लालचन ● रुपन्देही २ - कार्भिका थापा ● दैलेख २ - ववित शाही

३,४८४ उम्मेदवार...

पृष्ठ १ बाट क्रमशः

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले रुकुम पूर्वबाट स्वयं उपस्थित भई उम्मेदवारी दर्ता गराएका छन् । नेकपाका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले रौतहट १ बाट उम्मेदवारी दर्ता गरेका छन् । उक्त क्षेत्रमा एमालेका अजय गुप्ता र कांग्रेसका अनिल झा पनि उम्मेदवार बनेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले जिल्ला अदालत पर्सामा बयानका लागि उपस्थित हुनुपरेकाले चितवन २ बाट वारेसमार्फत उम्मेदवारी दर्ता गराएका छन् । रास्वपाले प्रधानमन्त्रीका रुपमा अघि सारेका बालेन शाहले झापा ५ बाट उम्मेदवारी दिएका छन् । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले झापा ३ बाट उम्मेदवारी दर्ता गराएका छन् । पूर्वप्रधानमन्त्री एवं प्रलोपा नेता डा. बाबुराम भट्टराईले गोरखा २ बाट उम्मेदवारी दिएका छन् । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सप्तरी ३ बाट उम्मेदवार बनेका छन् भने जनमत पार्टीका अध्यक्ष सिके राउत सप्तरी २ बाट उम्मेदवार बनेका छन् ।

चुनावअगाडि...

पृष्ठ १ बाट क्रमशः

एमाले नेता तथा पूर्वमन्त्री लीलानाथ श्रेष्ठले भने ।

ओखलढुंगामा एमालेबाट टिकटका लागि सिफारिसमा परेर टिकट नपाएका अमिरबाबु गुरुङ नेकपा प्रवेश गरेर उम्मेदवार बनेका छन् । एमालेले जेन-जी उमेर समूहकी महिलाबाट अस्मिता थापालाई उम्मेदवार बनाएपछि गुरुङ असन्तुष्ट थिए । जुनियरलाई उम्मेदवार बनाएर आफूलाई अपमान गरिएको भन्दै उनले पार्टीमा असन्तुष्टि राखेका थिए । उनी एमालेकै पूर्वप्रदेश सभा सांसद पनि हुन् ।

नेकपाका नेता तथा मधेश प्रदेश सांसद रहबर अन्सारीले पार्टी परित्याग गरी रास्वपा प्रवेश गरेका छन् । पार्टी अध्यक्ष प्रचण्डलाई राजीनामा बुझाएर रास्वपा प्रवेश गरेका उनलाई सो पार्टीले बारा ४ बाट उम्मेदवार बनाएको छ ।

उता, मधेश प्रदेशमा पूर्वमुख्यमन्त्री रहेका जनमत पार्टीका नेता सतिशकुमार सिंह, पूर्वमन्त्री एवं कांग्रेस नेता वीरेन्द्रकुमार कनौडिया, जसपा नेपालका नेता वीरेन्द्र महतो, जसपाकै महासचिव मोहम्मद इस्तियाक राई, नेता प्रदीप यादव, आम जनता पार्टीका उपाध्यक्ष किरण यादवले पनि दल परिवर्तन गरेर अर्को पार्टीबाट उम्मेदवार बनेका छन् । एमाले प्रवेश गरेर सिंह सप्तरी २ बाट उम्मेदवार बनेका छन् । त्यस्तै, एमाले प्रवेश गरेर कनौडिया कपिलवस्तु ३ बाट उम्मेदवार बनेका छन् । कनौडिया कांग्रेसबाट संसदीय दलका पूर्वनेतासमेत थिए । कनौडियाले नेपाली कांग्रेसको स्थानीय नेतृत्वसँगको असमझदारीका कारण पार्टी परित्याग गरेर एमाले प्रवेश गरेको बताएका छन् ।

यस्तै, जनता समाजवादी पार्टी नेपाल छाडेका वीरेन्द्र महतोले जनमत पार्टी सिराहा-४ बाट टिकट लिएका छन् । अमरेशकुमार सिंह रास्वपा प्रवेश गरेर पुरानै क्षेत्र सर्लाही ४ बाट उम्मेदवार बनेका छन् । ४ माघमा जनकपुरमा आयोजित रास्वपाको कार्यक्रममा पार्टी परिवर्तन गरी सिंह प्रवेश गरेका थिए । सिंहकै क्षेत्रमा कांग्रेस सभापति गगन थापा पनि उम्मेदवार छन् ।

यसबाहेक सद्भावना पार्टी अध्यक्ष अनिल झाले पार्टीलाई कांग्रेसमा विलय बनाउँदै रौतहट १ बाट उम्मेदवार बनेका छन् । ०४८ पछि चारपटक संसदीय चुनाव जितेका ब्रजेशकुमार गुप्ता २२ पुसमा एमाले छाडेर नेकपा प्रवेश गरेका छन् । एमाले सांसदसमेत रहेका गुप्तालाई नेकपाले कपिलवस्तु २ बाट उम्मेदवार बनाएको छ । तमलोपा छाडेर ०७० र ०७४ मा एमालेबाट चुनाव जितेका उनी ०७९ मा भने पराजित भएका थिए । उता, बैतडीका कांग्रेस नेता तेज चन्दले पार्टी परित्याग गरेर स्वतन्त्र उम्मेदवारका रूपमा उम्मेदवारी दर्ता गराएका छन् ।

त्यस्तै, कांग्रेस नेता तथा गण्डकी प्रदेशका पूर्वमन्त्री कुमार खड्का रास्वपा प्रवेश गरेका छन् । दमकका कांग्रेस सभापति प्रकाश प्रसाईं रास्वपा प्रवेश गरेका छन् । त्यस्तै, जाजरकोटमा शक्ति बस्नेतलाई पटक-पटक टिकट दिइएकोमा असन्तुष्टि जनाउँदै नेकपाका केन्द्रीय सदस्य गणेशप्रसाद सिंहले पार्टी परित्याग गरेका छन् ।

रास्वपाका तत्कालीन प्रमुख सचेतक सन्तोष परियार करिब डेढ महिनाअघि पार्टी परित्याग गरेर प्रगतिशील लोकतान्त्रिक पार्टी(प्रलोपा) निर्माणमा सक्रिय भए । सो पार्टीको अध्यक्षमण्डलमा रहेका परियार समानुपातिकबाट अग्रपंक्तिमा उम्मेदवार छन् । त्यही पार्टीबाट डा. बाबुराम भट्टराई र जनार्दन शर्मालगायत भने प्रत्यक्षतर्फ उम्मेदवार छन् ।

यी नेता, जो यो चुनावमा देखिनेछैनन्

कांग्रेस, एमाले र नेकपाका शीर्ष नेतामध्ये कतिपयले यसपटक टिकट पाएनन्, कतिपय आफैं प्रतिस्पर्धामा उत्रिन चाहेनन्

पर्शुराम काफ्ले/नयाँ पत्रिका

कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र नेपाली कम्युनिस्ट पार्टी नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनाल यस वर्ष प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार भएनन्। सोमबार अबेरसम्म निर्वाचन लड्ने मनसाय राखेर उम्मेदवार बन्ने प्रतीक्षा गरिरहेका देउवाले टिकट पाएनन्। कांग्रेस, एमाले र नेकपाका शीर्ष नेतामध्ये कतिपयले यसपटक टिकट पाएनन् भने कतिपय आफैं प्रतिस्पर्धामा उत्रिन चाहेनन्।

कांग्रेस पूर्वसभापति देउवा सोमबार रातिसम्म टिकटका सम्बन्धमा पार्टी सभापति गगन थापासँग आफूनिकटस्थ नेताहरूमार्फत सम्पर्कमा थिए। उनलाई निर्वाचन नलड्न सभापति थापाले सन्देश पठाइरहेका थिए, निर्वाचन लड्ने हो भने केही सर्तहरू मान्नुपर्ने सभापति थापाको सन्देश थियो। तर, सोमबार मध्यरातसम्म सहमति हुन नसकेपछि देउवाले टिकट नपाउने निश्चित भयो। त्यससँगै देउवाका स्वकीय सचिव भानु देउवाले पत्रकारहरूलाई पठाएको सन्देशमा देउवाले निर्वाचन नलड्ने जानकारी थियो।

'शेरबहादुर दाइले अन्तिमपटकका लागि डडेल्धुराबाट चुनाव लड्न चाहनुभएको थियो। तर, पार्टी सभापतिका तर्फबाट राखिएको सर्त स्वीकार गर्नुभएन र राति मात्रै चुनावमा भाग नलिने निष्कर्षमा पुग्नुभयो,' उनीनिकटका एक कांग्रेस नेताले नयाँ पत्रिकासँग भने।

निर्वाचन आयोगले विशेष महाविधेशनबाट निर्वाचित कांग्रेस सभापति थापालाई सभापति स्वीकार गरेपछि त्यसको विरोधमा देउवा र निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए। मंगलबार सुनुवाइमा आयोगको निर्णयविरुद्ध सर्वोच्चले अन्तरिम आदेश जारी गरेन। देउवालाई टिकट प्राप्तिका लागि सभापति थापाले राखेको सर्त थियो- आइतबार सर्वोच्चमा दायर गरेको रिट फिर्ता गर्नुपर्ने। 'यो सर्त स्वीकार नगरेमा निर्वाचनपछि संसदीय दलमा चुनाव नलड्ने प्रतिबद्धता उहाँले गर्नुपर्छ भन्ने थियो। किनभने समानुपातिकमा उहाँका पक्षधर नेताहरू अधिकांश छन्, पछि अप्ठेरो हुन्छ भन्ने संस्थापन पक्षको आशंका थियो,' कांग्रेस स्रोतले भन्यो, 'मुद्दा फिर्ताका लागि देउवाको सकारात्मक सन्देश आएको थियो। तर, उहाँ दबाबमा पर्नुभएछ र अन्तिममा सर्सर्त चुनावमा जान तयार हुनुभएन। हामीले उहाँ निकटका नैनसिंह महरलाई टिकट दिने तय गर्‍यौं। उहाँले चुनाव नलड्ने घोषणा गर्नुभयो।' देउवाले डडेल्धुरामा टिकटबारे थापालाई भनेका थिएनन्। देउवानिकटस्थ एक पूर्वपदाधिकारीले भने, 'सभापति थापाले आफ्नै विवेकका आधारमा डडेल्धुरामा नैनसिंह महरलाई टिकट दिनुभएको हो।'



पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काप्रति संस्थापन पक्ष नरम थियो। खड्कालाई चुनाव लड्न सभापति थापा र उपसभापति विश्वप्रकाश शर्माले फोनमा अनुरोध गरेका थिए, तर खड्काले स्वीकार गरेनन्। 'उहाँहरूले फोन गरेर उम्मेदवारी दिन अनुरोध गर्नुभयो, तर पूर्णबहादुर दाइले आफैंले मुद्दा दायर गरेका कारण नैतिक रूपमा सभापति थापाको हस्ताक्षर भएको टिकट लिएर चुनावमा जान नसक्ने जवाफ दिनुभयो,' उनीनिकट नेताले भने। खड्काले सोमबार अपराह्न यसपटक उम्मेदवारी नदिने र मुद्दा फिर्ता पनि नगर्ने सार्वजनिक गरेका थिए।

यसअघि झापा १ बाट निर्वाचित कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले यसपटक निर्वाचन नलड्ने र नयाँ उम्मेदवारलाई ठाउँ दिने पहिले नै घोषणा गरिसकेका थिए। पूर्वउपसभापति सभापति धनराज गुरुङ, पूर्वउपसभापति प्रकाशमान सिंह, गोपालमान श्रेष्ठ, पूर्वमहामन्त्री डा. शशांक कटोइरालाले टिकट मागेनन्। राष्ट्रिय सभा सदस्य कृष्णप्रसाद सिटौलाप्रति संस्थापन पक्ष सकारात्मक थिएन, तर कोइराला र सिंहप्रति सकारात्मक थियो। विशेष महाधिवेशनप्रति देउवालाई नकारात्मक बनाउनेमध्येका प्रमुख पात्र सिटौला रहेको संस्थापन पक्षको बुझाइ छ।

'उहाँहरूले टिकटका लागि अनुरोध गर्नुभएन, अनुरोध गर्नुभएको भए विचार गर्न सकिने अवस्था हुन्थ्यो,' संस्थापननिकट एक पदाधिकारीले भने। तर, केही नेतालाई टिकट नदिनेमा संस्थापन पक्ष पहिल्यै तयार थियो। 'पूर्वमन्त्री रमेश लेखक, बालकृष्ण खाण, दीपक खड्का, मोहनबहादुर बस्नेत, डा. आरजु राणा देउवालाई हामी कुनै पनि हालतमा टिकट दिने पक्षमा थिएनौं। हुन त डा. प्रकाशशरण महत, विमलेन्द्र निधिप्रति पनि सभापति सुरुमा सकारात्मक हुनुहुन्थेन, तर उतैबाट अनुरोध आएपछि उहाँहरूले टिकट दिनुभएको हो,' संस्थापनपक्षीय एक नेताले भने।

कांग्रेसका पूर्वपदाधिकारी बद्री पाण्डेले निर्वाचन नलड्ने घोषणा गरिसकेका थिए। उनीसँगै नेताहरू मीन विश्वकर्मा, बलबहादुर केसी, रामनाथ अधिकारी, राजेन्द्रकुमार केसी, हृदयराम थानी, जिपछिरिङ लामा, दिलेन्द्रप्राद बडू, डा. नारायण खड्का, मानबहादुर विश्वकर्मालगायतले पनि चुनाव लड्ने चाहना राखेनन्। सुदूरपश्चिम कांग्रेस प्रदेश सभापति वीरबहादुर बलायरले टिकट पाए पनि उम्मेदवार बन्न अस्वीकार गरे। उनको क्षेत्रमा हरि बोहरालाई टिक दिइएको छ।

■ एमालेमा यी नेता बाहिर

एमाले उपमहासचिव योगेश भट्टराई, नेता गोकुल बाँस्कोटा, कर्णबहादुर थापा, कृष्णगोपाल श्रेष्ठ, विष्णु रिजाल, रचना खड्कालगायतले यसपटक टिकट पाएनन्। उनीहरूले एमाले महाधिवेशनमा अध्यक्ष केपी ओलीइतरमा निर्वाचन लडेका कारण ओलीले प्रतिशोधका रूपमा टिकट दिएनन्। भट्टराईले ताप्लेजुङ र बाँस्कोटाले काभ्रे २ बाट टिकट पाएनन्। ओलीले ताप्लेजुङमा युवा संघका अध्यक्ष क्षितिज थेबे र काभ्रे २ मा अशोक ब्याञ्जूलाई टिकट दिएका छन्।

एमाले पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेले चुनाव नलड्ने घोषणा गरेका थिए। पूर्वउपाध्यक्ष युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्यले पहिले नै चुनावी प्रतिस्पर्धाबाट अलग्गिने घोषणा गरेका थिए। उनीहरू पार्टीभित्र पनि चुनावी प्रतिस्पर्धामा रहेनन्। ओलीका पक्षमा निरन्तर पैरवी गर्दै आएका नेता विष्णु रिजालले दैलेख २ बाट टिकट पाएनन्।

■ नेकपामा खनाल, गौतमदेखि गजुरेलसम्म बाहिर

नेकपा नेता झलनाथ खनालले चुनाव लड्ने इच्छा गरेनन्। विगतमा इलाम २ बाट चुनाव लडेका खनाल यसपटक प्रतिस्पर्धामा सहभागी हुन चाहेनन्। अर्का नेता वामदेव गौतमले प्युठानबाट चुनाव लड्न चाहेका थिए, तर उनले टिकट पाएनन्। उनलाई नेकपाले बर्दिया १ मा टिकट दिएको थियो। तर, पार्टीले अरूलाई नै दिएपछि गौतमले चुनाव नलड्ने निर्णय लिए। नेकपा नेताहरू हरिबोल गजुरेल, प्रकाश ज्वाला, देव गुरुङ, गंगालाल तुलाधरले टिकट पाएनन्। गुरुङले श्रीमती यशोदा सुवेदीलाई मनाङबाट उम्मेदवार बनाए। नेतृ पम्फा भुसाल, पूर्वसभामुख अग्नि सापकोटा, कृष्णबहादुर महराले चुनाव लड्ने चाहना राखेनन्।

यसैगरी, नेकपा (माओवादी) का महासचिव नेत्रविक्रम चन्द विप्लवले रोल्पाबाट चुनाव लड्ने चर्चा थियो, तर उनले अन्तिम समयमा उम्मेदवारी दिएनन्। राप्रपा नेताहरू पशुपतिशमशेर राणा, डा. प्रकाशचन्द्र लोहनी, विक्रम पाण्डे, डा. धवलशमशेर राणा, बुद्धिमान तामाङले पनि यसपटक निर्वाचनमा उम्मेदवारी दिएनन्।

लामिछानेसँग एक करोड धरौटी माग

वीरगन्ज/ पर्सा जिल्ला अदालतले सानो पाइला बचत तथा ऋण सहकारी संस्थाको सहकारी रकम अपचलन मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग एक करोड रुपैयाँ धरौटी माग गरेको छ। मंगलबार जिल्ला अदालतका न्यायाधीश रुद्र सुवेदीको इजलासले थुनछेक बहसपछि धरौटी माग गरेको थियो। सानो पाइला सहकारीको पैसा गोर्खा मिडियामा गएको आधारमा लामिछानेलाई पनि सो मुद्दामा प्रतिवादी बनाइएको थियो। जुन मुद्दामा उनीसँग एक करोड धरौटी माग भएको थियो। धरौटी रकम बुझाएर लामिछाने मंगलबार नै रिहा भएको तहसिलदार देवराज भट्टराईले जानकारी दिए। जिल्ला सरकारी वकिलको कार्यालय, पर्साले ११ करोड ५६ लाख ९४ हजार रुपैयाँ बिगो मागदाबीसहित ३९ जेठमा सहकारी ठगी तथा संगठित अपराध मुद्दाको अभियोगपत्र जिल्ला अदालतमा दर्ता गरेको थियो। उनीमाथि संगठित अपराध निवारण ऐन, २०७० को दफा ९ को खण्ड (क) र (ग) बमोजिम थप सजायसमेत माग गरिएको छ।

ट्र्याक्टर दुर्घटनामा दुईको मृत्यु

कास्की/ स्याङ्जामा मंगलबार ट्र्याक्टर दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ। अन्य चारजना घाइते भएका छन्। जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रसन्नराज चौधरीका अनुसार मंगलबार दिउँसो अन्दाजी १४:२० बजे स्याङ्जाको वालिङ नगरपालिका- ७ धोडेपानीस्थित वालिङ चापाकोट पक्की सडकखण्डमा ढुंगा लिई चापाकोटतर्फ जाँदै गरेको ट्र्याक्टर दुर्घटनामा परेको हो। लु.३त ५१७३ नम्बरको ट्र्याक्टर आफैं अनियन्त्रित भई सडकदेखि करिब १० मिटर तल खोल्सामा खसेको चौधरीले बताए। ट्र्याक्टरमा चालकसहित ६ जना सवार रहेकोमा दुईजनाको मृत्यु र चारजना घाइते भएका उनले बताए। मृत्यु हुनेमा वालिङ- ७ केवरेका डोलराज कोइराला र कैलालीको टीकापुर नगरपालिका- ७ का राजकुमार चौधरी छन्। घाइते हुनेमा ट्र्याक्टरचालक लालबहादुर सुनार, श्याम चौधरी, लक्ष्मण चौधरी र हुकुमबहादुर दर्लामी मगर छन्।

■ कांग्रेस आधिकारिकता विवादमा सर्वोच्च

गगनलाई सभापतिको मान्यता, १५ दिनभित्र अन्तिम फैसला

शिल्पा कर्ण/नयाँ पत्रिका

नेपाली कांग्रेसको आधिकारिकता विवादसम्बन्धी रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। थापालाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णयविरुद्ध शेरबहादुर देउवालगायत नेताले दिएको रिटमा सर्वोच्चले मंगलबार प्रारम्भिक सुनुवाइ गर्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको हो। यससँगै रिटमा अन्तिम फैसला नभएसम्म गगन थापालाई नै पार्टी सभापति भएर काम गर्न बाटो खुलेको छ।

निर्वाचन आयोगले यसअघि विशेष महाधिवेशनबाट छानिएको कार्यसमितिलाई नै मान्यता दिएको छ। सोही निर्णयअनुसार थापाले एक ६५ क्षेत्रकै टिकट बाँडिसकेका छन्। पार्टीका सबै पक्षलाई समेटेर थापाले टिकट बाँडेका छन्। सोमबार मात्र कांग्रेस नेताहरूबिच थापाको हस्ताक्षरमा प्रतिनिधिसभाका प्रत्यक्षतर्फका टिकट बाँड्ने र सर्वोच्चको फैसलालाई दुवै पक्षले स्वीकार गर्ने सहमति भएको थियो।

रिटमा १५ दिनभित्र अन्तिम सुनुवाइ गर्ने गरी पेस गर्न आदेश भएको छ। थापा नेतृत्वको कांग्रेसलाई मान्यता दिने निर्णयविरुद्ध निर्वाचन आयोगसमेतलाई विपक्षी बनाई रिट दर्ता भएकोमा अदालतले लिखित जवाफ दिनुपर्ने अन्तिम मितिले १५ दिनभित्र निवेदनलाई अन्तिम सुनुवाइका निम्ति पेस गर्ने गरी अग्राधिकार दिएको आदेशमा छ।



जटिल एवं गम्भीर कानुनी तथा संवैधानिक प्रश्न समावेश रहेकाले शीघ्र निरूपण हुनुपर्ने न्यायाधीश सुनीलकुमार पोखरेलको इजलासद्वारा जारी आदेशमा उल्लेख गरेको छ। कांग्रेसको विशेष महाधिवेशनबाट थापा सभापति तथा अन्य कार्यसमितिका सदस्यसमेत चयन भएपछि देउवा पक्ष अदालत पुगेको थियो।

रिटमा सर्वोच्चले ६ बुँदामा प्रश्न उठाएको छ। आदेशमा छ, 'कुनै एक राजनीतिक दल (नेपाली कांग्रेस)को पदाधिकारीको आधिकारिकताको विवादका कारणले प्रतिनिधिसभाको निर्वाचनका लागि प्रारम्भ भइसकेको निर्वाचनसम्बन्धी प्रक्रियाहरू रोक्नका लागि आदेश जारी गर्न मिल्ने हो-होइन ?'

संविधानको धारा २६९ (४) (क)को व्यवस्थाले निर्दिष्ट गरेको मार्ग निर्देशनसमेतलाई मध्यनजर गरी आयोगले थापा नेतृत्वको कांग्रेसलाई दिएको वैधता राजनीतिक दलसम्बन्धी ऐनका कानुनी व्यवस्थाअनुसार हो वा होइन भन्ने विषय अदालतले अन्तिम सुनुवाइका बखत टुंग्याउने गरी तत्काल अन्तरिम आदेश दिन अस्वीकार गरेको हो।

'...निर्णयहरूलाई यस अदालतले आफ्नो असाधारण अधिकार क्षेत्रको प्रयोगमार्फत के कुन हदसम्म हस्तक्षेप गर्न मिल्ने हो ? भन्नेजस्ता जटिल राजनीति सम्बद्ध संवैधानिक प्रश्नहरूको निरूपण प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाइ हुँदाका बखत सम्बोधन हुने प्रकृतिको देखिँदा हाल मागबमोजिम अन्तरिम आदेश जारी गरिरहनुपरेन,' आदेशमा छ।

कांग्रेसको विधानबमोजिम नै ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले माग गरेपछि तीन महिनाभित्र बोलाउनुपर्ने महाधिवेशन नबोलाएपछि महामन्त्रीहरूले बोलाएको विशेष महाधिवेशन विधानसम्मत भए-नभएको तथा वैधता प्राप्त गर्न सक्ने हो वा नसक्ने हो यो विषय पनि अन्तिम सुनुवाइमा किनारा लगाउने गरी आदेश भएको छ। 'पार्टीको महामन्त्रीले विशेष महाधिवेशन बोलाउने प्रक्रियामा वैधानिकताको प्रश्न भए तापनि सोही प्रक्रियाबाट सम्पन्न भइसकेको विशेष महाधिवेशनले गरेका निर्णयहरू राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम अद्यावधिक गर्न मिल्ने कि नमिल्ने के हो ?' अदालतले निरूपण गर्नुपर्ने प्रश्न आदेशमा उल्लेख गरेको छ।

देउवाको नेतृत्वमा चारवर्षे कार्यकाल सम्पन्न भई विशेष कारणवश भन्दै एक वर्ष कार्यकाल थप भएका देउवासमेतका पदाधिकारीले सोही समय चयन भएका महाधिवेशन प्रतिनिधिहरूकै बहुमतको निर्णयलाई चुनौती दिन मिल्ने वा नमिल्ने हो भन्ने विषय पनि अन्तिम सुनुवाइमा अदालतले टुंग्याउने भएको छ।

देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्काले आइतबार आयोगको निर्णय खारेज हुनुपर्ने मागसहित रिट दर्ता गराएका थिए।

निर्वाचन प्रयोजनका लागि भारतले दियो सवारीसाधन



काठमाडौं/ २१ फागुनको प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि भारत सरकारले नेपाललाई पहिलो खेपमा ६० भन्दा बढी डबल क्याब पिकअप सवारीसाधन दिएको छ। मंगलबार गृह मन्त्रालयमा आयोजित समारोहमा कार्यवाहक भारतीय राजदूत डा. राकेश पाण्डेले गृहमन्त्री ओमप्रकाश अर्याललाई सवारीसाधन हस्तान्तरण गरेका हुन्।

नेपाल सरकारलाई पहिलो हिस्साका रूपमा सवारीसाधन दिइएको र सवारीसाधन आउने क्रममा रहेको भारतीय दूतावासले जनाएको छ। मंगलबार पिकअप सवारीसाधन र अन्य सामग्री पनि गृह मन्त्रालयले प्राप्त गरेको छ। गृहमन्त्री अर्याललले उपहारस्वरूप प्राप्त सवारीसाधन तथा सामग्रीका लागि भारत सरकारप्रति धन्यवाद व्यक्त गर्दै सम्बन्ध थप सुदृढ हुने विश्वास व्यक्त गरे। नेपाल सरकारको अनुरोधमा भारतले ०६५ देखि नेपाललाई निर्वाचनसम्बन्धी सहयोग उपलब्ध गराउँदै आएको छ। भारतले हालसम्म निर्वाचन आयोगलगायत नेपालका विभिन्न मन्त्रालय र विभागका लागि उपहारस्वरूप लगभग २४ सय सवारीसाधन उपलब्ध गराइसकेको छ। आगामी निर्वाचनका लागि भारतले करिब ६५० सवारीसाधन उपलब्ध गराउन लागेको छ।

एक करोड १५ लाख मतपत्र छापिए, अझै तीन करोड ८६ हजार बाँकी

शिवहरि घिमिरे/नयाँ पत्रिका

आगामी प्रतिनिधिसभा निर्वाचनका लागि हालसम्म एक करोड १५ लाख ६४ हजार मतपत्र छापिएको छ। निर्वाचनका लागि कुल चार करोड २० लाख ५० हजार मतपत्र आवश्यक पर्ने निर्वाचन आयोगले जनाएको छ। बाँकी तीन करोड ८६ हजार मतपत्र अझै छाप्न बाँकी छ।

२५ पुसदेखि भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले मतपत्र छपाइ सुरु गरेको हो। केन्द्रले पहिलो चरणमा समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्र छापिरहेको छ। हाल दैनिक १३ लाखका दरले मतपत्र छापिँदै आएको केन्द्रले जनाएको छ।

आगामी निर्वाचनका लागि समानुपातिकतर्फ मात्रै दुई करोड १० लाख ५० हजार मतपत्र आवश्यक पर्छ। तीमध्ये हालसम्म एक करोड १५ लाख ६४ हजार मतपत्र छापिएको केन्द्रका प्रवक्ता रामबहादुर कुँवरले बताए। उनका अनुसार समानुपातिकतर्फ मात्रै अझै ९४ लाख ८६ हजार मतपत्र छाप्न बाँकी छ। मतपत्रको अभाव नहोस् भन्ने उद्देश्यले केही बढी संख्यामा पनि मतपत्र छापिनेछ।

निर्वाचन आयोगले समानुपातिकतर्फको मतपत्र छपाइका लागि ९ माघसम्मको समयसीमा दिएको छ। तर, उक्त मितिभित्र छपाइ सम्पन्न गर्न चुनौतीपूर्ण हुने केन्द्रको भनाइ छ। छपाइपछि प्याकिङ गर्नसमेत समय लाग्ने भएकाले १० माघसम्ममा प्याकिङ सकिने अनुमान गरिएको छ। हाल समानुपातिकतर्फको मत दैनिक १३ लाख पत्र छापिने गरेको छ। केन्द्रले त्यसको लागि पाँचवटा छापाखाना सञ्चालन गरिरहेको छ।



९ माघसम्म छापिए पनि पूर्ण प्याकिङका लागि कम्तीमा एक दिन आवश्यक पर्ने प्रवक्ता कुँवरले बताए। 'मतपत्र छपाइको काम तीव्र गतिमा भइरहेको छ। हाल २५० कर्मचारी खटिएका छन् र दैनिक १३ लाख मतपत्र छापिँदै छ,' प्रवक्ता कुँवरले भने, 'छापिएका मतपत्र प्याकिङ गरेर सुरक्षित रूपमा भण्डारण गरिरहेका छौं। समयमै छपाइ सम्पन्न हुन्छ भन्ने विश्वास छ।'

■ ११ माघदेखि बल्ल प्रत्यक्षतर्फको मतपत्र छपाइ हुने

समानुपातिकतर्फको छपाइ सकिएपछि मात्रै प्रत्यक्षतर्फको छपाइ सुरु गरिनेछ। प्रवक्ता कुँवरका अनुसार प्रत्यक्षतर्फको मतपत्र छाप्न १२ दिनसम्म समय लाग्छ। मतपत्र छपाइको काम २३ माघसम्म सकिने केन्द्रको आकलन छ। त्यसपछि प्याकिङ गरेर दुवानी थालिनेछ। मतपत्र छाप्नका लागि करिब पाँच करोडप्रति कागज निर्वाचन आयोगले खरिद गरेर केन्द्रलाई दिइसकेको छ।

■ मतपत्र छपाइमा करिब २२ करोड खर्च

हालसम्म मतपत्र छपाइमा कति खर्च भइसकेको भन्ने यकिन विवरण तयार भइसकेको छैन। कागज निर्वाचन आयोगले नै खरिद गरिदिएकाले केन्द्रलाई छपाइ र प्याकिङ खर्च मात्र भुक्तानी गरिनेछ। समानुपातिक र प्रत्यक्ष दुवै प्रणालीका मतपत्र छपाइ तथा प्याकिङमा करिब २२ करोड रुपैयाँ खर्च हुने अनुमान छ।

छपाइ सम्पन्न भएपछि केन्द्र र आयोगबिच दररेट कायम गरी भुक्तानी प्रक्रिया अघि बढाइनेछ। ०७९ सालको निर्वाचनमा करिब ४४ करोड ५० लाख रुपैयाँ खर्च भएको थियो। त्यसवेला करिब आठ करोड मतपत्र छापिएका थिए। यसपटक प्रदेश सभा निर्वाचनका मतपत्र छाप्न नपर्ने भएकाले खर्च र मतपत्र दुवै कम भएको हो।

■ दुई प्रकार, दुई रंगका मतपत्र

निर्वाचनका लागि समानुपातिक र प्रत्यक्षतर्फ गरी दुई प्रकारका मतपत्र छापिँदै छन्। समानुपातिकतर्फको मतपत्र देशभर एउटै प्रकारको हुनेछ भने प्रत्यक्षतर्फको मतपत्र निर्वाचन क्षेत्रअनुसार फरक-फरक हुनेछन्। उम्मेदवारको संख्याका आधारमा कतिपय ठाउँमा मतपत्रको आकार ठुलो र कतिपयमा सानो हुनेछ। निर्वाचन आयोगले समानुपातिकतर्फको मतपत्र सेतो कागजमा कालो मसीको चिह्न प्रयोग गरी डिजाइन गरेको छ। प्रत्यक्षतर्फ भने सेतो कागजमा रातो मसीको चिह्न रहनेछ। मनोनयन प्रक्रिया सकिएपछि आयोगले प्रत्यक्षतर्फको मतपत्र डिजाइन गर्नेछ। डिजाइन प्राप्त भएपछि जनक शिक्षाले छपाइ सुरु गर्नेछ।

■ यसरी हुन्छ मतपत्र दुवानी

मतपत्र दुवानीको सम्पूर्ण जिम्मेवारी निर्वाचन आयोगकै हुनेछ। आयोगले दुवानीको कार्यतालिका बनाएर केन्द्रलाई सोहीअनुसार मतपत्र प्याकिङ गर्न निर्देशन दिनेछ। प्याकिङ सकिएपछि आयोगका कर्मचारी र सुरक्षाकर्मीले मतपत्र जिल्लास्थित निर्वाचन कार्यालयहरूमा पुऱ्याउनेछन्। निर्वाचनको दिन बिहानै ती मतपत्र मतदानस्थलमा पठाइने व्यवस्था मिलाइनेछ।

'दुवानीको तालिका आयोगले बनाउँछ, हामीले त्यसअनुसार प्याकिङ गर्छौं,' प्रवक्ता कुँवरले भने, 'मतपत्र आयोगको टोली र सुरक्षाकर्मीले जिल्ला निर्वाचन कार्यालयसम्म पुऱ्याउँछन्, त्यहाँबाट मतदानस्थलमा सुरक्षित रूपमा पठाइन्छ।'

उनका अनुसार २३ माघसम्म छपाइ सकिएमा २७ वा २८ माघदेखि दुवानी सुरु हुन सक्छ। तर, उपत्यकाबाहिर समयअगावै मतपत्र पठाउँदा सुरक्षा जोखिम हुन सक्ने भएकाले आयोगले सकेसम्म निर्वाचन नजिकै दुवानी गर्ने तयारी गरेको छ।

जेन–जी आन्दोलन र राष्ट्रियतामाथिको प्रश्न

आफैंलाई रूपान्तरण गरेर सिंगो नेपाली समाज बदल्ने नयाँ तरिका अपनाउन सकिएन भने स्थिति हाम्रो नियन्त्रणबाहिर जान सक्छ



● युवराज ज्ञवाली

अग्रलेख

नेपाली समाजमा तीव्र रूपमा जनतामा बढ्दो भौतिक तथा सांस्कृतिक आवश्यकता र विद्यमान पछौटे उत्पादन प्रणालीबिच गहन अन्तर्विरोध जारी छ। अहिले पनि नेपाली अर्थतन्त्रमा दलाल तथा नोकरशाही पुँजीवादको नियन्त्रण कायमै छ। बहुदलीय व्यवस्था र लोकतान्त्रिक गणतन्त्रको प्राप्तिपछि राजनीतिक रूपमा अत्यन्त ठुलो उपलब्धि क्रान्ति नै भएको छ। जनता सार्वभौम भएका छन्। जनताले आफ्नो र देशको भविष्य निर्धारण गर्ने अधिकार पाएका छन्। तर, त्यो अधिकारलाई उनीहरूले कसरी प्रयोग गर्छन्, त्यसैमा देशको भविष्य निर्भर छ। विभिन्न विकास निर्माणका क्षेत्रमा पनि महत्त्वपूर्ण परिवर्तन भएका छन्। तर, तिनले जनताको बढ्दो भौतिक आवश्यकता र इच्छालाई सम्बोधन गर्न सकेका छैनन्। अहिले पनि बीस प्रतिशतको सेरोफेरोमा गरिबी कायम छ, बेरोजगारी तीव्र रूपमा बढेको छ। भ्रष्टाचार चर्कैदै गएको छ। वैदेशिक ऋण निरन्तर बढेको छ। आर्थिक असमानता गहिरिँदो छ। व्यापार सन्तुलन बिग्रेकै छ। मुलुक राजनीतिक अस्थिरताको दुश्चक्रमा फसेको छ।

यस्ता अनेकौं कारणले नेपाली समाजमा पछिल्लो कालसम्म आइपुग्दा असन्तुष्टि बढ्दो अवस्थामा थियो। २३ भदौअघि बनेको एमाले र कांग्रेसको गठबन्धन सरकारबाट जनतामा ठुलो अपेक्षा थियो। तर, अपेक्षाअनुसार काम भएन। त्यसले, उल्टै निराशाको स्थिति सिर्जना गऱ्यो।

समाजमा विद्यमान यिनै निराशा, असन्तुष्टि र आक्रोशलाई विभिन्न बाह्य शक्ति र देशभित्रका प्रतिगामी र लोकप्रियतावादी शक्तिले आफ्नो राजनीतिक स्वार्थको पक्षमा परिचालित गर्ने हरसम्भव प्रयास गरिरहेका थिए। उनीहरूले सरकारले गरेका कतिपय कमजोरी र नेतृत्व तहबाट अभिव्यक्त कतिपय विषयलाई सामाजिक सञ्जालमार्फत अतिरञ्जित तरिकाले व्यापक रूपमा प्रचार-प्रसार गर्दै थिए। कतिपय विपक्षी नेता, नागरिक समाजका व्यक्तित्व, बुद्धिजीवी र लेखकले नेपालमा बंगलादेश र श्रीलंकाको जस्तो घटना हुन सक्छ भन्दै खबरदारी गरिरहेका थिए। देशका महत्त्वपूर्ण सञ्चार माध्यममा यस्तै चर्चा-परिचर्चा चलिरहेका थिए। कांग्रेस-एमालेसहितका दलको दुईतिहाइको सरकार भए पनि कांग्रेस र अन्य दलभित्रैबाट पटक-पटक सरकारका काम-कारबाहीप्रति असन्तुष्टिका स्वर बढ्दै थिए। सरकारको नेतृत्व गरिरहेको एमालेको पार्टी पंक्तिबाट असन्तुष्टि र विरोध व्यक्त नभए पनि केही सीमित नेता-कार्यकर्ताबाहेक निकै ठुलो पंक्ति प्रतिक्रियाविहीन अवस्थामा थियो। यो वेला अन्तर्राष्ट्रिय मित्रशक्तिसँगको सम्बन्धमा पनि उचित र सन्तुलित किसिमको कूटनीतिक सम्बन्ध कायम हुन नसकेको विषय पनि विभिन्न विद्वान् र कूटनीतिज्ञले व्यक्त गरिरहेका थिए। पछिल्लोपटक सरकार र त्यसको मुख्य नेतृत्वविरुद्ध सामाजिक सञ्जालमा गरिएको व्यापक प्रचार-प्रसारको विषय शंका उत्पन्न गर्ने खालको थियो। ठिक त्यसैवेला सरकारले राम्रै मनसायले नै किन नहोस्, केही सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगायो।

जेन-जी युवाको मात्र होइन, आमनेपाली जनताको दैनिक आवश्यकता मात्र होइन, आदतका रूपमा समेत स्थापित सामाजिक सञ्जालमाथिको प्रतिबन्धले जनतामा एकैचोटि व्यापक असन्तुष्टि र विरोधको आवाज डढेलोसरी फैलियो। २३ भदौमा जेन-जी युवाले सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउने र भ्रष्टाचार अन्त्यसँगै सुशासनको प्रत्याभूतिको विषय शान्तिपूर्ण रूपमा अघि बढाउनु उचित मात्र होइन, आवश्यक पनि थियो। तर, उनीहरूको आन्दोलनका नाममा गलत तत्त्वले देश बर्बाद पार्ने योजना सफल पारे।

प्रायः सबैजसो मुलुकमा क्रान्ति र प्रतिक्रान्तिका शक्ति निरन्तर क्रियाशील रहेका हुन्छन्। यसलाई अग्रगामी र पश्चगामी तत्त्वबिचको अन्तर्विरोधका रूपमा पनि व्याख्या गर्न सकिन्छ। जुन वेला क्रान्तिकारी शक्ति एकताबद्ध, सक्रिय र सचेत तथा मुलुक सञ्चालनमा कुशल हुन्छन्, प्रतिक्रान्तिको पक्ष कमजोर बन्दै जान्छ। तर, जब क्रान्तिकारी शक्ति विभाजित, वस्तुगत परिस्थितिप्रति अनभिज्ञ, आफ्नो सफलताप्रति अति विश्वस्त, जनताको आलोचना र सुझावप्रति बेवास्ता अनि विरोधीको शक्तिमाथि अवमूल्यन गर्ने प्रवृत्तिको विकास हुन्छ, प्रतिक्रान्तिकारी शक्तिले आफ्ना लागि अनुकूल परिस्थिति निर्माण गर्छ।

दुईतिहाइको सरकार आफ्नो स्थायित्वप्रति अति विश्वस्त थियो। त्यसैले, विरोधीका चुनौती, सञ्चार माध्यमका खबर, सरकारी सूचना माध्यम र निकायका आन्तरिक सूचना, बाह्य शक्तिको भित्री चलखेल, सुरक्षा संयन्त्रका सुझाव, सल्लाह, जनताका आलोचना, पार्टीभित्रका टीकाटिप्पणी र सुझावलगायत विषयप्रति सरकारको नेतृत्वको उचित ध्यान गएन। कसैले केही गर्न सक्छ भन्नेमा शंका रहेन। रहे पनि कसले के गर्न सक्छ ? भन्ने मान्यता बलियो भयो। आलोचना, सुझाव र सल्लाहलाई आफूविरुद्धको षडयन्त्रका रूपमा बुझ्ने, अर्थ्याउने र त्यसैअनुसारको प्रतिक्रिया दिने प्रवृत्ति हाबी भयो। स्थायित्वप्रतिको अति विश्वासका कारण राज्यका चारैवटा सुरक्षा संयन्त्रको उचित समन्वय र आवश्यक सतर्कता अनि तयारी अत्यन्त कमजोर रह्यो।

हामीले बारम्बार राष्ट्रियताको नारा लगाउँदै आयौं तर राष्ट्र



जोगाउन गर्नुपर्ने यावत् काम, नीति, नियम, आफ्नो तयारी र योजनामा कमजोर भयौं। जब हाम्रा योजना र क्रियाकलापमा कमजोरी हुन्छ, हाम्रो राष्ट्रवादको विषय नारामै सीमित हुन्छ, देश बलियो हुँदैन। संसारका हरेक मुलुकले आफ्नो वैदेशिक सबन्ध सञ्चालन गर्दा पारस्परिक हितसँगै मूलतः आफ्नो देशको हितलाई नै ध्यान दिएका हुन्छन्। वर्तमान जटील अन्तर्राष्ट्रिय परिस्थिति र नेपालको विशिष्टखाले भूराजनीतिक स्थितिमा सबैखाले बाह्य शक्तिले आ-आफ्नै किसिमले चलखेल गर्न सक्ने तथ्य सबैले ठिकसँग बुझ्न सक्नुपर्छ।

जेन-जी आन्दोलनमा भएको विध्वंसबारे अध्ययन गरी त्यसबाट गम्भीर शिक्षा लिँदै आफ्ना कमजोरी सच्याउने प्रयत्न गर्न सकिएन भने भविष्यमा योभन्दा अझ भयावह र अकल्पनीय क्षति व्यहोर्नुपर्ने समय आउन सक्छ

२००७ सालको क्रान्तिका वेला राजा त्रिभुवन नेपालस्थित भारतीय दूतावासमा शरण लिएर भारतकै सहयोगमा दिल्ली पुगेको घटना र क्रान्तिपछि बनेको सरकारका वेला भारतका उच्चपदस्थ कर्मचारीले तत्कालीन सरकारको मुख्यसचिवजस्तो कार्यभार चलाइआएको इतिहास ताजै छ। प्रजातन्त्र प्राप्तिको सो क्रान्तिमा छिमेकी मुलुक भारतको साथ-सहयोगलाई बिर्सन त मिल्दैन। तर, सो क्रान्ति कुनै पनि बाह्य शक्तिको प्रत्यक्ष सहयोगमा नभएर मूलतः नेपाली जनताको संघर्ष, त्याग, बलिदान र नेपालका राजनीतिक पार्टीको नेतृत्वमा सम्पन्न भएको थियो। त्यस्तो समयमा पनि नेपाल एउटा सार्वभौम र स्वतन्त्र मुलुक रहन गयो।

२००७ सालपछि मुलुकमा उत्पन्न लगातारको अस्थिरतामा बाह्य शक्तिले आफ्नो चलखेल बढाए। ०१५ को आमनिर्वाचनमा कांग्रेसको दुईतिहाइको सरकार बनेको भए पनि उसको अन्तर्विरोध, सत्तासीन पार्टी र प्रतिपक्षबिचको आपसी तिक्तता, राजा र कांग्रेस नेतृत्वबिचको अन्तर्विरोधलाई पनि बाह्य शक्तिले उपयोग गरेको घटनाक्रमबाट पुष्टि हुन्छ। त्यसवेला कांग्रेसले अन्तर्विरोधको सही समाधान गरी देशका देशभक्त, प्रगतिशील र लोकतन्त्रवादी शक्तिलाई गोलबन्द गर्न सकेको भए राजा महेन्द्रले प्रतिगमनको ऑट गर्न सक्ने थिएनन् होला। त्यसवेला लोकतन्त्रको अपहरण भए पनि नेपाल राष्ट्रको अस्तित्व भने कायमै रह्यो।

देशमा निरंकुश व्यवस्था भएकै वेला पनि नेपाल र चीनको सिमाना जोड्ने कोदारी राजमार्ग निर्माण गर्दा राजा महेन्द्रले बाह्य शक्तिको तीव्र असहमतिप्रति जवाफ दिँदै 'नेपालमा कम्युनिज्म ट्याक्सी चढेर आउँदैन' भन्दै कठोर जवाफ दिएका थिए। अन्ततः कोदारी राजमार्ग बनेरै छाड्यो। सो समस्या पूर्व-पश्चिम राजमार्ग निर्माण गर्दा पनि देखियो। ०२६ मा कीर्तिनिधि विष्ट प्रधानमन्त्री भएका वेला नेपाल र चीनबिच उत्तरी सीमाका चेकपोस्टबाट भारतीय सेना हटाउने निर्णय अत्यन्त साहसपूर्ण र ऐतिहासिक महत्त्वको थियो। तर, त्यसवेला पश्चिमको कालापानीबाट भारतीय सेना हटाउन नसक्नु त्यतिकै ठुलो कमजोरी रह्यो। यसले पनि बाह्य शक्तिसँगको हाम्रो सम्बन्धको जटिलतालाई प्रस्ट्याउँछ।

आजसम्म नेपालले कुनै पनि बाह्य मुलुकसँग सम्बन्ध कायम गर्दा, कुनै ठुला परियोजना निर्माण गर्दा, व्यापार-पारवहन सन्धि-सम्झौता गर्दा, नागरिकतासम्बन्धी विधेयकलगायत कतिपय महत्त्वपूर्ण कानुन वा नीतिनियम निर्माण गर्दा र तेस्रो मुलुकबाट हतियार खरिद गर्दा कुनै न कुनै किसिमले बाह्य दबाब र चलखेल नभएका घटना कमै होलान्।

०३१ मा राजा वीरेन्द्रका पालामा अमेरिकाको प्रत्यक्ष संलग्नतामा नेपाललाई चीनविरोधी फौजी अखडा बनाउने उद्देश्यले नेपालको उत्तरी सीमाका खम्पालाई संगठित गरेर आधुनिक हतियारसहित तालिम दिई चीनसँग मुठभेड भएको घटना बाह्य हस्तक्षेपको नांगो उदाहरण हो। तर, त्यसवेला नेपाली सेनाले बहादुरीपूर्वक खम्पा विद्रोहीलाई परास्त गरेको घटनालाई गम्भीर रूपमा लिनुपर्छ। वेलैमा सचेत भएर तरिका पुऱ्याउन सके हामीले बाह्य हस्तक्षेप रोक्न सक्छौं भन्ने यसबाट पनि स्पष्ट हुन्छ। ०४६ सालको जनआन्दोलन, ०५२ देखिको माओवादी सशस्त्र संघर्ष, ०६२/६३ को जनक्रान्तिमा पनि बाह्य शक्तिको चलखेल र नेपाली समाजभित्रको अन्तर्विरोधलाई आफ्नो हितअनुकूल परिचालन गर्ने प्रयास नभएका होइनन्। त्यस्तै, संविधानसभा निर्वाचन र संविधान निर्माणका क्रममा पनि पर्याप्त मात्रामा विभिन्न शक्तिको चलखेल बढेकै हो।

गणतन्त्र घोषणाका वेला भारतलगायत बाह्य मुलुकका नेता तथा कूटनीतिक प्रतिनिधिले नेपालमा नाम मात्रको भए पनि राजा कायमै राख्नुपर्छ भन्ने दबाब नदिएका होइनन्। तर, नेपालका राजनीतिक दलले 'नेपालको भविष्य निर्धारण नेपाली जनताले नै गर्नुपर्छ' भन्ने दृढ अडान लिएका कारण लोकतान्त्रिक गणतन्त्र स्थापना सम्भव भयो। संविधान निर्माण र त्यसपछिको अवस्थामा बाह्य दबाब कुन हदसम्म थियो भन्ने तथ्य ०७२ को संविधान निर्माणपछि भएको भारतीय नाकाबन्दीले झनै उजागर गरेको थियो। त्यसवेला सत्तामा रहेका विभिन्न दल र तिनका नेतृत्वले दृढ अडान लिएको र राष्ट्रियताको सवालमा सबै दल र नेपाली जनता एकताबद्ध भएका कारण अहिलेको जस्तो ठुलो क्षति हुनबाट देशलाई बचाउन सम्भव भयो।

नेपाली राजनीतिमा चाहे महाकाली सन्धि होस् या एमसिसी परियोजना, गम्भीर विवाद र बाह्य हस्तक्षेपका विषय उठ्ने गरेकै हुन्। समग्र घटनाक्रम, पृष्ठभूमि र तत्कालीन परिस्थितिको विश्लेषण गर्दा भदौ २३ र २४ को घटनामा बाह्य शक्तिको भूमिका के-कति थियो ? हाम्रा आफ्ना कमजोरी के थिए ? भन्नेबारे वस्तुसंगत अनुसन्धान गरी कारणसहित सही निष्कर्षमा पुग्नुपर्छ। उपर्युक्त घटनाका कारणबारे एकथरिले त्यसवेलाको सरकार र त्यसको नेतृत्व मात्र दोषी थियो भन्ने विचार व्यक्त गरेको पाइन्छ भने अर्को पक्षले बाह्य शक्तिको भूमिकामाथि दोष पन्छाएर आफ्ना कमजोरी ढाकछोप गर्न खोजेको देखिन्छ। उपर्युक्त दुवैखाले विश्लेषणले सही निष्कर्ष र समाधान दिन सक्दैन। आजसम्मको नेपालको इतिहास र विभिन्न घटनाक्रमको विश्लेषण गर्दा जहिले पनि आन्तरिक पक्ष प्रमुख र बाह्य पक्ष गौण तथा सहायक मात्र हुने गरेका अनेकौं तथ्य छन्। त्यसैले, जेन-जी आन्दोलनमा भएको विध्वंसबारे अध्ययन गरी त्यसबाट गम्भीर शिक्षा लिँदै आफ्ना कमजोरी सच्याउने प्रयत्न गर्न सकिएन भने भविष्यमा योभन्दा अझ भयावह र अकल्पनीय क्षति व्यहोर्नुपर्ने समय आउन सक्छ। हामीले सर्वप्रथम आफैंलाई रूपान्तरण गरेर सिंगो नेपाली समाज बदल्ने नयाँ तरिका अपनाउन सकेनौं भने स्थिति हाम्रो नियन्त्रणबाहिर जान सक्छ। वेलैमा सोचौं।

---

३ प्रश्न

संघीयताविज्ञ **खिमलाल देवकोटा**लाई



प्रतिनिधिसभामा उम्मेदवार बन्न प्रदेश र स्थानीय तह छाड्न जनप्रतिनिधिलाई केले उत्साहित गरेको होला ?

मानिस स्वभावैले माथिमाथि जान चाहन्छ। स्थानीय तहमा भएको मानिस प्रदेश या संघमा जान चाहनु र प्रदेशमा भएकाहरूले संघमा फड्किन खोज्नु अनौठो होइन। फेरि संघीयता हाम्रा लागि नौलो अनुभव हो। संघीयता आएको १० वर्ष पुग्दै छ भर्खर। सायद संविधान र ऐन, कानुन बनाउँदा यस्तो पनि हुन सक्छ भनेर सोचिएन होला। त्यसैले गर्दा अहिले धेरै जनप्रतिनिधिले स्थानीय तह र प्रदेश छाडेर संघीय निर्वाचनमा उम्मेदवारी दिएका हुन्।

यो त राज्यको साधनस्रोतको दुरुपयोग र मतदाताप्रतिको धोका होइन र ?

हो नि। ६ महिनाभन्दा बढी अवधि बाँकी रहेका जनप्रतिनिधिको पद रिक्त हुँदा नयाँ निर्वाचन गर्नुपर्ने कानुनी व्यवस्थाका कारण निर्वाचन गर्दा हामीले तिरेको करबाट ठुलो धनराशि खर्च हुन्छ, राज्यस्रोतको दोहन हुन्छ। यो हाम्रो करको गम्भीर दुरुपयोग त हुँदै हो। साथसाथै, निश्चित अवधिसम्म जनताको सेवा गर्ने प्रण गरेर निर्वाचित भएका जनप्रतिनिधिको आफ्ना मतदाताप्रतिको गम्भीर बेइमानी पनि हो।

यस्तो प्रवृत्ति रोक्ने कुनै उपाय हुँदैन ?

किन नहुनु ? हामीले कानुन बनाउँदै ६ महिनाभन्दा बढी अवधि बाँकी भएका जनप्रतिनिधिले यसरी अर्को तहको निर्वाचनमा भाग लिन नपाउने व्यवस्था गर्नुपर्छ। साथमा सम्बन्धित दलले पनि निश्चित मापदण्ड बनाएर यस्तो अभ्यास रोक्न सक्नुपर्छ। यसपल्टको निर्वाचनमा नेपाली कांग्रेसले स्थानीय तह र प्रदेशका जनप्रतिनिधिलाई उम्मेदवार सिफारिस नै नगर्ने मापदण्ड बनाएको थियो। उसले त्यसलाई पालना पनि गरेर देखायो। यसबाट अन्य दलले पनि सिक्नुपर्छ। आगामी संसद्मा पनि यस विषयमा बहस हुनुपर्छ। तर, म यो सच्चिएला भन्नेमा त्यति आशावादी भने छैन।

प्रेरक प्रसंग

आइन्स्टाइन र युवक

संसारकै महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनसँग एकपटक एउटा युवकले सोध्यो, 'सर, आज सारा संसारमा तपाईंको नाम चर्चित छ। सबै तपाईंकै प्रशंसा गर्छन्। तपाईंलाई महान् वैज्ञानिक भनेर सम्मान गर्छन्। आखिर तपाईं कसरी यति महान् बन्नुभयो, त्यसको गुरुमन्त्र के हो ? मलाई पनि बताइदिनुहोस् न।'



सो युवकको जिज्ञासा सुनिसकेपछि आइन्स्टाइनले एक शब्दमा उत्तर दिए, 'लगन।' उनको उत्तर सुनिसकेपछि युवकले सोध्यो, 'हजुरले के भन्नुभएको हो, मैले बुझ्न सकिनँ।'

आइन्स्टाइनले मुस्कुराउँदै भने, 'हेर बाबु, जब म तिम्रो उमेरको थिएँ, त्यतिखेर गणितको नाम सुन्नासाथ डराउँथें, जस्तो आज तिमी डराइरहेका छौ। गणितमा म धेरैजसो फेल नै हुन्थें। फेल भएपछि मैले निकै कठोर सजाय पनि पाउँथें, मेरा साथीहरू मभन्दा निकै जान्ने थिए। उनीहरू मेरो मजाक उडाउँथे। म मन मारेर बस्थें। एक दिन मैले सोचें, आखिर ममा कुनै कमी त छैन, फेरि पनि म किन गणितदेखि डराइरहेको छु ? बस त्यस दिनदेखि मैले गणितका प्रश्न समाधानका लागि बडो लगनसाथ मिहिनेत गर्न थालें। त्यस क्रममा म बारम्बार असफल भएँ। साथीहरूले मेरो मजाक उडाए। तर, ममा एउटा यस्तो लगन थियो कि जसरी भए पनि गणितका समस्या समाधान गरेरै छाड्ने धुन चडेको थियो। यही लगनको प्रतिफल हो, आज मानिस मेरा सिद्धान्त अपनाउँछन्। एउटा चमत्कार यो पनि भयो कि मैले विज्ञानमा नै प्रसिद्धि हासिल गरेँ। लगन नै मेरो गुरुमन्त्र हो, तिमीले पनि लगन नछोड्नू।'

आइन्स्टाइनको जवाफपछि सो युवकले साँचो लगनको महत्त्व बुझ्यो, र ऊ आइन्स्टाइनलाई धन्यवाद भनेर आफ्नो बाटो लाग्यो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सुरक्षा व्यवस्था बलियो बनाऊ

पछिल्लो समयमा देश निर्वाचनमय बनेको छ। अनेकौं आशंका चिर्दै अब देशमा निर्वाचनको माहोल बनेको छ। ६ माघमा मनोनयन दर्तासँगै अब निर्वाचन हुँदैन कि भन्ने आशंकाको बादल हटेको छ। तर, विभिन्न दलका नेताले निर्वाचनका लागि सुरक्षा व्यवस्था त्यति भरपर्दो नभएको भनेर सरकारको ध्यानाकर्षण गराइरहेका छन्। मनोनयन दर्तासँगै झ्यापामा भएको झडपले पनि सुरक्षा व्यवस्थापनमा सरकारले धेरै गर्न बाँकी नै रहेको संकेत गर्छ। त्यसैले, सरकारले आगामी दिनमा निर्वाचन प्रचार प्रसारको समयमा हुन सक्ने भिडन्त रोक्न, उम्मेदवारको सुरक्षा व्यवस्था मिलाउन सुरक्षा व्यवस्था थप चुस्त बनाउन जरुरी छ।

● **सुलक्षणा कार्की**, विराटनगर-४, मोरङ

संयमित भई निर्वाचन लड

मनोनयन दर्तासँगै देशमा निर्वाचनको माहोल खडा भएको छ। अब जसरी भए पनि निर्वाचन हुन्छ, हुन्छ। तर, दलका नेताका विभिन्न माध्यमबाट आइरहेका कतिपय अभिव्यक्तिले निर्वाचनमा झडप हुने हो कि, शान्ति सुव्यवस्था खल्बलिने हो कि भन्ने चिन्ता पनि थपिएको छ। यसका लागि खासगरी निर्वाचन लड्ने र नलड्ने सबै दलका नेता जिम्मेवार भई संयमित देखिनु जरुरी छ।

● **आमोद साह**, सतुंगल, काठमाडौं

धोका दिने जनप्रतिनिधि

प्रतिनिधिसभामा उम्मेदवार बन्न प्रदेशका १४ सांसदले राजीनामा दिएको र स्थानीय तहका प्रतिनिधिले पनि राजीनामा दिएर उम्मेदवार बनेको समाचार पढियो। यसरी पाँचवर्षे कार्यकालका लागि निर्वाचित जनप्रतिनिधिले कार्यकाल पूरा नहुँदै बिचमै राजीनामा दिनु भनेको आफूलाई निर्वाचित गराएर पठाउने मतदाताप्रतिको गम्भीर धोका हो। यसका साथसाथै, उनीहरूले छाडेको सिटमा पुनः निर्वाचन गराउनुपर्दा हुने राज्यको खर्चको हिसाबकिताब त बेग्लै छ।

● **सुजन महतरा**, नरेफाँट, काठमाडौं

स्वच्छ उम्मेदवारलाई छानौं

दलका नेताले सार्वजनिक मञ्चबाट ठुल्ठुलो स्वरमा भन्ने गर्छन् कि हामी राजनीतिलाई अपराधीकरण गर्दैनौं। भ्रष्टाचारीको अनुहार हेर्दैनौं। उनीहरूको पक्षपोषण गरी तिनलाई पुरस्कृत गर्दैनौं। तर, व्यवहारमा आफैंले बोलेका कुरा लागू गर्दैनन्। यसैले गर्दा नेपालका राजनीतिक दल र तिनका नेताप्रतिको जनविश्वास खस्कँदै गएको छ। आगामी २१ फागुनमा हुन गइरहेको आमचुनावका निम्ति आमजनताले स्वच्छ छवि बोकेका नेताले टिकट पाऊन् भन्ने कामना गरिरहेका भए पनि ६ माघमा भएको मनोनयन दर्तापछिका नाम र अनुहार नियाल्दा भने जनता निराश भएका छन्। दलहरूले जनताको अपेक्षाविपरीत विगतमा भ्रष्टाचारमा मुछिएका र विभिन्न अपराध कर्ममा संलग्न हुनेलाई नै सांसदको टिकट दिएका छन्। जसले नेताहरूको कथनी र करनीमा फरकपन ल्याएको छ।

दलहरूले विगतमा अपराधकर्म र भ्रष्टाचारमा संलग्न हुनेलाई यसरी निर्वाचनको टिकट दिनु सर्वथा गलत र भर्त्सनायोग्य छ। विभिन्न दलका उम्मेदवारको सूची हेर्दा एकाध यस्ता दागी व्यक्ति परेकै भेटिन्छन्। नेतालाई चन्दा दिएका भरमा आपराधिक पृष्ठभूमिका व्यक्तिलाई टिकट दिइनुले हाम्रा दल जनताको भावनाप्रति पटक्कै संवेदनशील र जवाफदेही नरहेको पुष्टि गर्छ। दलहरूको यस्तो कार्यले लोकतन्त्रलाई बदनाम गरेको छ। अझै पनि समय छ सच्याउने। तैपनि, दलहरू सच्चिँदैनन् भने त्यसको फैसला २१ फागुनमा जनताले मतपत्रमार्फत गर्नेछन्। त्यसैले, आगामी निर्वाचनमा दलहरूका गल्तीलाई मतदाताले सच्याउनुपर्छ। हाम्रालाई भन्दा राम्रालाई जिताउनुपर्छ। अनि मात्र राजनीति संग्लो हुँदै जान्छ।

● **गोपाल देवकोटा**, चाबहिल, पीपलबोट
gopaldevkota@gmail.com

मौसमी नेता बन्ने रहर

यतिखेर यस्तो नेता र दल चाहिएको छ, जसले हालसम्मको उपलब्धिलाई संस्थागत गर्दै मुलुकलाई थप निकास दिन सकोस्



● मनोज सुवेदी

एसियामा पछिल्लो समयको हलचलपश्चात् मौसमी नेता जन्मने लहड चलेको छ। जनता सही र गलत छुट्याउन अलमलिएको देखिन्छ, जसको प्रत्यक्ष सिकार नेपाल बनिरहेको महसुस हुन्छ। भ्रष्टाचार, बेथिति, नियन्त्रित अस्थिर राजनीति आदि विषयविरुद्ध गरिएको २३ र २४ भदौको आन्दोलनले मौसमी नेता बन्ने रहर बोकेका व्यक्तिलाई नेता बन्ने साइत जुराइदिएको छ। जसको न्यूनतम योग्यता हो- चर्को भाषण, रिपोर्टर क्लबमा बाक्लो उपस्थिति र नसा फुल्ने गरी चिच्याउनु। पुरानालाई गाली गर्नु र सामाजिक सञ्जालका रंगीन स्क्रिनलाई प्रभावकारी ढंगले भिल्क्याउनु पनि यिनको विशेषता हो।

जेन-जी आन्दोलनपश्चात्को नेपाली राजनीतिमा यस्तै मौसमी नेताको बिगबिगी छ। उनीहरू देशै परिवर्तन गर्ने क्षमता आफैंमा भएको गफ दिनसमेत पछि पर्दैनन्। कतै संसदीय व्यवस्थाकै नौलो अभ्यास चुनावअगावै प्रधानमन्त्रीको उधारो सम्झौता गरेको देखिन्छ भने कतै पहिल्यै बजेट लेख्न लगाउने कुरा सुनिन्छ। तिनै मौसमी नेताको समानुपातिक सूची हेर्दा योगदानभन्दा पनि अनुहार र शारीरिक बनोट पो चाहिने रहेछ कि राजनीति गर्न जस्तो पो लाग्छ। कसैको पूर्वकर्मचारीबाहेक अरू देख्न मुस्किल छ। कसैका आफ्नै थरबाहेक अन्य सीमितै छन्। कतै पूर्वप्रहरी अधिकृतको झुन्ड छ। यस्तै मौसमी नेता बन्ने रहर सबैले बोकेका छन्। कोही भन्छन्- यो संविधान राख्ने कि फाल्ने, म त टेन्सनमा छु। कोही भन्छन्- हामीले बनाएको सरकार हो यो, हामीले दे भन्दा राजीनामा दिनुपर्छ। अझै दुई कदम अघि बढेर राजीनामा पनि मागिहाल्छन् अनि चित्त नबुझे सम्झौता नै च्यात्न पनि पछि पर्दैनन्। यस्तै छ, मौसमले जुराइदिएका नेताको हबिगत।

भनिन्छ, सचेत नागरिक लोकतन्त्रका लागि गहना हुन्। तर, आज सहरका प्रायः गल्लीमा नेता बन्ने रहर बोकेकाहरूले जमात बनाएर केही न केही फलाकिरहेकै हुन्छन्। एउटा कुराचाहिँ यो टोलीले राम्रोसँग बुझेको छ, नेता बन्न दल चाहिन्छ। यसो जमात बढी भयो कि निर्वाचन आयोगतिर दगुरिहाल्छन्, दल दर्ता गर्नका लागि। आयोगले आधिकारिक नेता त बनाइदिन्छ। तर, व्यावहारिक रूपमा भन्ने हो भने यस्तो प्रवृत्तिले समग्र उपलब्धि र आन्दोलनलाई नै गिज्याइरहेको छ।

नेता बन्ने रहर बोकेकालाई नियम, विचार अनि मार्गदर्शक सिद्धान्त केही चाहिँदैन। चाहिएको त केवल नारा लगाउन सक्ने चर्को स्वर, सामाजिक सञ्जाल व्यापक रूपमा प्रयोग गर्न सक्ने क्षमता अनि तिनकै भाषामा भन्दा 'ट्रेन्डिङ'मा चलेको चलनलाई 'क्याचअप' गर्ने खुबी। हिजो समाजलाई के योगदान गरेँ र आज म यसको भागीदार छु भन्ने यिनलाई हेक्का छैन, नेता बन्ने रहर जो चलेको छ नेपालमा। यी शब्द लेखिरहँदा मैले हिजोको नेपाली समाज सम्झन्छु, जहाँ आपसी सद्भाव, भाइचारा, समाजप्रति योगदान दिने व्यक्तिहरू सम्झन्छु, जसले समाजले मलाई के दिने भन्दा पहिले मैले समाजलाई के दिएँ भनेर सोच्थे। कथित मौसमी नेता बन्ने रहरले यस समाजलाई यसरी गिजोलेको छ, अझ भनौं चरम दलीयकरणले एक-अर्कालाई मानिस र छिमेकीको रूपमा नहेरी शत्रुताको व्यवहार गरिन्छ।



अन्यथा, छिमेकीको घर जलिरहँदा त्यसलाई निभाउन सहयोग गर्नको साटो जलाइनुपर्छ भनेर छिमेकी नै अगुवा भएर निस्कन्छन् त ? भन्छन्, लोकतन्त्रलाई अझै सुदृढ बनाएर लैजान्छौं। यिनलाई सद्बुद्धि आइदियोस्। लोकतन्त्र केवल बोली मात्र होइन, व्यवहार र संस्कार पनि हो।

यो प्रवृत्तिले न समाजलाई एकताबद्ध बनाउन सक्छ, न त मुलुकलाई निकास नै दिन सक्छ। यो त फगत नेता बन्ने रहर मात्र हो। 'सम्झौता'हरूमा दिन-प्रतिदिन बुँदा थपिँदै छन्। अनुहार थपिँदै छन्। त्यसमा यो समाज र राष्ट्रलाई के दिने भन्ने प्राथमिकता पर्दैन, पर्छ त केवल व्यक्तिगत स्वार्थ।

नेपाली समाजलाई यस्तो नेता र दल चाहिएको छ, जसले हालसम्मको उपलब्धिलाई संस्थागत गर्दै मुलुकलाई थप निकास दिन सकोस्। जसले नेपाली समाजलाई एकताबद्ध र सुदृढ बनाउन हरक्षेत्रबाट आफ्नो भूमिका निर्वाह गरोस्। आफूलाई प्रधानमन्त्रीमा योग्य भनिरहँदा एकपटक सोचिदियोस् मैले यो मुलुकलाई हालसम्म के दिएको छु, संविधानलाई च्यात्ने र फाल्ने होइन, अपनत्व र समयानुकूल परिमार्जन गर्न बहस र पहलकदमी गरिदियोस्, नेपालको भूराजनीतिक जटिलता तथा भौगोलिक अवस्थितिभित्रका विविध जातजाति र समाजलाई केन्द्रमा राख्न सकोस्। देश रूपान्तरण गर्न सक्ने ब्लुप्रिन्ट कोर्न सकोस्। पछिल्लो समय नेपाली कांग्रेसभित्र गगन-विश्वले गरेको विद्रोह लोभलाग्दो छ। जसले मौसमी नेता बन्ने रहर बोकेकालाई गतिलो झापड हिर्काएको छ। उनीहरूले इतिहासलाई गाली गरेनन्, बरु अपनत्व लिए र भविष्यका लागि उचित कार्ययोजना पनि निर्माण गरे। उनीहरू अझै भन्दै छन्, मलाई कारबाही गर्ने शेरबहादुर देउवासँगै म आशीर्वाद लिन जान्छु। यस्तो संस्कार सबैका लागि उदाहरणीय छ।

समय र आवश्यकताअनुसार जन्मिएका अनुहार परिपक्व हुनु आवश्यक छ। अन्यथा, चैतमा प्रयोग हुने टुटे हलो बर्खामा प्रयोग नभएर ढिस्कोमा फ्याँकेजस्तै प्रयोगहीन हुन्छन्। बर्खाको खहरे हिउँदमा सुकेजसरी मौसमी नेता बन्ने होइन, नदीजस्तै सदाबहार बगिरहने नेतृत्व विकास गर्नु आवश्यक छ।

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

१६५ क्षेत्रमा यी हुन् प्रमुख दलका उम्मेदवार

मंगलबार : मनोनयन । बुधबार र बिहीबार : उजुरी र जाँचबुझ । शुक्रबार : उम्मेदवारी फिर्ता लिने समय र आयोगबाट अन्तिम नामावली सार्वजनिक

	कांग्रेस	एमाले	नेकपा	रास्वपा	राप्रपा
ताप्लेजुङ	गजेन्द्र तुम्याङ लिम्बू	क्षितिज थेबे	खेलप्रसाद बुढाक्षेत्री	इ. वीरेन्द्र श्रेष्ठ	इन्द्रप्रसाद थापा
पाँचथर	नरेन्द्रकुमार केरुङ	अइन्द्रसुन्दर नेम्वाङ	हर्कबहादुर नेम्वाङ	महेन्द्रविक्रम थाम्सुहाङ	तेज कुरुम्वाङ
इलाम १	निस्कल राई	काजिमान कागते	रणबहादुर राई	विमल गदाल	ज्वाला नेपाल दाहाल
इलाम २	भेषराज आचार्य	सुहाङ नेम्वाङ	ओमबहादुर गुरुङ	गोकुलबहादुर राई	गणेशप्रसाद दुलाल
झापा १	केशवराज पाण्डे	रामचन्द्र उप्रेती	अशेष घिमिरे	निशा डाँगी	डा. हेमराज कार्की
झापा २	सरिता प्रसाईं	देवराज घिमिरे	धर्मशिला चापागाई	इन्दिरा रानामगर	स्वागत नेपाल
झापा ३	राजेन्द्र घिमिरे	हरिलाल राजवंशी	हंशराज राजवंशी	प्रकाश पाठक	राजेन्द्र लिङ्देन
झापा ४	देउमान थेबे	एलपी साँवा	पुरुषोत्तम चुडाल	शम्भुप्रसाद ढकाल	भक्तिप्रसाद सिटौला
झापा ५	मन्धरा चिमरिया	केपी शर्मा ओली	रञ्जित तामाङ	बालेन शाह	लक्ष्मीप्रसाद संग्रौला
मोरङ १	खड्गबहादुर फागो	घनश्याम खतिवडा	कुलप्रसाद साम्बा	यज्ञमणि न्यौपाने	पूर्णबहादुर वाइबा
मोरङ २	डा. मीनेन्द्र रिजाल	दिलीप कुमार अग्रवाल	चन्द्रवीर राई	कृष्णकुमार कार्की	वंशराज राजवंशी
मोरङ ३	डा. सुनिल शर्मा	इरान राई	डा. देवमान सम्बाहाम्फे	गणेश कार्की	प्रेम सुवेदी
मोरङ ४	गुरुराज घिमिरे	जीवन घिमिरे	अमनलाल मोदी	सन्तोष राजवंशी	माधव आचार्य
मोरङ ५	फूलकुमार लालबानी	मनोज अग्रवाल	शिवकुमार मण्डल	आशा झा	कुमुद राय
मोरङ ६	डा. शेखर कोइराला	विनोद ढकाल	ओपेन्द्रकुमार राय	रुविना आचार्य	सविन निरौला
सुनसरी १	सुजेन्द्र तामाङ	सूर्य पन्दाक	सूर्यबहादुर भट्टराई	सरिन तामाङ	उद्धव श्रेष्ठ
सुनसरी २	राजीव कोइराला	रेवतीरमण भण्डारी	रामकुमारी चौधरी	लालविक्रम	दिनेशकुमार बस्नेत
सुनसरी ३	विजयकुमार गच्छदार	भगवती चौधरी	दुर्गेश चौधरी	अशोक चौधरी	घनश्याम गुरुङ
सुनसरी ४	ज्ञानेन्द्रबहादुर कार्की	जगदीश कुसियत	महमद महफुज अन्सारी	इ. दीपककुमार साह	प्रेमप्रसाद भट्टराई
धनकुटा	दिनेश राई	राजेन्द्र राई	धर्मप्रसाद पौडेल	दिनेश भण्डारी	बिभत्सु थापा
तेह्रथुम	सन्तोष सुब्बा	भानुभक्त ढकाल	रणध्वज कन्दङ्वा	सुरेन्द्र कार्की	होमभक्त कुरुम्वाङ
संखुवासभा	दिपन श्रेष्ठ	डा. अर्जुन कार्की	सरिता खड्का थापा	मिङ्मा शेर्पा	पदम तामाङ
भोजपुर	**बालकृष्ण थापा**	शेरधन राई	अजम्बर राई काङबाङ	रमेशप्रसाद ओझा	जनक नेपाल
सोलुखुम्बु	प्रकाशसिंह कार्की	कल्पना राई	असिम राई	ऋषिधन राई	राजेन्द्र बस्नेत
ओखलढुंगा	कुमार लुइँटेल	अस्मिता थापा	अम्बिरबहादुर गुरुङ	विश्वराज पोखरेल	डिकप्रसाद बास्तोला
खोटाङ	वीरकाजी राई	देवविक्रम राई	हरि रोका	रुद्र गिरी	दीपक तामाङ
उदयपुर १	विदुर बस्नेत	दुर्गा थापा स्वोती	बलदेव चौधरी	पारस गेलाल	सुभाषचन्द्र खड्का
उदयपुर २	रामकुमार राई	अमरबहादुर रायमाझी	सुरेशकुमार राई	सूर्यबहादुर तामाङ	विष्णुबहादुर खड्का
सप्तरी १	रामदेव साह	सुमनराज प्याकुरेल	रवीन्द्र चौधरी	पुष्पा चौधरी	सत्यजितकुमार झा
सप्तरी २	रामकुमार यादव	सतिश सिंह	सूर्यनाथप्रसाद यादव	रामजी यादव	अजयकुमार दास
सप्तरी ३	दिनेशकुमार यादव	ताराकान्त चौधरी	अरुणकुमार साह	डा. उमाकान्त चौधरी	उम्देश्वर साह
सप्तरी ४	तेजुलाल चौधरी	बालकृष्ण चौधरी	रुविकुमारी कर्ण	सीताराम साह	रुपकुमार न्यौपाने
सिरहा १	रामसुन्दर चौधरी	रामशंकर यादव	रामचन्द्र यादव	बब्लु गुप्ता	वासुदेव साह
सिरहा २	रामचन्द्र यादव	नवीनकुमार यादव	मुक्ति सिंह	शिवशंकर यादव	श्यामकिशोर साह
सिरहा ३	सुभाषचन्द्र यादव	लीलानाथ श्रेष्ठ	विश्वनाथ साह	डा. शम्भु यादव	देवदयाल सिंह
सिरहा ४	चन्द्रकलाकुमारी यादव	धर्मनाथ साह	अजयशंकर नायक	तपेश्वर यादव	शुभेन्द्रकुमार साह
धनुषा १	रामपल्टन साह	रामचन्द्र मण्डल	मातृका यादव	किशोरी साह	मनोज मल्ल ठकुरी
धनुषा २	दिनेश पर्सेला	उमाशंकर अरगरिया	रामचन्द्र झा	रामविनोद यादव	बिहेश्वर मण्डल
धनुषा ३	विमलेन्द्र निधि	जुलीकुमारी महतो	रामललित मण्डल	मनीष झा	हुसेनी कवाडी
धनुषा ४	महेन्द्र यादव	रघुवीर महासेठ	सञ्जयकुमार महतो	राजकिशोर महतो	रामबाबु साह
महोत्तरी १	मुकेशराज काफ्ले	लक्ष्मी महतो कोइरी	गिरिराजमणि पोखरेल	प्रमोद महतो	यानीखर गौतम
महोत्तरी २	किरण यादव	कासिम नदाफ	लक्ष्मण यादव	डा. दीपक साह	रामलखन साह
महोत्तरी ३	बजरंग नेपाली	मनोजकुमार सिंह	राजकिशोर साह सुडी	उज्ज्वल झा	राजेश्वर राय यादव
महोत्तरी ४	महेन्द्रकुमार राय	निलम यादव	भरतप्रसाद साह	गौरीकुमारी यादव	सुनीलकुमार सिंह
सर्लाही १	शम्भुलाल श्रेष्ठ	मनोज देवकोटा	प्रमोद साह	निर्तिमा कार्की	सूर्यनारायण यादव
सर्लाही २	डा. सरोज यादव	नागेश्वर यादव	महेन्द्रराय यादव	रविन महतो	राजकिशोर राय यादव
सर्लाही ३	विनोद खनाल	हरि उप्रेती	नारायणकाजी श्रेष्ठ	नरेन्द्र साह कलवार	ढोलाराम बाराकोटी
सर्लाही ४	गगनकुमार थापा	रविशंकर कुसवाह	रगनिस राय यादव	डा. अमरेश सिंह	प्रदीप झा
रौतहट १	अनिलकुमार झा	अजयकुमार गुप्ता	माधवकुमार नेपाल	राजेश चौधरी	श्रीराम साह
रौतहट २	फिर्दोस आलम	शैलेन्द्र साह	किरण साह	शेष सगिर	रवीन्द्रप्रसाद साह
रौतहट ३	रामकृपाल यादव	कुन्दन कुशवाहा	पुनम देवी	धीरज पटेल	सिकिन्द्रप्रसाद साह
रौतहट ४	देवप्रसाद तिमिल्सिना	रामजी शाह	रामकुमार भट्टराई	गणेश पौडेल	बहादुर यादव
बारा १	शम्भु बुढाथोकी	अच्युत मैनाली	सन्तोष दंगाल	गणेश धिमाल	लक्ष्मी साह कलवार
बारा २	भैयाराम चौधरी	बलवीरप्रसाद चौधरी	रमेशप्रसाद यादव	चन्दन सिंह	लालबहादुर प्रसाद तेली
बारा ३	फरमुल्लाह मन्सुर	ज्वाला शाह	भरतप्रसाद साह	अरविन्द साह	राजेन्द्रप्रसाद जयसवाल
बारा ४	श्यामबाबु गुप्ता	कृष्णकुमार श्रेष्ठ'किसान'	अजय कुशवाहा	रहवर अन्सारी	दिलीप शर्मा नेपाल
पर्सा १	अनिलकुमार रुंगटा	प्रदीप यादव	अजय चौरसिया	हरि पन्त	नन्दकिशोर श्रीवास्तव
पर्सा २	अजय चौरसिया	रिमा यादव	मनोज चौधरी	सुशील पटेल	विना जैसवाल
पर्सा ३	सुरेन्द्रप्रसाद चौधरी	रुपेश पाण्डे	छोटेलाल यादव	रमाकान्त चौरसिया	नवीनकुमार सिंह
पर्सा ४	रमेश रिजाल	जालिम मियाँ अन्सारी	जयप्रकाश थारु	टेक शाक्य	शान्तकुमार जोशी
सिन्धुली १	उज्ज्वल बराल	प्रदीप केसी (कटुवाल)	डेकेन्द्र सुवेदी	धनेन्द्र कार्की	रामनारायण दनुवार
सिन्धुली २	सुशीला थिङ	मनोजजंग थापा	लेखनाथ दाहाल	आशिष गजुरेल	प्राडा मुकुन्दप्रसाद गजुरेल
रामेछाप	रामचन्द्र खड्का	माधवप्रसाद ढुङ्गेल	श्यामकुमार श्रेष्ठ	डा. कृष्णहरि बुढाथोकी	गोरेबहादुर तामाङ
दोलखा	अजयबाबु शिवाकोटी	पार्वत गुरुङ	विशाल खड्का	इ. जगदीश खरेल	प्रवीण थोकर तामाङ
काभ्रेपलाञ्चोक १	गुणराज मोक्तान	अमित लामा	दिनानाथ गौतम	मधुकुमार चौलागाईं	नवराज सत्याल
काभ्रेपलाञ्चोक २	मधु आचार्य	अशोक ब्याञ्जु	वसुन्धरा हुमागाईं	बदनकुमार भण्डारी	रन्जिव श्रेष्ठ
सिन्धुपाल्चोक १	जंगबहादुर लामा	सरेश नेपाल	माधव सापकोटा	भरतप्रसाद पराजुली	राममणि न्यौपाने
सिन्धुपाल्चोक २	वंशलाल तामाङ	शेरबहादुर तामाङ	युवराज दुलाल	अजय श्रेष्ठ	ई. गोपिकृष्ण चौलागाई
रसुवा	मोहन आचार्य	प्रेमबहादुर तामाङ	माधव लामिछाने	वसन्त भट्ट	हरिप्रसाद घिमिरे
नुवाकोट १	डा. प्रकाशशरण महत	बद्री मैनाली	हितबहादुर तामाङ	डा. विक्रम तिमिल्सिना	विमल थापा
नुवाकोट २	जगदीश्वरनरसिंह केसी	केशव पाण्डे	हिरानाथ खतिवडा	डा. अच्युतम लामिछाने	झनक प्याकुरेल
धादिङ १	कृष्ण रिजाल	भूमि त्रिपाठी	राजेन्द्रप्रसाद पाण्डे	आशिका तामाङ	गीताप्रसाद आचार्य
धादिङ २	रमेशप्रसाद धमला	धनबहादुर घले	रामबहादुर भण्डारी	बोधनारायण श्रेष्ठ	सुरेश रिजाल
काठमाडौं १	प्रबल थापा	मोहन रेग्मी	मेनका भण्डारी	रञ्जु दर्शना	रवीन्द्र मिश्र
काठमाडौं २	कबिर शर्मा	मणिराम फुयाल	नितेश पौडेल	सुनील केसी	कुन्तीदेवी पोखरेल
काठमाडौं ३	रमेश अर्याल	रामेश्वर फुयाल	निरज लामा	राजु पाण्डे	डा. सुन्दरसिंह बोहोरा
काठमाडौं ४	सचिन तिमल्सिना	डा. राजन भट्टराई	इन्द्र भुसाल	पुकार बम	डा. सुरेन्द्र भण्डारी
काठमाडौं ५	प्रदीप पौडेल	ईश्वर पोखरेल	कल्पना शर्मा	सस्मित पोखरेल	कमल थापा
काठमाडौं ६	कृष्ण सबुज बानियाँ	अमनकुमार मास्के	हेमलाल शर्मा	शिशिर खनाल	उद्धवराज भेटवाल
काठमाडौं ७	प्रमोदहरि गुरागाईं	प्रकाश श्रेष्ठ	वसन्तप्रसाद मानन्धर	गणेश पराजुली	लालकुमार लामा
काठमाडौं ८	सपना राजभण्डारी	राजेश शाक्य	सुमन सायमी	विराजभक्त श्रेष्ठ	नविन शाही
काठमाडौं ९	नानु बास्तोला	डा. अजयक्रान्ति शाक्य	राधाकृष्ण महर्जन	डोलप्रसाद अर्याल	दिलिपकुमार कार्की
काठमाडौं १०	हिमाल कार्की	विनोद श्रेष्ठ	रुपा महर्जन	प्रदीप विष्ट	बलराम थापा
ललितपुर १	उदयशमशेर राणा	चेतनाथ सञ्जेल	सुनिल महर्जन	बुद्धरत्न महर्जन	इ. सजिना कार्की
ललितपुर २	प्रेमकृष्ण महर्जन	प्रेमबहादुर महर्जन	राजेन्द्र अमात्य	जगदीश खरेल	रघुबरराज थापा
ललितपुर ३	जितेन्द्रकुमार श्रेष्ठ	सन्दन थापामगर	राजकाजी महर्जन	डा. तोसिमा कार्की	सवीन खड्का
भक्तपुर १	किरण न्यौपाने	सोम मिश्र	हरिराम लवजु	रुकेश रञ्जित	भरतबहादुर खड्का
भक्तपुर २	कबिर राणा	महेश बस्नेत	रामप्रसाद सापकोटा	राजीव खत्री	विक्रम थापा
मकवानपुर १	महालक्ष्मी(डिना) उपाध्याय	रामेश्वर राना	विजय गौतम	प्रकाश गौतम	दीपकबहादुर सिंह
मकवानपुर २	बुद्ध लामा	महेश बर्तौला	लवशेर विष्ट	प्रशान्त उप्रेती	रामबहादुर थोकर
चितवन १	राजेन्द्र बुर्लाकोटी	दाबादोर्जे लामा	डा. कृष्णराज पन्त	हरि ढकाल	बलराम खनाल
चितवन २	मीनाकुमारी खरेल	अस्मिन घिमिरे	प्रताप गुरुङ	रवि लामिछाने	जगदीश अधिकारी
चितवन ३	टेकप्रसाद गुरुङ	शंकरराज थपलिया	रेणु दाहाल	सोविता गौतम	दीपक थापामगर

	कांग्रेस	एमाले	नेकपा	रास्वपा	राप्रपा
गोरखा १	प्रेमप्रकाश खत्री	आर.सी. लामिछाने	हरिराज अधिकारी	सुदन गुरुङ	केदारमणि खनाल
गोरखा २	प्रकाशचन्द्र दवाडी	मिलन गुरुङ	लेखनाथ न्यौपाने	कविन्द बुर्लाकोटी	कुलबहादुर बस्नेत
मनाङ	टेकबहादुर गुरुङ	पोल्देन सोताङ गुरुङ	यशोदा सुवेदी गुरुङ	-	कुबेरसिंह गुरुङ
मुस्ताङ	योगेन्द्र गौचन	इन्द्रधारा बिष्ट	मुटुक गुरुङ	आदित्य थकाली	कमला लालचन
म्याग्दी	कर्णबहादुर भण्डारी	हरिकृष्ण श्रेष्ठ	अर्जुन थापा	युवराज रोका	डम्बरबहादुर सुवेदी
बाग्लुङ १	भीमबहादुर श्रीष	हिरा केसी	-	सुशील खड्का	कल्याणविक्रम आचार्य
बाग्लुङ २	टेकराज पौडेल	मञ्जु शर्मा चालिसे	ज्ञाननाथ गैरे	सोम शर्मा	अञ्चल शाही ठकुरी
पर्वत	अर्जुनप्रसाद जोशी	पदम गिरी	मनहरि शर्मा	सागर भुसाल	दुर्गाबहादुर मल्ल
स्याङ्जा १	भरतराज ढकाल	मिनप्रसाद गुरुङ	शैलेन्द्र घिमिरे	धनञ्जय रेग्मी	हुकुमबहादुर राना
स्याङ्जा २	भागवतप्रकाश मल्ल	खिमबहादुर थापा	पदम विश्वकर्मा	झविलाल डुम्रे	रवीन पाठक
कास्की १	तिलकबहादुर रानाभाट	वैणबहादुर क्षेत्री	राजकाजी गुरुङ	खडकराज पौडेल	बाबुराम थापा
कास्की २	माधवप्रसाद बास्तोला	रश्मी आचार्य	हेमबहादुर थापा	उत्तम पौडेल	हेमजंग गुरुङ
कास्की ३	मनोज गुरुङ	दामोदर बैरागी	गोपाल गिरी	विना गुरुङ	अर्जुन खनाल
लमजुङ	गमप्रसाद गुरुङ	पृथ्वीसुब्बा गुरुङ	हरिजंग तामाङ	धर्मराज केसी	केविन्द्रजंग गुरुङ
तनहुँ १	गोविन्द भट्टराई	भगवती न्यौपाने	विद्यानाथ ढकाल	स्वर्णिम वाग्ले	अभिषेक जोशी
तनहुँ २	शंकर भण्डारी	केदार सिग्देल	सोमबहादुर थापा	श्रीराम न्यौपाने	यमबहादुर खाँण ठकुरी
नवलपरासी पू. १	गजेन्द्र आले	भागीरथ सापकोटा	लोकप्रसाद भुर्तेल	राजन गौतम	दीपक वास्ताकोटी
नवलपरासी पू. २	ओमबहादुर घर्ती	तिलबहादुर महत क्षेत्री	गणेशमान महतो	मनीष खनाल	रुनकुमारी महतो
रुकुम पूर्व	कुसुमदेवी थापामगर	लीलामणि गौतम	पुष्पकमल दाहाल प्रचण्ड	लखन थापा	रोशनध्वज शाह
रोल्पा	डा. सुदनकुमार वली	गोकुल घर्ती	वर्षमान पुन (अनन्त)	बलराम थापा	अम्बरबहादुर थापा
प्युठान	डा. गोविन्दराज पोखरेल	सूर्यबहादुर थापा	कृष्णध्वज खड्का	सुशान्त वैदिक	धनेश्वर पण्डित
अर्घाखाँची	विष्णुप्रसाद खनाल	पीताम्बर भुसाल	रामबहादुर चौहान	हरिप्रसाद भुसाल	झवीन्द्र फुल्लेल
गुल्मी १	चन्द्रकान्त भण्डारी	प्रदीप ज्ञवाली	सुदर्शन बराल	सागर ढकाल	अजितकुमार श्रेष्ठ
गुल्मी २	भुवनप्रसाद श्रेष्ठ	गोकर्ण विष्ट	श्रीराम महत	गोविन्द पन्थी	जनक सेन
पाल्पा १	सन्दीप राना	नारायण आचार्य	होमबहादुर सुनारी	विमल पन्थी	बृहस्पति अर्याल
पाल्पा २	हिमालदत्त श्रेष्ठ	विष्णुप्रसाद पौडेल	सोमप्रसाद पाण्डे	माधव थापा	डुलबहादुर कुँवर
नवलपरासी प. १	विनोदकुमार चौधरी	रामप्रसाद पाण्डे	सिन्धु जलेशा	विक्रम खनाल	नवनितकुमार मिश्र
नवलपरासी प. २	देवेन्द्रराज कँडेल	लेखनाथ खरेल	देवेन्द्र पौडेल	नरेन्द्र गुप्ता	ध्रुवबहादुर प्रधान
रुपन्देही १	हिराबहादुर खत्री	दधिराम शर्मा न्यौपाने	घनश्याम यादव	सुनील लम्साल	प्रज्ज्वल बोहरा
रुपन्देही २	चुन्नप्रसाद शर्मा	विष्णुप्रसाद पौडेल	सुभाष पाण्डे (विश्वदीप)	सुलभ खरेल	कार्भिका थापा
रुपन्देही ३	सुशील गुरुङ	वासुदेव घिमिरे	फैज अहमद खान	लेखजंग थापा	गौरव बोहोरा
रुपन्देही ४	आशुतोष मिश्र	प्रमोद यादव	बाबुलाल यादव	कनया बनियाँ	अहमद्दिन खान
रुपन्देही ५	भरतकुमार शाह	खिमलाल भट्टराई	वकिल मुसलमान	ताफिक अहमद खान	मीनप्रसाद घिमिरे
कपिलवस्तु १	अहतर कमाल	विश्राम चौधरी	कृष्ण कुँवर	मोहन आचार्य	शत्रुघनप्रसाद चौधरी
कपिलवस्तु २	सुरेन्द्रराज आचार्य	दीर्घनारायण पाण्डे	वृजेशकुमार गुप्ता	विक्रम थापा	विष्णुप्रसाद भण्डारी
कपिलवस्तु ३	अभिषेकप्रताप शाह	वीरेन्द्र कडौनिया	एहसन अहमद खाँ	प्रकाश रजौरिया	प्रेमशंकर शुक्ला
दाङ १	योगेन्द्र चौधरी	रेवतीरमण शर्मा घिमिरे	मेटमणि चौधरी	देवराज पाठक	विनय बुढाथोकी
दाङ २	किरणकिशोर घिमिरे	शंकर पोखरेल	निर्मल आचार्य	विपिन आचार्य	ऋषिकेश पोखरेल
दाङ ३	दीपक गिरी	घनश्याम पाण्डे	धनबहादुर मास्की	कमल सुवेदी	दामोदर भण्डारी
बाँके १	नारायणप्रसाद गौडेल	सूर्य ढकाल	नरेन्द्र पाण्डे	सुरेश चौधरी	प्रदीपकुमार शाह
बाँके २	सुधान्सु कोइराला	मोहम्मद इस्तियाक राई	दीपेन्द्र विष्ट	विवेक श्रेष्ठ	ऋषिराज देवकोटा
बाँके ३	अमरसिंह पुन	दलबहादुर सुनार	दीपक जिएम	खगेन्द्र सुनार	तारकसिंह थारू
बर्दिया १	सञ्जयकुमार गौतम	सालिकराम अधिकारी	विष्णुप्रसाद थारु	ठाकुरसिंह थारू	वीरबहादुर कामी
बर्दिया २	किशोरसिंह राठोर	विमला विक	सुरेश पन्त	श्रीधर पोखरेल	सुशील चौधरी
हुम्ला	जयपति रोकाया	दल फडेरा	दीपेन्द्र रोकाया	टासी ल्हाजोम	छक्कबहादुर बुढा
मुगु	खड्ग शाही	पूर्णबहादुर रोकाया	चन्द्रबहादुर शाही	राजेन्द्रबहादुर शाही	बलबहादुर मल्ल
डोल्पा	कर्णबहादुर बुढा	लंक रोकाया	धनबहादुर बुढा	देवसिंह ऐडी	हरिप्रसाद डाँगी
जुम्ला	दीपबहादुर शाही	शान्तिलाल महत	नरेश भण्डारी	विनिता कठायत	ज्ञानबहादुर शाही
कालिकोट	हर्षबहादुर बम	नागेन्द्र शाही (नेसनल)	महेन्द्रबहादुर शाही	प्रकाश न्यौपाने	सूर्यबहादुर शाह
दैलेख १	बास्ना थापा	रवीन्द्रराज शर्मा	अम्मरबहादुर थापा	एनके बस्नेत	रणबहादुर सिंह
दैलेख २	दिक्पालकुमार शाही	लक्ष्मीप्रसाद पोखरेल	योगेन्द्र शाही	इ. बखतबहादुर शाही	बबिता शाही
जाजरकोट	खड्कबहादुर बुढा	डम्बरबहादुर सिंह	शक्तिबहादुर बस्नेत	राघव कार्की	कृष्णविक्रम शाह
रुकुम पश्चिम	राजु केसी	नन्दराम देवकोटा	गोपाल शर्मा	इ. मनबहादुर शाही	गोपाल खड्का
सल्यान	केशबहादुर विष्ट	गुलाबजंग शाह	रमेशकुमार मल्ल	ललितकुमार चन्द	अनिशा नेपाली
सुर्खेत १	विष्णुबहादुर खड्का	ध्रुव शाही	जीतबहादुर राना	टेकबहादुर सिंह ठकुरी	रविकिरण हमाल
सुर्खेत २	नारायण कोइराला	कुलमणि देवकोटा	झकबहादुर मल्ल	रमेश सापकोटा	कविराम पुरी
अछाम १	भरतकुमार स्वार	झपटबहादुर बोहोरा	भीमबहादुर रावल	ओमप्रकाश रावल	लोकेन्द्रबहादुर शाह
अछाम २	पुष्पबहादुर शाह	यज्ञबहादुर बोगटी	बलबहादुर कुँवर	भूपदेव शाह	मीनबहादुर शाही
बाजुरा	जनकराज गिरी	लालबहादुर थापा	प्रकाशबहादुर शाह	हेमराज थापा	केशरबहादुर शाही
बझाङ	प्रकाश रसाइली 'स्नेही'	ऐन महर	मीनबहादुर कुँवर	शैलेसकुमार सिंह	विश्वप्रकाश जेठारा
दार्चुला	धर्मानन्द जोशी	गणेशसिंह ठगुन्ना	लक्ष्मणदत्त जोशी	राजेश सिंह समन्त	राजेशबहादुर चन्द
बैतडी	चतुरबहादुर चन्द	दामोदर भण्डारी	परमानन्द भट्ट	हरिमोहन भण्डारी	भुपेनबहादुर चन्द
डोटी	भरतबहादुर खड्का	दीपक धामी	त्रिलोचन भट्ट	नरेन्द्रबहादुर खड्का	खड्गप्रसाद अग्रवाल
डडेल्धुरा	नैनसिंह महर	चक्र स्नेही	मानसिंह माल	डा. तारा जोशी	गोविन्द खडायत
कैलाली १	जनकराज चौधरी	द्वारिकाप्रसाद न्यौपाने	रामलाल डगौरा थारू	कोमल ज्ञवाली	लोकेन्द्र कुँवर
कैलाली २	विजयबहादुर स्वार	सूर्यबहादुर थापा	नन्दबहादुर साउद	केपी खनाल	भरतसिंह बि.सी.
कैलाली ३	भीम बडुवाल	गौरीशंकर चौधरी	वीरमान चौधरी	जगतप्रसाद जोशी	वीरेन्द्र बम
कैलाली ४	गोरखबहादुर विष्ट	लेखराज भट्ट	हरिराम चौधरी	खेमराज कोइराला	कमल बम रजवार
कैलाली ५	नरनारायण शाह	यज्ञराज ढुंगना	प्रेम आले	आनन्द चन्द	रोशन शाही
कञ्चनपुर १	गोपीप्रसाद उपाध्याय	तारा लामा	विना मगर	जनकसिंह धामी	डिल्लीबहादुर शाही
कञ्चनपुर २	एनपी साउद	वचनबहादुर सिंह	माधव पन्त	दीपक बोहरा	तीर्थराज चटौत
कञ्चनपुर ३	हरिप्रसाद बोहरा	डा. दीपप्रकाश भट्ट	मानबहादुर सुनार	ज्ञानेन्द्र महतरा	पूर्णबहादुर चन्द

■ जसपा नेपालका प्रमुख उम्मेदवार

उपेन्द्र यादव : सप्तरी ३, उमेश यादव : सप्तरी २, श्याम सरदार : सप्तरी १, बबी सिंह : सप्तरी ४ । सत्यनारायण यादव : सिराहा १, सञ्जीव यादव : सिराहा २, अशेश्वर यादव : सिराहा ३, राजकिशोर यादव : सिराहा ४ । दीपक कार्की : धनुषा १, पशुपति यादव : धनुषा २, परमेश्वर साह : धनुषा ३, कृष्णचन्द साह : धनुषा ४ । शरत्सिंह भण्डारी : महोत्तरी : २, योगनारायण महतो : महोत्तरी : १, डा. मीनाक्षी ठाकुर : महोत्तरी ३, डा. सुरेन्द्र यादव : महोत्तरी ४ । रामप्रकाश चौधरी : सर्लाही १, भरत चौधरी : सर्लाही २, जेपी यादव : सर्लाही ३, रामेश्वर राय यादव : सर्लाही ४ । योगेन्द्र राय यादव : रौतहट १ । कृपासिन्धु चौधरी : पर्सा ४, अशोक तेमानी : पर्सा २ । रामबाबुकुमार यादव : बारा ३ । सर्वेन्द्रनाथ शुक्ल : रुपन्देही ४ । हृदयेश त्रिपाठी : पश्चिम नवलपरासी १

■ उज्यालो नेपालले बागमती प्रदेशमा उठाएका उम्मेदवार

मंगलाल श्रेष्ठ : काठमाडौं १, पवन पोखरेल : काठमाडौं २, कुलमान घिसिङ : काठमाडौं ३, झनकबहादुर अधिकारी : काठमाडौं ४, श्रीराम गुरुङ : काठमाडौं ५, वारिस धरेल : काठमाडौं ६, विमला लामा : काठमाडौं ७, राजन खड्गी : काठमाडौं ८, रामेश्वर श्रेष्ठ : काठमाडौं ९, डा. राकेश न्यौपाने : काठमाडौं : १० । रमेश बल्ल : भक्तपुर १, जितराम लामा : भक्तपुर २ । पासाङ तामाङ : ललितपुर १, राजाराम तण्डुकार : ललितपुर २, डा. आशुतोष विजय पन्त : ललितपुर ३ । योगेन्द्र लामा : काभ्रेपलाञ्चोक १, ज्योत्सना सैँजू : काभ्रेपलाञ्चोक २ । मानबहादुर तामाङ : रसुवा । अमित तामाङ : नुवाकोट १, ज्ञानेन्द्रप्रकाश घले : नुवाकोट २ । श्यामराजा पाण्डे : धादिङ १, अमिर तामाङ : धादिङ २ । दीपबहादुर योञ्जन : रामेछाप । मोतीलाल तामाङ : सिन्धुली १ । सुरेन्द्र लामा : मकवानपुर १, डा. प्रवीणकुमार स्याङ्तान : मकवानपुर २ । धनबहादुर गुरुङ : चितवन १, निकुमार पाख्रिन : चितवन २, डम्बरबहादुर तामाङ : चितवन ३ ।

■ श्रम संस्कृति पार्टीका प्रमुख उम्मेदवार

हर्क साम्पाङ राई : सुनसरी १ । केवलराम राई : झापा १, केशव भण्डारी : झापा २, दीपक तिम्सिना : झापा ३, अमृता राई : झापा ४, समीर तामाङ : झापा ५ । काठमाडौं २ : मुकुल कार्की । अमित थापा : काठमाडौं ५, डा. सन्ध्या थापा : काठमाडौं ६ । निमा मोक्तान : सिन्धुली १ । विद्या श्रेष्ठ महर्जन : मकवानपुर १ । दीपकुमार लामा : सिराहा ३ । सन्तोष राई : ताप्लेजुङ । सुदीप राई : इलाम २ । मुमताज बेगम खान : बारा ३ । राजेश खिम्दुङ : उदयपुर १, बलराज राई : उदयपुर २ । आरेन राई : खोटाङ

■ प्रगतिशील लोकतान्त्रिक पार्टीका केही उम्मेदवार

डा. बाबुराम भट्टराई : गोरखा २ । जनार्दन शर्मा : पश्चिम रुकुम । डा. जनक शाह : कैलाली १ । श्रीबहादुर कुँवर : रुपन्देही १ । कृष्णा केसी : बाँके १ । सन्दीप पुन : रुकुम पूर्व । सन्तोष विष्ट : मकवानपुर २ । जटिल कार्की : हुम्ला । विकास रसाइली : चितवन १ । जन्मदेव जैसी : भक्तपुर २ । मनऋषि धिताल : जुम्ला । अमिताव बचन दास : पर्सा २ । कृष्ण महर्जन : ललितपुर २ । श्याम गहतराज : प्युठान । रमेश जिशी : काभ्रे २

उम्मेदवार बन्दै उद्योगी–व्यवसायी पनि उत्रिए चुनावमा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

२१ फागुनमा हुने प्रत्यक्ष निर्वाचनमा उद्योग तथा व्यवसाय पृष्ठभूमि भएका उम्मेदवारको संख्या उच्च देखिएको छ। फोर्ब्सको सूचीमा सूचीकृत एक मात्रै नेपाली अर्बपति विनोद चौधरीदेखि मझौला तथा साना उद्योगी-व्यापारीले विभिन्न दलबाट मंगलबार मनोनयन दर्ता गरेका छन्। नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले उद्योगी-व्यापारीको आकर्षणलाई सकारात्मक रूपमा लिएको बताए। 'प्रतिनिधिसभामा सबै वर्ग र तप्काका प्रतिनिधिको प्रतिनिधित्व हुनु राम्रो हो। त्यो अवस्थामा उद्योगी तथा व्यापारी साथीहरूको प्रयास सकारात्मक छ,' उनले भने, 'तर, स्वार्थ बाझिने कुरामा जोखिम हुन सक्छ। त्यस्तो काम गर्दैनौँ भनेर निश्चित गर्नुपर्छ।'


विनोद चौधरी


अनिल रुंगटा


भरतराज ढकाल


वीरेन्द्र कनौडिया


वीरेन्द्रप्रसाद महतो


चुन्नप्रसाद शर्मा



धनञ्जय रेग्मी


पाल्देन छोपाङ गुरुङ


विजयबहादुर स्वाँर


मीनप्रसाद गुरुङ


रुकेश रञ्जित


कर्णबहादुर बुढा


दिलीप अग्रवाल


मनोज अग्रवाल

चौधरी समूहका अध्यक्ष विनोद चौधरीले प्रतिनिधिसभा सदस्यका लागि नवलपरासी- १ मा उम्मेदवारी दिएका छन्। कांग्रेसको केन्द्रीय सदस्यसमेत रहेका उनी ०७९ को चुनावमा त्यहीँबाट विजयी भएका थिए। निर्माण व्यवसायी मोहन आचार्यले रसुवामा मनोनयन दर्ता गरेका छन्। कांग्रेस केन्द्रीय सदस्य रहेका उनी पनि ०७९ को चुनावमा रसुवाबाट निर्वाचित भएका थिए। अघिल्लो निर्वाचनमा पनि विजयी भएका ऊर्जा तथा मेडिकल व्यवसायी डा. सुनीलकुमार शर्माले पनि मोरङ- ३ मा उम्मेदवारी दिएका छन्। यस्तै, यशोदा फुड्सका अध्यक्ष चुन्नप्रसाद शर्माले रुपन्देही- २ मा मनोनयन दर्ता गरेका छन्। व्यवसायी अनिलकुमार रुंगटाले पर्सा- १ मा उम्मेदवारी दर्ता गरेका छन्। अलैँची व्यवसायी राजेन्द्र घिमिरेले झापा- ३ मा मनोनयन दर्ता गरेका छन्। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले पनि कैलाली- २ मा उम्मेदवारी दिएका छन्। कांग्रेसका सहमहामन्त्री रहेका निर्माण



व्यवसायी कर्णबहादुर बुढाले डोल्पामा मनोनयन दर्ता गरेका हुन्। ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का पूर्वअध्यक्ष रमेशप्रसाद धमलाले पनि धादिङ- २ मा उम्मेदवारी दिएका हुन्। पर्यटन व्यवसायी तथा पर्यटन बोर्डका पूर्वसदस्य कृष्ण रिजालले धादिङ- १ मा मनोनयन दर्ता गरेका हुन्।

मुक्तिनाथ विकास बैंक र मुक्तिनाथ कृषि कम्पनीका पूर्वअध्यक्ष भरतराज ढकालले स्याङ्जा- १ बाट उम्मेदवारी दिएका छन्। घरजग्गा व्यवसायी प्रेमकुमार खत्रीले गोरखा- १ मा मनोनयन दर्ता गरेका हुन्। कुरियर तथा कार्गो व्यवसायी प्रकाशसिंह कार्की सोलुखुम्बुमा मैदानमा उत्रिएका छन्। पर्यटन व्यवसायी योगेश गौचनले मुस्ताङमा मनोनयन दर्ता गरेका हुन्।

०७९ मा पनि उनी विजयी भएका थिए। वैदेशिक रोजगार व्यवसायी तिलक रानाभाटले कास्की- १ मा मनोनयन दर्ता गरेका छन्। भन्सार एजेन्ट तथा व्यवसायी केशव पाण्डेले झापा- १ मा मनोनयन दर्ता गरेका छन्। व्यवसायी भुवन श्रेष्ठले गुल्मी- २ मा मनोनयन दर्ता गरेका छन्।

लुम्बिनी सुगर मिल्सका अध्यक्ष वीरेन्द्रकुमार कनौडिया पनि चुनावी मैदानमा छन्। उनले एमालेबाट कपिलवस्तु- ३ मा उम्मेदवारी दिएका हुन्। उद्योगपति दिलीप अग्रवालले मोरङ- २ मा उम्मेदवारी दिएका छुन्। व्यवसायी मनोज अग्रवालले मोरङ- ५ मा मनोनयन दिएका हुन्। व्यवसायी उमाशंकर अरगरियाले धनुषा- २ मा मनोनयन दर्ता गरेका छन्। मनाङबाट उम्मेदवार बनेका पोल्देन छोपाङ गुरुङ पनि होटेल तथा पर्यटन व्यवसायी हुन्। मनाङ वाइनका मालिकसमेत रहेका गुरुङको मनाङमा स्याउ फार्म र रिसोर्ट छ। स्याङ्जा- १ मा पूर्वबैंकर मीनप्रसाद गुरुङले पनि उम्मेदवारी दर्ता गरेका छन्। उनी पनि मुक्तिनाथ विकास बैंकका पूर्वअध्यक्ष हुन्। पर्यटन व्यवसायी खिम थापा स्याङ्जा- २ बाट उम्मेदवार भएका छन्। दुग्ध व्यवसायी रामचन्द्र उप्रेतीले झापा- १ मा मनोनयन दर्ता गरेका हुन्। वैदेशिक रोजगार व्यवसायी लालप्रसाद साँवा लिम्बूले झापा- ४ मा उम्मेदवारी दिएका हुन्। व्यवसायी कृष्णकुमार श्रेष्ठले बारा- ४ मा उम्मेदवारी दर्ता गरेका छन्। उद्योगी भगीरथ सापकोटाले पनि नवलपुर- १ मा मनोनयन दर्ता गरेका छन्।

भक्तपुर उद्योग वाणिज्य संघका महासचिव रुकेश रञ्जितले राष्ट्रिय स्वतन्त्र पार्टीबाट भक्तपुर- १ मा मनोनयन दर्ता गरेका छन्। पर्यटन व्यवसायी तथा पर्यटन बोर्डका पूर्वसिइओ धनञ्जय रेग्मी स्याङ्जा- १ बाट चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्। ऊर्जा व्यवसायी भरतप्रसाद पराजुलीले सिन्धुपाल्चोक- १ मा उम्मदेवारी दिएका हुन्।

व्यवसायी डा. वीरेन्द्रप्रसाद महतोले पनि प्रतिनिधिसभा सदस्यका लागि मनोनयन दर्ता गरेका छन्। उनले जनमत पार्टीबाट सिराहा- ४ मा उम्मेदवारी दर्ता गरेका हुन्। यसअघि ०७९ को निर्वाचनमा डा. महतो जसपाबाट त्यही क्षेत्रमा विजयी भएका थिए।

६ पूर्वअर्थमन्त्री मैदानमा


डा. रामशरण महत


ज्ञानेन्द्रबहादुर कार्की


विष्णुप्रसाद पौडेल


डा. बाबुराम भट्टराई


वर्षमान पुन 'अनन्त'


जनार्दन शर्मा

काठमाडौं/ प्रतिनिधिसभाको आसन्न निर्वाचनका लागि ६ जना पूर्वअर्थमन्त्रीले उम्मेदवारी दिएका छन्। फरक निर्वाचन क्षेत्रमा चार दलबाट ६ जना पूर्वअर्थमन्त्री चुनावी मैदानमा होमिएका हुन्। कांग्रेसबाट पूर्वअर्थमन्त्रीद्वय डा. प्रकाशशरण महत र ज्ञानेन्द्रबहादुर कार्की चुनावी मैदानमा उत्रिएका छन्। डा. महतले नुवाकोट नम्बर १ बाट उम्मेदवारी दिएका छन् भने कार्कीले सुनसरी- ४ बाट उम्मेदवारी दिएका हुन्।

प्रगतिशील लोकतान्त्रिक पार्टीबाट पनि दुईजना पूर्वअर्थमन्त्रीले उम्मेदवारी दर्ता गराएका छन्। पूर्वप्रधानमन्त्री एवं पूर्वअर्थमन्त्री डा. बाबुराम भट्टराई र पूर्वअर्थमन्त्री जनार्दन शर्माले क्रमशः गोरखा क्षेत्र नम्बर २ र रुकुम पश्चिमबाट उम्मेदवारी दिएका हुन्। त्यस्तै, एमालेका उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले रुपन्देही- २ बाट उम्मेदवारी दिएका हुन्। नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता तथा पूर्वअर्थमन्त्री वर्षमान पुन रोल्पाबाट चुनाव लड्ने भएका हुन्।

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

CHANDRAGIRI HILLS LIMITED

Th nk , Kathm andu wwwc h dragi rih llsc m
Phe no + 977 4312515

सोह्रौं वार्षिक साधारणसभाको निर्णय

प्रकाशित मिति : २०८२/१०/०७ गते बुधबार

चन्द्रागिरि हिल्स लिमिटेड काठमाडौंको मिति २०८२/०८/२९ गते बसेको ८५औं सञ्चालक समितिको बैठकको निर्णयानुसार आज मिति २०८२ साल पौष २३ गते बुधवार (तदनुसार ७ जनवरी २०२६) का दिन बोलाईएको कम्पनीको सोह्रौ वार्षिक साधारणसभा यस चन्द्रागिरि हिल्स लिमिटेडको टप स्टेशनमा रहेको सभाहलमा सञ्चालक समितिका अध्यक्ष श्री हेम राज ढकालज्यूको सभापतित्वमा दिनको ११.०० बजे शुरु भई १:५० बजे सम्म देहाय बमोजिमका प्रस्तावहरू उपर छलफल गरी निम्नानुसार निर्णय गरी सु-सम्पन्न भयो।

१. **सभाको सभापतित्व :** कम्पनीको सोह्रौं वार्षिक साधारणसभाको सभापतित्व गरिदिनुहुनको लागि कम्पनी सचिवज्यूबाट अनुरोध गरेबमोजिम सञ्चालक समितिका अध्यक्ष श्री हेम राज ढकालज्यूले सभाको सभापतित्व ग्रहण गर्नु भयो। त्यसपछि संचालक सदस्यज्यूहरू , शेयर सदस्यज्यूहरू र उपस्थित अन्य सम्पूर्ण महानुभावहरूलाई आसन ग्रहण गराउने कार्यक्रम सम्पन्न भयो। तत् पश्चात अध्यक्षज्यूको निर्देशन अनुसार कम्पनी सचिवले सभाको कार्यक्रमलाई अगाडि बढाउनु भयो।

२. **सभाको सूचना :** कम्पनीको मिति २०८२/०८/२९ गते बसेको सञ्चालक समितिको बैठकले सोह्रौं वार्षिक साधारणसभा बोलाउनको लागि आजको मिति तोक्ने निर्णय गरे पश्चात् कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२)को व्यवस्था बमोजिम कम्पनीको १६औं साधारणसभाको लागि सभा हुने मिति, समय, स्थान, छलफलका प्रस्तावहरू र शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धी सूचना क्रमश: मिति २०८२ पौष १ गते मंगलबार र पौष १६ गते बुधवार गरी दुई पटक राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सुचना निकालिएको थियो।
त्यसैगरि यसरी प्रकाशन गरिएको सूचना सहित कम्पनीको आ.व ०८१/०८२ को लेखापरिक्षण सम्पन्न भएको वासलात, आयव्यय हिसाव र नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक प्रतिवेदन कम्पनीको वेभसाईट धधधाअजबलमचबलष्चजर्षिकाअक मा समेत शेयरधनी महानुभावहरूको अधिकतम जानकारीको लागि उपलब्ध गराईएको छ।

३. **उपस्थिति :** शेयरधनीहरूको उपस्थिति संख्या : गणपूरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ वमोजिम)

विवरण	जम्मा शेयर संख्या	उपस्थित शेयरधनी		उपस्थित शेयरधनी		जम्मा शेयर धनी संख्या	जम्मा शेयर संख्या
		स्वयं	प्रतिनिधि मार्फत	स्वयं	प्रतिनिधि मार्फत	(स्वयं तथा प्रतिनिधि)	(स्वयंतथा प्रतिनिधि मार्फत)
सर्वसाधारण समुह	१,५३,४०,९१०.	६७५	६	१,०३,७०,७५९.	३,६७,८७८	६८१	१,०७,३८,६३७
कुल शेयर संख्या	१,५३,४०,९१०	६७५	६	१,०३,७०,७५९	३,६७,८७८	६८१	१,०७,३८,६३७
						कुल प्रतिशत (%)	७०.%

४. **सभाको वैधानिकता :**
कम्पनीको सोह्रौं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार बोलाईएको र कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारणसभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरधनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तिमा ५ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान रहेकोकाले कम्पनीको १६औं वार्षिक साधारणसभामा राखिएको शेयरधनीको हाजिरि पुस्तिकामा हाजिर जनाउने शेयरधनीको संख्या सो भन्दा बढी भएकाले कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी ऐन अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो।

५. **सभाको विषय सूची :**
क) **सामान्य प्रस्ताव**
१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, आयव्यय हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने।
३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/०८३ को बाह्य लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४) कम्पनीको चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.२६३२ प्रतिशत ले हुन आउने रु ४०,३७,०८२ नगद लाभांश वितरण गर्ने।
ख) **विशेष प्रस्ताव**
१) संचालक समितिका स्वतन्त्र संचालक सदस्यको नियुक्ति अनुमोदन गर्ने।
२) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ को वितरण गर्न योग्य मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने।
३) कम्पनीको आ.व. २०८१/०८२ को प्रस्तावित बोनस शेयर वितरण गरे पश्चात कायम हुने चुक्ता पूँजीको १ बरावर १ अनुपातमा हकप्रद शेयर जारी गर्ने।
४) कम्पनीको प्रबन्धपत्रको दफा ६ को कम्पनीको पूँजी संरचना संसोधन गर्ने।
५) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरूबाट थप सुझाव वा हेरफेर वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्ने गरी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।
६) संचालक समितिका सदस्यहरूलाई प्रदान गरिने सेवा सुविधा।
७) प्रभु बैंक लिमिटेडबाट नयाँ परियोजना निर्माणका लागि लिएको कर्जा अनुमोदन गर्ने।

६. **वार्षिक प्रतिवेदन प्रस्तुती :**
सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री हेम राज ढकालज्यूले सोह्रौं वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नुभयो। तत्पश्चात उहाँबाट कम्पनीको हालसम्म भएगरेका कार्य प्रगती, समस्या तथा समस्या समाधानका लागि चालिएका कदमका विषयमा जानकारी गराउनुभयो।

७. **वार्षिक प्रतिवेदन उपर छलफल:**
अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत गरिसके पश्चात उपस्थित शेयरधनीहरूको तर्फबाट प्रस्तुतिकरणको दौरानमा उठेका विषयवस्तुहरू माथि छलफलमा सहभागिता जनाईयो। उपस्थित शेयरधनी महानुभावहरू मध्ये सभामा आई शुभकामना दिनेहरूमा क्रमश श्री जगन्नाथ आर्चाय, श्री भेषराज भण्डारी, श्री गुणराज भट्ट, श्री सुदिप श्रेष्ठ, श्री ब्रहम्देव शाक्य, श्री उद्धव प्रसाद घिमिरे, श्री इश्वर लामा श्री चन्द्र नारायण श्रेष्ठ, श्री प्रतिक खनाल, श्री नितेश बस्नेत, श्री श्रीहरी थापा, श्री कृष्ण प्रसाद खड्गी, श्री बसन्ती श्रेष्ठ, श्री घनश्याम गिरी लगायतले कम्पनीको १६ औं वार्षिक साधारणसभाको शुभकामना दिनुभयो। यसका साथै उहाँहरूबाट चन्द्रागिरि हिल्सलाई साधारण सभाको बैठक आफ्नै परिसरमा आयोजना गरी शेयरधनीहरूलाई नि:शुल्क केबलकार सेवा तथा जलपानको आतिथ्यता प्रदान गरेकोमा धन्यवाद ज्ञापन समेत गर्नुभयो।
श्री जगन्नाथ आचार्यबाट कम्पनीको पूँजी बृद्धिको योजना तथा राइट शेयर निष्काशन गरी दीर्घकालीन ऋण रकमको भुक्तानीको योजनाका बारेमा खुशी व्यक्त गर्दै कम्पनीवाट ५ प्रतिशत शेयर लाभांस वितरण गर्न लाग्नु भएकोमा हामी सम्पूर्ण शेयरधनीका लागि आशा लाग्दो प्रतिफलको शुरुवाती भएको भन्दै हर्ष प्रकट गर्नु भयो। यसका साथै कम्पनीको प्रगति प्रति बधाई दिदैं, संस्थागत सुसासन, कर्मचारीहरूको इमान्दारिता, तालिम आदिको मुल्यांकनका लागि सजग गराउँदै आगामी वर्षमा लेखापरिक्षण कार्य समयमा नै सम्पन्न गरी मंसिर भित्रमा साधारणसभा बस्न सक्ने गरी कार्यतालिका बनाउन सुझाव दिदैं यस साधारणसभाका लागि शुभकामना दिनुभयो।
श्री भेषराज भण्डारीबाट जेनजी आन्दोलनको क्रममा यस कम्पनीमा समेत पुग्न गएको क्षती प्रति गहिरो दुःख व्यक्त गर्दै लाभांश तथा हदपद शेयर निश्कासनको प्रस्ताव प्रति धन्यवाद व्यक्त गर्नुभयो। साथै, आगामी दिनहरूमा कम्पनीको आम्दानी वृद्धिका लागि गरिएका प्रयासहरूलाई अझै निरन्तरता दिनु पर्ने सुझाव दिनु भयो।
श्री गुणराज भट्टबाट चन्द्रागिरि हिल्सको धार्मिक, ऐतिहासिक गरिमाको वर्णन गर्दै उज्वल भविष्यको कामना गर्नुभयो। जेनजी आन्दोलनका क्रममा सरकारले सुरक्षा दिन सकेको भए यस्तो क्षति व्यहोर्नु पर्ने थिएन भन्दै आगामी दिनहरूमा यस्ता दुःखद खबर सुन्न नपरोस भन्ने कामना गर्नुभयो। यसका साथै उहाँबाट यस प्रकारको परियोजनाको निमार्ण गरी समग्र चन्द्रागिरि क्षेत्रको महिमा तथा मुलुककै पहिचानको धरोहरका परिकल्पनाकार तथा योजनाकारमा कृतज्ञता प्रकट गर्नुभयो। यसका अतिरिक्त लाभांश वितरण गर्ने गरी ल्याईएको प्रस्ताव प्रति खुशी व्यक्त गर्नुभयो।
श्री सुदिप श्रेष्ठबाट यस क्षेत्रमा रहेको केबलकारमा यात्रा गर्दा देखिने रमणिय दृश्यहरूवाट नै सबै खुशी हने हुँदा यस केवलकार सेवालाई चुस्त राख्नका लागि कम्पनीवाट गरिएका प्रयासहरूको प्रशंसा गर्दै रिसोर्टमा बस्न आउने शेयर सदस्यहरूलाई केही प्रतिशत छुटको व्यवस्था गर्नसके सबैको अपनत्व महसुस हुने थियो भन्ने सुझाव दिनु भएको थियो। त्यसैगरि साधारणसभालाई एक महिना अगाडी अर्थात मंसिर भित्रमा राख्ने गरी कार्यतालिका बनाउनु हुन समेत अनुरोध गर्नु भयो।
श्री ब्रहम्देव शाक्यबाट कम्पनीबाट लाभांस वितरण, तथा राइट शेयर जारी गर्ने विषयमा धन्यवाद दिदैं नयाँ परियोजना बैङकेट हल तथा केवलकार निर्माणका लागि प्रभु बैकबाट लिइएको ऋणबाट समयमा नै सम्पन्न हुने गरी कार्य गराउन लाग्नु भएकोमा धन्यवाद दिनु भयो। यसका साथै कम्पनीबाट पर्यटन क्षेत्रमा गरेको योगदानका उचित कदर गर्दै सम्पूर्णलाई धन्यवाद दिनुभयो।
श्री उद्दव प्रसाद धिमिरेबाट भाद्र २४ गते भएको आन्दोलनका क्रममा यस कम्पनीमा ठूलो क्षती पुग्न गएकोमा दुःख व्यक्त गर्दै कम्पनीवाट आर्थिक वर्ष ०८१।०८२को कम्पनीको चुक्ता पूँजीको ५ प्रतिशत वोनस शेयर जारी गर्ने प्रस्ताव हामी सम्पूर्ण शेयरधनीका लागि स्वागतयोग्य कुरा भएको र जेनजी आन्दोलनको क्रममा भएको क्षतीको इन्सुरेन्स दावी गरिएको छ वा छैन यदी दावी गरिसकिएको भए के कती क्षतीबापतको रकम इन्सुरेन्स कम्पनीवाट आएको छ सो बारेमा समेत जानकारी गराइदिनुहुन अनुरोध गर्नु भएको थियो। यसका साथै कम्पनीवाट वार्षिक प्रतिवेदन समयमा नै उपलब्ध गराउनु भएकोमा धन्यवाद दिदै लगानीकर्ताको मनोवल उच्च राख्नका लागि यस पटक एकल अंकमा वितरण गरिएको वोनस शेयर आगामी वर्ष दोहोरो अंकको प्रतिफल प्राप्त हुने आशा राख्दै राइट शेयर निश्कासनको काम छिटो अगाडी वढाउन अनुरोध गर्नु भयो।
श्री इश्वर लामाबाट केवलकार टिकटमा कम्पनीको तर्फवाट स्थानियवासीहरूलाई परिचयपत्रको आधारमा पचास प्रतिशत छुट दिने घोषणालाई धन्यवाद दिदैं स्थानिय तहमा कम्पनीको तर्फवाट सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै २०७२को भुकम्पको समयमा गाँउमा पिउने पानीको अभाव समाधानका लागि स्कुल लगायत गाँउमा पिउने पानीको व्यवस्थापन गरिदिनु भएकोमा धन्यवाद व्यक्त गर्नुभयो। साथै यस पर्यटकीय स्थलमा जसरी भालेश्वर मन्दिर राखिएको छ त्यसै गरी एउटा ठूलो बुद्धको मूर्ति राख्न सकेमा अझै पर्यटक बढन सक्ने भएकाले यस विषयमा समेत ध्यान दिन अनुरोध गर्दै स्थानीय बासिन्दाहरूलाई दिइदैं आएको रोजगारको अवसरलाई आवश्यकता अनुसार वृद्धि गर्दै लैजान अनुरोध गर्नुभयो। यस क्षेत्रमा भएको विकास हामी सबैको सम्पती भएकाले जेनजी आन्दोलन लगायत विभिन्न तहवाट किन पटक पटक यसै कम्पनीलाई मात्र आक्रमण हुन्छ भन्ने प्रश्न गर्दै आगामी दिनहरूमा हामी सबै एकजुट भई सम्पूर्ण शेयर सदस्यहरूले अपनत्व लिनु पर्ने धारणा राख्नुभयो।
श्री चन्द्रनारायण श्रेष्ठबाट भाद्र २४ गतेको घटना सहननसक्ने गरी भएको कुरा स्मरणगर्दै कम्पनीवाट प्रस्ताव गरिएको बोनस शेयर वितरण स्वागत योग्य कुरा भएको भन्दै प्रवन्धपत्रमा संसोधनका लागि तिनमहले आउनु पर्ने धारणा राख्नुभयो। साथै उहाँबाट कम्पनीको साधारणसभा आर्थिक वर्ष समाप्त भएपश्चात यथासक्कै चाँडो राख्नका लागि समेत सुझाव दिनुभयो।
श्री प्रतिक खनालबाट पाँच प्रतिशत वोनस शेयर वितरण गर्न लागिएकोमा धन्यवाद दिदै राइट शेयर जारी हुन लागेकोले हामी जस्ता शेयरधनीका लागि धेरै खुशीको कुरा भएको बताउनु भयो।
श्री नितेष बस्नेतबाट यस कम्पनीको आफनै ब्रान्डको पहिचान भएकोले कम्पनीवाट दिइने सेवा सुविधालाई आवश्यकता अनुसार विभिन्न अफरहरू राखि पर्यटकहरू बढाउनु पर्ने सुझाव दिनु भयो।
श्री श्रीहरि थापाबाट कम्पनीको सामाजिक उत्तरदायित्व मार्फत भइरहेको योगदानलाई केही थप गरी समग्र चन्द्रागिरि डाँडाको हरियाली, प्राकृतिक सम्पदाको संरक्षणकालागि जोड दिनुभयो। यसका साथै हाल कम्पनीवाट निमार्ण गर्न लागिएको परियोजना नियमानुसार कही कतै कुनै काम बाँकी भएको भए सो समेत पुरा गरी परियोजना अगाडी बढाउन सुझाव दिनु भयो।
श्री कृष्ण प्रसाद खड्गीबाट बिगत देखि नै स्थानिय तहबाट दिइदै आएको सहयोग तथा साथ आगामी दिनहरूमा समेत निरन्तरता रहने विचार व्यक्त गर्दै कम्पनीबाट स्थानियहरूका लागि केवलकार टिकटमा दिन लागिएको पचास प्रतिशत छुट दिने निर्णयलाई स्वागत गर्दै स्थानीय स्तरका व्यक्तिहरूलाई रोजगारीमा दिदैं अवसर अझै बढाउनु पर्ने विचार राख्नुभयो।
श्री बसन्ती श्रेष्ठबाट जेनजी आन्दोलनका कारण यस कम्पनीमा समेत क्षती पुगेकोमा दुःख व्यक्त गर्दै स्थानीय स्तरमा उत्पादन हुने वस्तुको खरिद बिक्रीमा सहजीकरण गरिदिन आग्रह गर्दै कम्पनीको व्यवस्थापन टिममा महिलाहरूको सहभागीता नदेखिएकोले संविधानमा रहेको व्यवस्था अनुरुप तेत्तिस प्रतिशतलाई आधारमानी संख्याको व्यवस्थापन गर्नको लागि सुझाव दिनु भयो।
श्री घनश्याम गिरिबाट आज भन्दा करिव १६ वर्ष अगाडी देखि उहाँले यस कम्पनीको काम कारवाहिका वारेमा आफनो तहवाट सक्दो सहयोग गर्दै आएको र हालसम्मको अवस्थामा आउनका लागि साविक थानकोट गा.वि.स अर्थात हालको यस चन्द्रागिरि नगरपालिकाको तर्फवाट यस पर्यटकीय स्थलमा आउने पर्यटकहरूका कारण यस क्षेत्रको व्यापार व्यवसायमा वृद्धि हुनुका साथै यस क्षेत्रको समग्र आर्थिक स्तर सुधार हुनुका अतिरिक्त यस परियोजनावाट ३०० जना भन्दा वढीले प्रत्यक्ष रोजगारी पाउनु स्थानियहरूको लागि निकै गौरवको कुरा भएको बताउनुभयो। जेनजी आन्दोलनका कारण करिब तिन महिना बन्द रहेको केवलकार लगायतमा लागेको आगोबाट सबै खरानी भएको भएता पनि अब हामी खरानीवाट उठेर भए पनि काम अगाडी बढाउछौ भनी संचालकहरू र व्यवस्थापनबाट गरिएको प्रयासका कारण छिट्टै पुःन संचालनमा आएकोमा खुशि व्यक्त गर्नु भयो। कम्पनीबाट हाल निर्माण गर्न लागिएको केवलकार तथा बैङकेट हल नगरपालिकाबाट नियमानुसार सबै प्रकिया पुरा गरी क्ष्भ्भ स्वीकृत गरिएको समेत जानकारी गराउदै कम्पनीवाट माग भई आएमा नगरपालिकाको तर्फवाट आवश्यक सहजिकरणका लागि सदैव साथ रहेको समेत व्यक्त गर्नु भयो।
शेयरधनीहरूबाट उठाईएका विषयहरूको बारेमा अध्यक्षज्यूबाट जवाफ दिने कार्य गर्नुभयो। उहाँले यस कम्पनीको परिकल्पना आफुले सन २००३ मा गरेको बताउनु भयो। यस कम्पनी दुई चार जनाको मात्र हो भनेर भन्ने अवस्था छैन किनकी हाल करिव असी हजार भन्दा बढीको शेयर रहेको यस पब्लिक कम्पनीमा स्थानीयहरूको पनि सम्पत्ति हो भन्ने कुरा सबैले बुझ्नुपर्ने हो। यस परियोजना शुरु गर्ने बेला स्थानीयहरूको पूर्ण रुपमा सदभाव तथा सहयोग रहेकाले नै आजको यस अवस्थामा आउन कम्पनी सफल भएको छ। यसै रिसोर्ट परिसरमा निमार्ण गर्न लागेको नयाँ ब्यांक्वेट हल तथा केवलकारको विस्तारको योजनाका विषयमा कम्पनीले हालसम्म गरेका कामहरूको बारेमा समेत जानकारी गराउनु भयो। साथै उहाँबाट आगामी दिनहरूमा अझै मेहनत गरेर व्यवसाय विस्तारको लागी बजार प्रर्वधनमा विशेष ध्यान पुऱ्याउन व्यवस्थापनलाई अनुरोध गर्दै आगामी दिनहरूमा चुस्त दुरुस्त ढङ्गले अगाडी वढाउन समेत अनुरोध गर्नुभयो। त्यसैगरी शेयर सदस्यहरूवाट गत वर्ष साधारणसभामा उठाएको कुराहरूलाई सम्बोधन हुने गरी कम्पनीवाट दिन लागिएको ५ प्रतिशत वोनस शेयर र चुक्ता पूँजीको १ बरावर १ अनुपातमा हदप्रद शेयर जारी गर्न लागिएको विषयमा जानकारी गराउनु भयो। यसका साथै चन्द्रागिरि केवलकार सेवाका उपकरणहरू विश्वकै उत्कृष्ट कम्पनीको भएको तथा सेवा शतप्रतिशत सुरक्षित रहेकाले समय समयमा विद्युत सेवा अवरुद्ध भएको अवस्था वा केही प्राविधिक कारणले केही समय केवलकार बन्द भएको विषय सामाजिक संजालहरूमा अतिरञ्जित रुपमा व्याख्या गरिएको व्यहोरा समेत जानकारी गराउनु भयो। त्यसैगरी आगामी साधारणसभा अगावै संचालक सदस्यमा एक जना महिला सदस्य आई सक्ने जानकारी गराउदै सम्पूर्ण शेयरधनीहरूका लागि चन्द्रागिरि भ्रमणलाई थप प्रोहत्सान गर्न तथा चन्द्रागिरिमा आ आफ्ना धार्मिक, समाजिक तथा पारिवारिक कार्यक्रमहरू, समारोहहरूको आयोजना गर्न आह्वान गनुभयो। त्यसैगरी क्रमश चन्द्रागिरि नगरपालिका,थाहा नगरपालीका र इन्द्रसरोवर गाँउपालिका भित्र स्थायी रुपमा वसोवास गर्ने स्थानीयहरूका लागि आगामी २०८२ माघ १ गते देखि लागु हुने गरी केवलकार टिकटमा पचास प्रतिशत छुट दिने घोषणा गर्नु भयो। तर यसरी दिईने छुट सेवा लिनका लागि आफु स्थानीय भएको प्रमाण खुल्ने नागरिकता वा बसाइ सराईको कागज अनिवार्य रुपमा पेश गर्नु पर्ने समेत जानकारी गराउनु भयो। अन्त्यमा अध्यक्षज्यूबाट सम्पूर्ण शेयरधनीहरूबाट कम्पनीका बारेमा दिनुभएका राय सल्लाह, सुझाव तथा अनुरोधहरूका लागि सहृदय धन्यवाद ज्ञापन गर्दै कम्पनीको उत्तोरत्तर प्रगतिमा उहाँहरूको साथ, सहयोगको उच्च मुल्यांकन हुने प्रतिबद्धता व्यक्त गर्नुभयो।

८. **निर्णयहरू :**
माथिका समसामयिक विषयहरूमा उपस्थित शेयरधनी महानुभावहरूले सहभागिता जनाउने काम सम्पन्न भएपछि छलफलका क्रममा शेयरधनीहरूबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्ने सम्बन्धमा अध्यक्षज्यूवाट प्रतिबद्धता व्यक्त भएपछि विधिवत रुपमा वार्षिक साधारणसभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरू उपर छलफल भई निम्नानुसार निर्णय गरियो:

क) **सामान्य प्रस्ताव:**
१) **संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने।**
सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत सोह्रौं वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा राखिएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो।
२) **लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, आयव्यय हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने।**
लेखा परीक्षकको प्रतिवेदनसहितको आ.व. २०८२ साल आषाढ मसान्तसम्मको वासलात, सोहि मितिमा समाप्त भएको आ.व.२०८१/०८२ को आयव्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू स्वीकृत गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो।
३) **कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/०८३ को बाह्य लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।**
कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/०८३ को लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने विषयमा यस कम्पनीको आ.व. २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको रुपमा पि.वाई.सी एण्ड एसोसिएट्स् चार्टड एकाउण्टटेण्टस् लाई लेखापरीक्षकको रुपमा नियुक्ति गर्ने र निजको पारीश्रमिक बापत रु. ४,५०,००० (चार लाख पचास हजार मात्र भ्याट बाहेक) निर्धारण गर्ने र कम्पनीका सवै आवश्यक अनुपालना प्रतिवेदनहरूको परिक्षण र प्रमाणीकरण तथा सोही आर्थिक वर्ष २०८२। ०८३ को कर लेखापरिक्षणको लागि पारिश्रमिक रु ५०,०००। अक्षरुपी पचास हजार भ्याट वाहेक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।
४) **कम्पनीको चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.२६३२ प्रतिशत ले हुन आउने रु ४०,३७,०८२ नगद लाभांश वितरण गर्ने।**
कम्पनीबाट मिति २०८२ मंसिर २९ गतेको संचालक समितिको बैठकबाट सिफारीस भए अनुसार आ.व. २०८१।८२ को वितरण योग्य मुनाफाबाट हालको चुक्ता पूँजी रु १ अर्व ५३ करोड ४० लाख ९१ हजार को ५ प्रतिशत अर्थात रु ७ करोड ६७ लाख ०४ हजार ५५० वरावरको बोनस शेयर जारी गर्ने प्रस्ताव अनुसार उक्त बोनस शेरयमा लाग्ने कर प्रयोजनका लागि कम्पनीको चुक्ता पूँजीको ०.२६३२ प्रतिशत अर्थात रु ४० लाख ३७ हजार ०८२ नगद लाभांस वितरण गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो।

ख) **विशेष प्रस्ताव**
१) **संचालक समितिका स्वतन्त्र संचालक सदस्यको नियुक्ति अनुमोदन गर्ने।**
कम्पनीको मिति २०८१ फाल्गुन २२ गतेको संचालक समितिको बैठकबाट रिक्त रहेको स्वतन्त्र संचालक समितिको सदस्य पदमा श्री विष्णु प्रसाद पराजुलीलाई बाँकी कार्यकालका लागि गरिएको नियुक्ति अनुमोदनका लागि प्रस्ताव पेश गरिएकोमा उक्त प्रस्ताव सर्वसम्मती बाट पारित गरियो। साथै स्वतन्त्र संचालक सदस्यको पदावधी आजैवाट सकिने भएकोले मिति २०८२/०९/२० गते बसेको संचालक समितिबाट सिफारिस भई आएका तीन जना सदस्यहरू कमश श्री विष्णु प्रसाद पराजुली, पर्यटन क्षेत्रमा अनुभव प्राप्त ,श्री कृष्ण प्रसाद शर्मा पूर्व कर्मचारी नेपाल राष्ट्र बैक ,बैकिङ क्षेत्रमा अनुभव प्राप्त ,श्री ज्ञानेन्द्र अधिकारी अर्थशास्त्री मध्ये कम्पनी ऐन २०६३ को दफा ८६ वमोजिम श्री विष्णु प्रसाद पराजुलीलाई आगामी चार वर्षको लागि स्वतन्त्र संचालक पदमा नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।
२) **संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ को वितरण गर्न योग्य मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने।**
विशेष प्रस्ताव नं २ उपर छलफल हुँदा संचालक समितिको बैठकबाट सिफारिस भए बमोजिम आ.व. २०८१।८२ को वितरण योग्य मुनाफाबाट हालको चुक्ता पूँजी रु. १,५३,४०,९१,००० को ५ प्रतिशत अर्थात रु ७,६७,०४,५५० (अक्षरेपी सात करोड सत्सठ्ठी लाख चार हजार पाँच सय पचास रुपैंयाँ) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने निर्णय पारित गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो।
३) **कम्पनीको आ.व. २०८१/०८२ को प्रस्तावित बोनस शेयर वितरण गरे पश्चात कायम हुने चुक्ता पूँजीको १ बरावर १ अनुपातमा हकप्रद शेयर जारी गर्ने।**
विशेष प्रस्ताव नं ३ उपर छलफल हुँदा संचालक समितिको बैठकबाट सिफारिस भए अनुसार आ.व. २०८१।८२ को प्रस्तावित ५ प्रतिशत बोनस शेयर वितरण पश्चात कायम हुने कुल चुक्ता पूँजी रु १,६१,०७,९५,५५० /- को १ बरावर १ अनुपात अथवा १०० प्रतिशतमा हुने रु. १,६१,०७,९५,५५०/- (अक्षरेपी एक अर्व एकसठ्ठी करोड सात लाख पन्चान्नब्बे हजार पाँच सय पचास रुपैंयाँ मात्र) बराबरको हकप्रद शेयर जारी गरी वितरण गर्न स्वीकृत गर्ने निर्णय पारित गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरियो।
४) **कम्पनीको प्रबन्धपत्रको दफा ६ को कम्पनीको पूँजी संरचना संसोधन गर्ने।**
विशेष प्रस्ताव नं. ४ उपर छलफल हुँदा उल्लेखित बोनस शेयर प्रदान गर्ने र सो पश्चात कायम हुने चुक्ता पूँजी को १:१ अनुपातको हकप्रद शेयर जारी गरी वितरण गर्ने प्रस्ताव पारित भए संगै कम्पनीको हालको अधिकृत पूँजी रु २,००,००,००,०००।- (अक्षरेपी दुई अर्व रुपैंयाँ) मात्र भएकाले सो समेतलाई मध्यनजर गरी कम्पनीको अधिकृत पूँजी रु. २ अर्ब बाट वृद्धि गरी रु. ३,५०,००,००,०००।- (अक्षरेपी तीन अर्ब पचास करोड रुपैंया) कायम गर्ने र बोनस शेयर प्रदान गरे पश्चात कायम हुने चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर जारी गरी वितरण गरे पश्चात जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सो हदसम्म जारी तथा चुक्ता पूँजी कायम हुने गरी प्रबन्धपत्रमा पूँजी संरचना संसोधन गर्ने सम्बन्धमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी बिशेष प्रश्ताव अर्न्तगत प्रबन्धपत्रको दफा ६(क) कम्पनीको अधिकृत पूँजी, दफा ६(ख) कम्पनीको जारी पूँजी र दफा ६ (ग) कम्पनीको चुक्ता पूँजी वृद्धि गरी पूँजी संरचना संसोधन गरियोस् भनी सभामा पेश भएकोमा देहाय बमोजिम प्रबन्धपत्र संसोधन र परिमार्जन गर्ने गरी सभाबाट सर्वसम्मतिबाट पारीत गरी कम्पनी रजिष्ट्रारको कार्यलयमा अभिलेख समेत गराउने निर्णय गरी स्वीकृत गरियो।

देहाय
प्रबन्धपत्रमा देहाय बमोजिमको थप तथा संसोधन गर्ने :
दफा ६ (क)
कम्पनीको अधिकृत पूँजी रु. ३,५०,००,००,०००।- (अक्षरेपी तीन अर्ब पचास करोड रुपैंया) हुनेछ। सो पूँजीलाई रु. १०० दरका ३,५०,००,००० (तीन करोड पचास लाख) थान साधारण शेयमा विभाजन गरिएको छ।
दफा ६ (ख)
कम्पनीको जारी पूँजी रु. १,६१,०७,९५,५५०।- (अक्षरेपी एक अर्व एकसठ्ठी करोड सात लाख पन्चान्नब्बे हजार पाँच सय पचास रुपैंया) हुनेछ। सो पूँजीलाई रु. १०० दरका १,६१,०७,९५५ (एक करोड एकसठ्ठी लाख सात हजार नौ सय पचपन्न) थान साधारण शेयमा विभाजन गरिएको छ।
दफा ६ (ग)
कम्पनीको तत्काल चुक्ता पूँजी रु. १,६१,०७,९५,५५०।- (अक्षरेपी एक अर्ब एकसठ्ठी करोड सात लाख पन्चान्नब्बे हजार पाँच सय पचास रुपैंया) हुनेछ। सो पूँजीलाई रु. १०० दरका १,६१,०७,९५५ (एक करोड एकसठ्ठी लाख सात हजार नौ सय पचपन्न) थान साधारण शेयमा विभाजन गरिएको छ। सो मध्येको रु. १,५३,४०,९१,०००।- (अक्षरेपी एक अर्ब त्रिपन्न करोड चालीस लाख एकान्नब्बे हजार रुपैंया) चूक्ता भै सकेको र बाँकी हुन आउने पूँजी रु ७,६७,०४,५५० (अक्षरेपी सात करोड सत्सठ्ठी लाख चार हजार पाँच सय पचास) बोनस शेयर वितरण पश्चात मात्र चूक्ता हुनेछ।
५) **कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरूबाट थप सुझाव वा हेरफेर वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्ने गरी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।**
विशेष प्रश्ताव नं. ५ उपर छलफल हुँदा कम्पनीको प्रबन्धपत्र र नियमावलीलाई समय सापेक्ष बनाउन आवश्यक भएकाले देहाय बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन वा परिमार्जन गर्ने र सो सम्बन्धमा नियमनकारी निकायहरूबाट थप सुझाव वा हेरफेर वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम गर्ने गरी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने गरि सभाले सर्वसम्मतिबाट उक्त विशेष प्रश्ताव पारित गरी स्वीकृत गरियो। यसैगरि हकप्रद शेयर वितरण पश्चात कम्पनीको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सो पूँजी वृद्धिको हदसम्म कम्पनीको प्रबन्धपत्रमा जारी पूँजी र चुक्ता पूँजी संसोधन गरि कम्पनी रजिष्ट्रारको कार्यलयमा अभिलेख समेत गराउने कार्यका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय समेत पारित गरियो।
देहाय
प्रबन्धपत्रमा देहाय बमोजिम संसोधन गर्ने
दफा ६ (घ).
व्यवस्था नगरिएको वा हटाइएको।
दफा ६ (ङ).
व्यवस्था नगरिएको वा हटाइएको।
दफा ८ (ख).
व्यवस्था नगरिएको वा हटाइएको।
नियमावलीमा देहाय बमोजिमको संसोधन गर्ने
दफा (७). विभिन्न वर्गका शेयरहरू जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीहरूको हक, अधिकार र बन्देजहरू : -
दफा ७ (क)
यस कम्पनीबाट जारी हुने सम्पूर्ण शेयरहरू साधारण शेयर हुनेछन्।
दफा ७ (ख)
व्यवस्था नगरिएको वा हटाइएको।
दफा २७. संचालक समितिको गठन, संख्या र कार्यकाल : -
दफा २७ (२)
यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ। जसमध्ये १ (एक) जना स्वतन्त्र संचालक रहनेछन्
दफा २७ (२) (क)
कम्पनीका शेयरधनी मध्येबाट आपसी समझदारीमा मनोनित वा निर्वाचित ६ (छ) जना संचालक हुनेछन्।
दफा २७ (२) (ख)
कम्पनीले कम्पनी ऐनले तोकेको योग्यता पुगेका १ (एक) जना व्यक्तिलाई स्वतन्त्र संचालकको रुपमा नियुक्त गर्नेछ।
दफा ३१.सञ्चालक नियुक्ती सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा : -
संचालक समितिमा नियम २७ मा उल्लेख एक अनुसार सञ्चालक नियुक्त हुनेछन्।
दफा ३१ (क), ३१(ख) र ३१(ग)
व्यवस्था नगरिएको वा हटाइएको।
६) **संचालक समितिका सदस्यहरूलाई प्रदान गरिने सेवा सुविधा।**
संचालक समितिका सदस्यहरूका लागि तपशिलमा उल्लेख गरिए बमोजिमको रकम (कर सहित) संचालक समितिका सदस्यहरूलाई मासिक रुपमा भुक्तानी गर्ने सर्वसम्मतीबाट निर्णय गरियो।

विवरण	यातायत/इन्धनका लागि	पत्रपत्रिका/संचार खर्चका लागि	जम्मा
अध्यक्षका लागि	३५,०००/	१५,०००/	५०,०००/
संचालक सदस्यको लागि	२५,०००/	१५,०००/	४०,०००/

७) **प्रभु बैंक लिमिटेडबाट नयाँ परियोजना निर्माणका लागि लिएको कर्जा अनुमोदन गर्ने।**
कम्पनीबाट नयाँ परियोजना अन्तर्गतको ब्याङ्क्वेट हल तथा नयाँ केवलकार निर्माणका लागि प्रभु बैंक लि.बाट लिइएको रु.२० करोड वरावरको परियोजना कर्जा अनुमोदन गर्ने सर्वसम्मतीबाट निर्णय गरियो।

श्री झलकराज शर्मा
(कम्पनी सचिव)

श्री हेमराज ढकाल
(अध्यक्ष)

कोरिया भाषा परीक्षा उत्तीर्ण गरेका युवा फेरि आन्दोलित

भाषा परीक्षा उत्तीर्ण गरेकामध्ये डेढ महिनाभित्रै साढे चार हजार युवाको म्याद सकिने भएपछि रोस्टरमा पर्ने सबैको कोरियामा रोजगारी ग्यारेन्टी हुनुपर्ने माग, धर्ना थालेका युवासँग आज वार्ता

अजित अधिकारी/नयाँ पत्रिका

भाषा परीक्षा उत्तीर्ण गरेको दुईवर्षे म्याद सकिन लाग्दासमेत कोरियाको रोजगारी अनिश्चित भएपछि युवाहरू फेरि आन्दोलित भएका छन्। यही जनवरीमा आठ सय ५३ र फेब्रुअरीमा थप तीन हजार सात सय ९६ युवाको भाषा परीक्षाको म्याद सकिन लागेको छ। भाषा परीक्षा उत्तीर्ण भएका सबै युवाहरू कोरिया जान पाउनुपर्ने माग राखेर मंगलबार दिउँसो उनीहरूले इपिएस शाखा, ग्वार्कोमा धर्ना दिएका हुन्।

एकपटक भाषा परीक्षा उत्तीर्ण भएपछि दुई वर्षका लागि मान्य हुने व्यवस्था छ। तर, करिब दुई वर्षदेखि कोरियाको रोजगारीमा जाने दिन कुरे पनि पालो नआएपछि बाध्य भएर आन्दोलन थालिएको भाषा परीक्षा उत्तीर्ण गरेका युवा प्रबल खनालले जानकारी दिए। 'भाषा परीक्षा पास गरेका सबैले रोजगारीका लागि कोरिया जान पाउनुपर्छ भन्ने माग राखेर फेरि धर्ना दिन थालेका छौँ,' उनले भने, 'भोलि (बुधबार) सरकारी टोलीसँग वार्ता गर्ने तय भएको छ। वार्ताबाट समस्या समाधान हुने अपेक्षा छ।'

भाषा परीक्षा उत्तीर्ण गरेका युवाको तर्फबाट मुख्य गरी दुईवटा माग पेस भएका छन्। खनालका अनुसार पानीजहाजमा काम गर्नका लागि भाषा परीक्षा उत्तीर्ण गरे पनि म्याद सकिन लागेका तीन हजार एक सय ५० युवाको भाषा परीक्षाको म्याद दुई वर्ष थप गर्नुपर्ने माग छ। त्यस्तै, एकपटक कोरिया गएर पुनः जान लागेका युवाहरूको फाइल तुरुन्त कोरियास्थित रोजगारदाता कम्पनीलाई फरवार्ड गरी प्रक्रिया अघि बढाउनुपर्ने माग राखिएको खनालले बताए।

पछिल्लो समय भने भाषा परीक्षा उत्तीर्ण गरेर रोस्टरमा रहेका युवाहरूले पालो पाउनै मुस्किल बन्दै गएको छ। नेपालस्थित इपिएस शाखाका निर्देशक टीकाराम ढकालले रोजगारीका लागि कोरिया जानुपर्ने युवाको मागलाई सरकारका तर्फबाट सहजीकरण भइरहेको बताए। उनले आन्दोलन र धर्नाजस्ता कार्यक्रमको सट्टा वार्ताबाट समस्या हल गर्न पनि आग्रह गरेका छन्।

'युवा साथीहरूसँग वार्ता गर्दै छौँ। सोही वार्ताबाट समस्या समाधानको पहल हुनेछ,' उनले भने। शाखाले एक विज्ञप्ति निकालेर युवाको माग सम्बोधनका लागि समिति बनाइएको र समितिले चाँडै प्रतिवेदन दिन लागेको उल्लेख गरेको छ। त्यस्तै, नेपाली प्रतिनिधिमण्डल सम्मिलित एक टोली कोरिया नै पुगेर आवश्यक सहजीकरण हुन लागेको पनि शाखाले जनाएको छ।

■ आठ हजार नौ सय युवाको म्याद सकिँदै

जिटुजी प्रक्रियाबाट जाने भएकाले कोरियाको रोजगारी तुलनात्मक रूपमा सुरक्षित र आकर्षक छ। त्यसैले युवाहरूले कोरिया भाषा सिक्ने र परीक्षा उत्तीर्ण गरेर रोजगारीको सपना देख्ने गरेका छन्। तर, भाषा परीक्षा दिएर पनि समय घर्किन लागेका युवाको संख्या आठ हजार नौ सय दुई रहेको छ। यसमध्ये डेढ महिनाभित्र चार हजार ६ सय ४९ युवाको भाषा परीक्षाको समय सकिँदै छ। 'दुई वर्षदेखि कुर्दासमेत रोजगारीका लागि कोरिया जान नपाउनु अन्याय हो। त्यसैले कूटनीतिक पहलमार्फत रोस्टरमा रहेका सबैलाई कोरिया जान पाउने वातावरण बनाउनुपर्छ भनेका छौँ,' इपिएसपीडित प्रबल खनालले भने।

२८ खर्ब नाघ्यो सार्वजनिक ऋण

सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमै एक खर्ब ८७ अर्ब गयो

मीनराज बसन्त/नयाँ पत्रिका

सरकारको सार्वजनिक ऋण २८ खर्ब रुपैयाँ नाघेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले मंगलबार सार्वजनिक गरेको पुस मसान्तसम्मको प्रतिवेदनले सरकारले तिर्न बाँकी ऋण २८ खर्ब ६ अर्ब नौ करोड रुपैयाँ पुगेको देखाएको छ। यो कुल गार्हस्थ्य उत्पादनको ४५.९५ प्रतिशत हो।

चालू आर्थिक वर्षको सुरु (साउन)मा कुल ऋण दायित्व आन्तरिकतर्फ १२ खर्ब ६८ अर्ब २२ करोड र बाह्यतर्फ १४ खर्ब पाँच अर्ब ८२ करोड गरी २६ खर्ब ७४ अर्ब चार करोड रुपैयाँ थियो। पुस मसान्तसम्म सरकारको दुई खर्ब १४ अर्ब ५५ करोड रुपैयाँ ऋण लिएको छ भने एक खर्ब ५२ अर्ब ८९ करोड साँवा भुक्तानी गरेको छ। बढ्दो विदेशी विनिमय दरका कारण सरकारलाई ७० अर्ब ६८ करोड रुपैयाँ नोक्सानी व्यहोर्नुपरेको छ।


ऋण प्राप्ति, भुक्तानी र विनिमय दरमा आएको उतारचढावलाई समेत हिसाब गर्दा पुस मसान्तसम्ममा तिर्न बाँकी ऋण आन्तरिकतर्फ १३ खर्ब १९ अर्ब १३ करोड र बाह्यतर्फ १४ खर्ब ८७ अर्ब २६ करोड रुपैयाँ हुन पुगेको हो। कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५३ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४७ प्रतिशत पुगेको कार्यालयको तथ्यांक छ। सरकारले चालू आर्थिक वर्षमा कुल पाँच खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ।

ऋण सेवामा पौने दुई खर्ब खर्च

चालू आवमा सरकारले ऋण सेवा खर्चतर्फ चार खर्ब ११ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको थियो। पुस मसान्तसम्म एक खर्ब ८७ अर्ब १२ करोड खर्च गरेको छ। यो वार्षिक बजेट विनियोजनका आधारमा ४५.५३ प्रतिशत र जिडिपीका आधारमा ३.०६ प्रतिशत हो। सरकारले ऋण सेवाअन्तर्गत साँवातर्फ एक खर्ब ५२ अर्ब ८९ करोड र ब्याजतर्फ ३४ अर्ब २३ करोड खर्च गरेको हो।

सरकारले पुस मसान्तसम्म आन्तरिकतर्फ एक खर्ब ५५ अर्ब १३ करोड र बाह्यतर्फ ३१ अर्ब ९९ करोड साँवा भुक्तानी गरेको छ। त्यस्तै, यस अवधिमा सरकारले आन्तरिकतर्फ २८ अर्ब ३७ करोड र बाह्यतर्फ पाँच अर्ब ८५ करोड ब्याज तिरेको कार्यालयको तथ्यांक छ।

एनसेल–भाटभटेनीको अफर : टी–२० विश्वकपका मर्चेन्डाइजमा २०% सम्म छुट



काठमाडौं/ एनसेल र भाटभटेनीले संयुक्त रूपमा विशेष अफर सार्वजनिक गरेका छन् । यो अफरमार्फत नेपालको आधिकारिक टी-२० पुरुष क्रिकेट विश्वकप २०२६ को मर्चेन्डाइज खरिद गर्दा उपभोक्ताले २० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्छन् । अफरअन्तर्गत करसहित २९९ वा सोभन्दा माथिका एनसेल डेटा वा कम्बो प्याक खरिद गर्ने ग्राहकले छुटका लागि कुपन प्राप्त गर्नेछन् । यसरी प्राप्त हुने छुट कुपन नेपालका आधिकारिक टी-२० क्रिकेट विश्वकप मर्चेन्डाइज खरिद गर्दा भाटभटेनीको अनलाइन स्टोरमा प्रयोग गर्न सकिन्छ ।

यो अफरले क्रिकेटप्रेमीलाई मर्चेन्डाइज प्रयोग गर्ने अवसर प्रदान गर्दै राष्ट्रिय क्रिकेट टोलीसँग भावनात्मक रूपमा झन् बढी जोड्ने अपेक्षा गरिएको छ । अफरअन्तर्गतका मर्चेन्डाइजमा नेपाली राष्ट्रिय क्रिकेट टोलीको जर्सी, रेप्लिका जर्सी, क्रिकेट ट्राउजरसुट तथा क्याप समावेश छ । यो अफर एनसेल एप, देशभरका एनसेल पसल तथा एनसेल सेन्टरहरूमार्फत उपलब्ध हुने बताइएको छ ।

एनसेल एपमार्फत सहभागी हुन ग्राहकले एप खोली टी-२० विश्वकप क्याम्पेन ब्यानरमा क्लिक गर्न वा अफरअन्तर्गतका कुनै पनि प्याक चयन गरी खरिद गनुपर्नेछ । यो अफर २०२६ मार्च ३१ अर्थात् ०८२ चैत १७ गतेसम्म वा भाटभटेनी अनलाइन स्टोरमा अफरअन्तर्गतको मर्चेन्डाइज उपलब्ध रहुन्जेल लागू हुने बताइएको छ ।

ग्राहकले अफरका लागि आफू योग्य रहने कुनै पनि प्याकको प्रत्येक खरिदमा एक मात्र प्रोमो कोड अर्थात् कुपन प्राप्त गर्छन् । प्रोमो कोड साथीभाइ वा परिवारका सदस्यलाई दिन पनि सकिनेछ ।

नेपाल बैंक र ब्ल्याक हर्सबिच छुट सम्झौता



काठमाडौं/ नेपाल बैंक लिमिटेड र ब्ल्याक हर्स इन्डस्ट्रिजबिच छुट सम्झौता भएको छ । छुटसम्बन्धी सम्झौतापत्रमा बैंकका तर्फबाट बजारीकरण तथा अनुसन्धान डिभिजन प्रमुख निर्मल सुवेदी र ब्ल्याक हर्सका प्रबन्ध निर्देशक चिनबहादुर श्रेष्ठले हस्ताक्षर गरेका हुन् । योसँगै बैंकमा खाता रहेका ग्राहक र कर्मचारीले उक्त कम्पनीका उत्पादनको खरिदमा १० देखि २० प्रतिशतसम्म छुट पाउनेछन् । यो सहकार्यले नेपाल बैंकका खातावाल र बैंकमा कार्यरत कर्मचारीले ब्ल्याक हर्स ब्रान्डका जुत्ता सुपथ मूल्यमा खरिद गर्न सक्नेछन् ।

नेसनल लाइफको एमडिआरटी सम्मान तथा तालिम



काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले एमडिआरटी सम्मान तथा तालिम कार्यक्रम सम्पन्न गरेको छ । कम्पनी अध्यक्ष प्रेमाराज्यलक्ष्मी सिंहको प्रमुख आतिथ्य तथा प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुरेशप्रसाद खत्रीको सभापतित्वमा भएको हो ।

अभिकर्ताहरूको अन्तर्राष्ट्रिय फोरम एमडिआरटीले एमडिआरटी २०२६ का नेपालभरबाट छनोट भएकालाई कम्पनीले सम्मान गरेको हो । टिओटीमा दुईजना, सिओटीमा चारजना र एमडिआरटीमा ७७ जना गरी ८३ जना अभिकर्तालाई छनोट भएका छन् । कार्यक्रममा सहभागी अभिकर्तालाई अन्तर्राष्ट्रिय प्रशिक्षक काजिम रजाले तालिम प्रदान गरेका थिए ।

सिइओले एमडिआरटी २०२६ मा तोकिएको बिमाशुल्क संकलन गरी एमडिआरटी सिओटी र टिओटीको गरिमामय लक्ष्य हासिल गर्न सफल सबै अभिकर्तालाई विशेष सम्मान गरे । साथै, कम्पनीले एमडिआरटी अभिकर्ता उत्पादनलाई थप बल पुग्ने गरी ल्याएको मासिक योजना 'चेज योर एमडिआरटी'मा सफल हुने अभिकर्तालाई तोकिएको प्रोत्साहन प्रदान गरेका थिए । यसैगरी, सबैभन्दा बढी एमडिआरटी अभिकर्ता उत्पादन गर्न सफल तीनकुने शाखालाई पनि सम्मान गरिएको कम्पनीले जनाएको छ ।

सिन्धु विकासको कामु सिइओमा केसी

काठमाडौं/ सिन्धु विकास बैंक लिमिटेडको कायममुकायम प्रमुख कार्यकारी अधिकृत (कामु सिइओ)मा गणेशकुमार केसी नियुक्त भएका छन् ।

५ माघमा बसेको बैंकको सञ्चालक समितिको बैठकले केसीलाई कामु सिइओमा नियुक्त गरेको हो । केसीको कार्यकाल माघ १ बाटै लागू भइसकेको छ ।

एनएमबि बैंकले ल्यायो दुईवटा भिसा प्लाटिनम डेबिट कार्ड



काठमाडौं/ एनएमबि बैंकले दुईवटा नयाँ भिसा प्लाटिनम डेबिट कार्ड सार्वजनिक गरेको छ । बैंकले आफ्ना ग्राहकलाई थप सुविधा र अझै उत्कृष्ट बैंकिङ अनुभव प्रदान गर्ने उद्देश्यले यी कार्ड सार्वजनिक गरेको हो । जसमा 'प्लाटिनम डेबिट डिलाइट' र 'प्लाटिनम डेबिट' कार्ड रहेका छन् । यी कार्डले ग्राहकको दैनिक बैंकिङ अनुभवलाई सहज र प्रिमियम बनाउने विश्वास बैंकले लिएको छ ।

नयाँ प्लाटिनम कार्डधारकले विभिन्न प्रिमियम आउटलेटमा आकर्षक छुटका साथै विमानस्थलमा लाउन्ज सुविधा पाउनेछन् । विशेष गरी धेरै यात्रा गर्ने र बैंकिङ सेवामा लचकता खोज्ने ग्राहकका लागि 'प्लाटिनम डेबिट डिलाइट' कार्ड निकै उपयोगी हुने बैंकको भनाइ छ । यस कार्डमार्फत ग्राहकले नेपालभरका कुनै पनि बैंकको एटिएमबाट निःशुल्क नगद झिक्न सक्नेछन् भने भारतमा नगद झिक्दासमेत विशेष सहुलियत पाइनेछ ।

एनआइसीको सम्पत्ति लिलाम बिक्री पोर्टल

काठमाडौं/ एनआइसी एसिया बैंकले लिलाम बिक्रीसम्बन्धी अनलाइन पोर्टल सञ्चालनमा ल्याएको छ । बैंकले आफ्नो नाममा रहेका बैंकिङ, गैरबैंकिङ सम्पत्ति तथा धितो सुरक्षणमा रहेको सम्पत्तिसमेतको लिलाम बिक्रीसम्बन्धी अनलाइन पोर्टल सार्वजनिक गरिएको जनाएको छ ।

बैंकले सञ्चालनमा ल्याएको अनलाइन पोर्टलमार्फत बैंकले लिलाम बिक्री गर्ने सम्पत्तिसम्बन्धी सम्पूर्ण सूचनाबारे विस्तृत जानकारी समेटिएको छ । यसका लागि ग्राहक महानुभावले लिलाम बिक्रीसम्बन्धी प्रकाशन गरिएको सूचनामा रहेको क्युआर कोड स्क्यान गरी विस्तृत सूचना पाउन सक्नेछन् ।

९ माघदेखि 'अस्ट्रेलियन एजुकेसन फेयर' हुँदै



काठमाडौं/ अस्ट्रेलियामा उच्च शिक्षा हासिल गर्न चाहने नेपाली विद्यार्थीलाई लक्षित ९ माघमा काठमाडौंमा 'अस्ट्रेलियन एजुकेसन फेयर २०२६' आयोजना हुने भएको छ । ग्लोबल एजुकेसन सर्भिसेजको आयोजनामा हुन लागेको यो शैक्षिक मेला काठमाडौंको लाजिम्पाटमा सञ्चालन हुनेछ । मेला बिहान ११ बजेदेखि साँझ ४ बजेसम्म चल्ने आयोजकले जनाएको छ ।

ग्लोबल एजुकेसनले विद्यार्थी र अभिभावकलाई अस्ट्रेलियाको शिक्षा प्रणाली, भिसा प्रक्रिया तथा छात्रवृत्तिबारे प्रत्यक्ष जानकारी दिने उद्देश्यले यो मेला आयोजना गर्न लागेको हो । मेलामा अस्ट्रेलियाका ३० भन्दा बढी प्रतिष्ठित विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूका प्रतिनिधिको प्रत्यक्ष उपस्थिति रहनेछ । मेलामा सहभागी हुने विद्यार्थीले तीन हजारभन्दा बढी विभिन्न शैक्षिक कार्यक्रमसम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न सक्नेछन् । साथै, विद्यार्थीले आफ्नो शैक्षिक योग्यता र क्षमताका आधारमा १० प्रतिशतदेखि १०० प्रतिशतसम्मका छात्रवृत्ति अवसरबारे पनि परामर्श लिन पाउने आयोजकले जनाएको छ ।

हिमालयन एभरेस्टको साधारणसभाबाट आठ प्रतिशत लाभांश पारित



काठमाडौं/ हिमालयन एभरेस्ट इन्स्योरेन्स लिमिटेडको ३२औं वार्षिक साधारणसभाबाट करसहित आठ प्रतिशत नगद लाभांश पारित भएको छ । कम्पनीका अध्यक्ष महेन्द्रकृष्ण श्रेष्ठको अध्यक्षतामा मंगलबार सम्पन्न सभाले उक्त लाभांश पारित गरेको हो । त्यसैगरी, सभाले गत आर्थिक वर्ष ०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण आदि पारित गरेको छ । साथै, चालू आवका लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक पनि तोकिएको छ ।

कम्पनीका अध्यक्ष श्रेष्ठले प्रविधि र दक्ष जनशक्तिमा गरिएको निरन्तर लगानीले कम्पनीलाई दीर्घकालीन रूपमा सुदृढ र प्रतिस्पर्धी बनाउने विश्वास व्यक्त गरे । उनले स्रोतहरूको प्रभावकारी व्यवस्थापन तथा सबै सरोकारवालाको भरोसा र सहकार्यका माध्यमबाट कम्पनीलाई थप सक्षम बनाउँदै लाने प्रतिबद्धता व्यक्त गरे । कम्पनीका प्रमुख कार्यकारी अधिकृत अन्जु श्रेष्ठले विभिन्न चुनौतीका बाबजुद दीर्घकालीन स्थायित्व र सञ्चालन सुधारमा केन्द्रित रणनीतिका कारण कम्पनीले उल्लेखनीय प्रगति हासिल गरेको बताए ।

सिटिजन्स सन्तुलित योजनाको इकाइ बाँडफाँट



काठमाडौं/ सिटिजन्स क्यापिटल लिमिटेडले ४ देखि १८ पुससम्म निष्कासन तथा बिक्री खुला गरेको सिटिजन्स सन्तुलित योजनाको इकाइ आइतबार बाँडफाँट गरिएको छ । सिटिजन्स म्युचुअल फन्डअन्तर्गत सिटिजन्स इन्टरनेसनल बैंक कोष प्रवर्द्धक कर सिटिजन्स क्यापिटल योजना व्यवस्थापक रहेको यो बन्दमुखी योजना हो ।

कम्पनीले एक अर्ब रुपैयाँको १० करोड प्रतिइकाइ १० रुपैयाँका दरले बिक्री खुला गरेको थियो । जसमा बीजपुँजीबापत एक करोड ५० लाख कित्ता कोष प्रवर्द्धक सिटिजन्स बैंकलाई छुट्याइएको थियो । बाँकी आठ करोड ५० लाख इकाइ सर्वसाधारणका लागि निष्कासन गरिएको थियो ।

क्यापिटलका अनुसार निष्कासन अवधिभर मागभन्दा बढी आवेदन परेकाले योजनाको आकार २५ प्रतिशतले थप गरी एक अर्ब २५ करोड रुपैयाँले हुन आउने १२ करोड ५० लाख इकाइ कायम गरिएको थियो । आवेदन दिएका ६७ हजार सात सय २० आवेदकलाई मागअनुसार बाँडफाँट गरिएको बताइएको छ ।

शाखा कार्यालयहरु समायोजन सम्बन्धी सुचना

यस नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित काठमाडौं महानगरपालीका भित्र नजिकका स्थानमा अवस्थित शाखा कार्यालयहरु मिति २०८३/०१/०७ गते देखि एकआपसमा समायोजन गरि कारोवार संचालन गर्न लागेको र समायोजन हुने शाखाका ग्राहक महानुभावहरुले समायोनज भई संचालनमा रहने शाखा कार्यालयबाट सम्पूर्ण बैंकिङ सेवा सुविधाहरु लिन सकिने सम्बन्धमा सम्पूर्ण ग्राहक महानुभावहरुको जानकारीको लागि यो सुचाना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.स.	समायोजन हुने शाखा कार्यालय	समायोजन भई संचालनमा रहने शाखा	संचालनमा रहने शाखा संगको दुरी
१	नयाँ बानेश्वर शाखा, का.म.न.पा. १०	नयाँ बानेश्वर शाखा, का.म.न.पा. १०	–
२	बिजुली बजार शाखा, का.म.न.पा. १०		८५० मिटर
३	शङ्खमुल शाखा, का.म.न.पा. १०		७५० मिटर

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, काठमाडौं फोन नं. ०१-५९७१८७१

ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशितः २०८२।१०।०७

यस कार्यालय बाट तपसिल बमोजिमको सामान खरिद सम्बन्धमा रीतपूर्वक पेश हुन आएका बोलपत्रहरुको मूल्याङ्कन पश्चात सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा १ बमोजिम तपसिल बमोजिमको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी छनौट भएको हुंदा ऐ.ऐ.ऐनको दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	ठेक्का नं.	ठेक्का विवरण	बोलपत्रदाताको नाम/ठेगाना	कबोल रकम (भ्याट बाहेक)
1	LMC-NCB-GOODS-2082/083-04	Procurement of Medicine and Medical related Items	M/S Suryakunda Medicine Suppliers, Kathmandu.	Nrs.15,92,114.00 (Fifteen Lakh Ninety-Two Thousand One Hundred Fourteen Only)

हिमालयन बैंक लिमिटेडको
ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउन पर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र धनि बैकमा सम्पर्क राखी लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला अन्यथा ऐन कानुन तथा ऋणी र बैकबीच भएको लिखत अनुसार कारवाही गरी कालोसुचीमा राखि बैंकको लेना असुल उपर गरिने छ । साथै धितो तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरुलाई समेतले यसै सुचनाबाट जानकारी लिनुहुन अनुरोध गरेका छौं ।

तपसिल

ऋणीको विवरण	धितोको विवरण
शाखा कार्यालयः पाटन शाखा, ललितपुर	
जिल्ला जलस्रोत समिति, काभ्रेपलाञ्चोकमा उपभोक्ता संस्था दर्ता प्रमाणपत्र नं. ७३३ अन्तर्गत मिति २०६७।०९।२७ मा दर्ता भएको **बनखुखोला दोश्रो लघुजल विद्युत परियोजना (ऋणी)** **सामूहिक जमानतकर्ताहरुः यकिना थिङ, श्यामलाल बम्जन, लिलाध्वज घलान, वीरध्वज मुक्तान, सञ्जीव राना मगर, ठुलो कान्छा मुक्तान र ठाकुर राज मुक्तान**	१. **ऋणी वनखु खोला दोस्रो लघु विद्युत परियोजनाको** नाममा दर्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला वनखु गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ३३७ को क्षेत्रफल ०–८–०–० (रोपनी) को जग्गा र सोमा बनेको घर तथा सम्पूर्ण संरचना समेत । २. काभ्रे जिल्ला बनखु गा.वि.स. वडा नं. ६ स्थित बनखुखोला दोश्रो लघुजल विद्युत परियोजनाको भवन तथा त्यहाँ अवस्थित यान्त्रिक उपकरणहरुको हाइपोथिकेशन लिखत ।
शाखा कार्यालयः पुष्पलाल चोक शाखा, मोरङ	
सुदिष्ट नारायण मिश्रको बुहारी बिजय कुमार झाको छोरी बिभाष कुमार मिश्रको पत्नी सिराहा जिल्ला माडर गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं. १ बस्ने **राधा कुमारी झा (ऋणी)** **व्यक्तिगत जमानी दिनेः बिभाष कुमार मिश्र**	प्रतिज्ञापत्र तथा तमसुक
शाखा कार्यालयः धादिङ शाखा, धादिङ	
१. वाणिज्य विभाग (जारी गर्ने कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, धादिङमा) प्रा.फ.र.न. २६६०/०७२/०७३ कायम भइ मिति २०७२/०९/२७ मा दर्ता भएको **साङकोष सप्लायर्स (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः सुरज थापा** **व्यक्तिगत जमानी दिनेः रोजिना कार्की थापा, सुनिल थापा, गोमा थापा, सुवर्ण जंग थापा र कुमार थापा**	**ऋणी कुमार थापाको** नाममा दर्ता कायम रहेको धादिङ जिल्ला साङकोष गा.वि.स. वडा नं. ३घ (हाल परिवर्तित नीलकण्ठ न.पा. वडा नं. १२) स्थित कित्ता नं. ५५१ को क्षेत्रफल ७–११–१–१ (रोपनी) को जग्गा समेत ।
२. भैरब बहादुर थापाको नाति नति टेक बहादुर थापाको छोरा धादिङ जिल्ला नीलकण्ठ न.पा. वडा नं. १२ बस्ने **कुमार थापा (ऋणी)** **व्यक्तिगत जमानी दिनेः रोजिना कार्की थापा, सुनिल थापा, गोमा थापा, सुवर्ण जंग थापा र सुरज थापा**	
शाखा कार्यालयः दुधे शाखा, झापा	
१. शिवसताक्षी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ब्याङडाँडा झापामा दर्ता नं १४८ कायम भई मिति २०७७/१०/०६ मा दर्ता भएको **विष्णु कृषि फर्म (ऋणी)** **व्यक्तिगत जमानी दिनेः खड्गधोज वेद्या लिम्बु, आदर्श वेद्या, सन्दिपा चेम्जीङ्ग र विष्णु धेवे लिम्बु**	**ऋणी खड्गधोज वेद्या लिम्बुको** नाममा दर्ता कायम रहेको झापा जिल्ला शिवगंज गा.वि.स. वडा नं. ७घ (हाल परिवर्तित शिवशताक्षी गा.पा. वडा नं. ११) स्थित कित्ता नं. ४६१२ को क्षेत्रफल ०–१–०–० (विघा) घर/जग्गा समेत ।
२. अवि धोज वेद्याको नाति सार्का सिं वेद्याको छोरा पाँथचर जिल्ला च्वाङथापु गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल शिवशताक्षी गा.पा. वडा नं. ११ बस्ने **खड्गधोज वेद्या लिम्बु (ऋणी)** **व्यक्तिगत जमानी दिनेः विष्णु धेवे लिम्बु, असिम बेद्या (लिम्बु), सन्दिपा चेम्जीङ्ग, आदर्श वेद्या र प्रमिला बेद्या लिम्बु**	
शाखा कार्यालयः सुर्खेत शाखा	
कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. २२३१५८/०७६/०७७ कायम भई मिति २०७६/०५/१७ दर्ता भएको **जुनिचाँदे हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि. (ऋणी)** **संचालक तथा व्यक्तिगत जमानी दिनेः** **प्रेम बहादुर कार्की** **मनामे कार्की** **विष्णु कुमारी शाही** **कर सिं कार्की** **व्यक्तिगत जमानी दिनेः** **बालसरा कार्की** **राजु कार्की** **बम बहादुर कार्की**	१. बिरे कार्कीको नाति मन्दिरे कार्कीको छोरा जाजरकोट जिल्ला मजकोट गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित जुनिचाँदे गा.पा. वडा नं. १) बस्ने **प्रेम बहादुर कार्कीको** नाममा दर्ता कायम रहेको सुर्खेत जिल्ला गोठीकाँडा गा.वि.स. वडा नं. ६क (हाल परिवर्तित वीरेन्द्रनगर न.पा. वडा नं. ४) स्थित कि.नं. ९५३ को क्षेत्रफल ८०.४३ वर्ग मिटरको घरजग्गा समेत । २. नदे कार्कीको नाति बिरे कार्कीको छोरा जाजरकोट जिल्ला जुनिचाँदे गा.पा. वडा नं. १ बस्ने **मनामे कार्कीको** नाममा दर्ता कायम भएको सुर्खेत जिल्ला कटकुवा गा.वि.स. वडा नं. १ (हाल परिवर्तित वीरेन्द्रनगर न.पा. वडा नं. ८) स्थित कि.नं. ३०९५ को क्षेत्रफल २७०.८७ वर्ग मिटरको घरजग्गा समेत । ३. जय बिर कार्कीको नाति लक्षे कार्कीको छोरा जाजरकोट जिल्ला मजकोट गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित जुनिचाँदे गा.पा. वडा नं. १) बस्ने **कर सिं कार्कीको** नाममा दर्ता कायम रहेको सुर्खेत जिल्ला हाल गोठीकाँडा गा.वि.स. वडा नं. २क (हाल परिवर्तित वीरेन्द्रनगर न.पा. वडा नं. ४) स्थित कि.नं ११७९ को क्षेत्रफल ०–०–६.५० (विघा) को घर/जग्गा समेत ।
शाखा कार्यालयः बतीसपुतली शाखा, काठमाण्डौ	
गणेश झाको बुहारी लम्बोदर झाको छोरी राधे श्याम झाको पत्नी महोत्तरी जिल्ला पिपौना गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. २९, मैतीदेवी बस्ने **श्रीमती आशा देवी झा (ऋणी)** **व्यक्तिगत जमानी दिनेः राधेश्याम झा र अमित कुमार झा**	**ऋणी श्रीमती आशा देवी झाको** नाममा दर्ता कायम रहेको बर्दिया जिल्ला गुलरिया गा.वि.स. वडा नं. १ (हाल परिवर्तित गुलेरिया न.पा. वडा नं. ६) स्थित कित्ता नं. २७८४ को क्षेत्रफल ०–०–१५–० (विघा) घर/जग्गा समेत ।
शाखा कार्यालयः कावासोती शाखा, नवलपरासी	
घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) मा दर्ता भएको उद्योग दर्ता नं. १००७/०७७/०७८ कायम भइ मिति २०७७/०७/१७ मा दर्ता भएको बस्नेत **होटल रेष्टुरेन्ट एण्ड खाजा घर (ऋणी)** **प्रोपाइटर तथा व्यक्तिगत जमानी दिनेः सिता बस्नेत** **व्यक्तिगत जमानी दिनेः बिजय बस्नेत, लिला बहादुर बस्नेत र कमला देवी बस्नेत**	हिरा बहादुर बस्नेतको बुहारी चुडामणी पाण्डेको छोरी लिला बहादुर बस्नेतको पत्नी चितवन जिल्ला पिठुवा गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला कावासोती न.पा. वडा नं. २ बस्ने **कमलादेवी बस्नेतको** नाममा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला शिवमन्दिर वडा नं. ५ (हाल कावासोती न.पा. वडा नं. २) स्थित कित्ता नं. १९७ को क्षेत्रफल ०–०–१४.५–० (विघा) को घर/जग्गा समेत ।
शाखा कार्यालयः पिडारीचोक शाखा, धनुषा	
रामशरण ठाकुरको बुहारी राम दास ठाकुरको छोरी रामेश्वर ठाकुरको पत्नी महोत्तरी जिल्ला एकरहिया गा.वि.स. वडा नं. २ (हाल परिवर्तित पिपरा गा.पा. वडा नं. १) बस्ने **सुधिरा देवी (ऋणी)** **व्यक्तिगत जमानी दिनेः रामेश्वर ठाकुर**	वासुदेव ठाकुर हजामको नाति राम शरण ठाकुरको छोरा महोत्तरी जिल्ला एकरहिया गा.वि.स. वडा नं. २ (हाल परिवर्तित पिपरा गा.पा. वडा नं. १) बस्ने **रामेश्वर ठाकुरको** नाममा दर्ता कायम रहेको महोत्तरी जिल्ला एकरहिया गा.वि.स. वडा नं. ३ (हाल परिवर्तित पिपरा गा.पा. वडा नं. १) स्थित कित्ता नं. २२०६, २२०८ र २२०४ को क्षेत्रफल क्रमशः ०–१–२.२५–०, ०–१–२–० र ०–२–४.२५–० (विघा) जग्गा समेत ।
शाखा कार्यालयः महाराजगंज शाखा, काठमाण्डौ	
कृष्ण बहादुर खड्काको बुहारी मोहन बहादुर बस्नेतको छोरी नर बहादुर खड्काको पत्नी दोलखा जिल्ला झ्याकु गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित गौरीशंकर गा.पा. वडा नं. ३) स्थायी ठेगाना भई हाल काठमाण्डौ म.न.पा. वडा नं. ६ बौद्ध बस्ने **इन्द्र माया खड्का (ऋणी)** **व्यक्तिगत जमानी दिनेः नर बहादुर खड्का**	प्रतिज्ञापत्र तथा ऋण तमसुक
शाखा कार्यालयः महेन्द्रनगर शाखा, कञ्चनपुर	
शिवहरि सिंह सिजापतिको बुहारी वीर बहादुर विष्टको छोरी परमेश्वर सिंह सिजाप्रतिको पत्नी काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा. वडा नं. ४ बस्ने **डेजी सिंह सिजापति (ऋणी)** **व्यक्तिगत जमानी दिनेः अनुप सिंह सिजापति**	**ऋणी डेजी सिंह सिजापतिको** नाममा दर्ता कायम रहेको कंचनपुर जिल्ला दैजी गा.वि.स. वडा नं. ५ सिट नं. ०२०१५०४ स्थित कित्ता नं. ११०९ को क्षेत्रफल ६७७.२६ वर्ग मिटरको जग्गा समेत ।
शाखा कार्यालयः न्यूरोड शाखा, काठमाण्डौ	
वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा प्रा.फ.र.न. १२४९१९/०७२/७३ कायम भई मिति २०७२/०९/०९ दर्ता भएको **कपास फिल इट (ऋणी)** **प्रोप्राईटर तथा व्यक्तिगत जमानी दिनेः सितल सिंह राउत क्षेत्री** **व्यक्तिगत जमानी दिनेः संजु बस्नेत र श्रीमती रेखा सिंह राउत क्षेत्री**	गुमान सिंह राउतको बुहारी शिव बहादुर विष्ट क्षेत्रीको छोरी केदार सिंह राउत क्षेत्रिको पत्नी धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. २ बस्ने **श्रीमती रेखा सिंह राउत क्षेत्रीको** नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला सैबु गा.वि.स. वडा नं. ६ख स्थित कि.नं. ९१७ को क्षेत्रफल १३५.१३ वर्ग मिटरको घर/जग्गा समेत ।
शाखा कार्यालयः निजगढ शाखा, बारा	
१. वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग (जारी गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, रौतहट) बारा प्रा.फ.र.नं. ५०४९/६५८ कायम भई मिति २०७३/११/५ मा दर्ता भएको **कुशवाहा ईन्टरप्राइजेज (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः रणधीर कुशवाहा** **व्यक्तिगत जमानी दिनेः दिलिप कुमार महतो, हृदय नारायण महतो कोइरी, इन्दु कुमारी देवी, अमित कुमार महतो र मान्ती देवी**	१. सहदेव महतो कोइरीको नाति हृदय नारायण महतो कोइरीको छोरा रौतहट जिल्ला बगही गा.वि.स. वडा नं. १ (हाल परिवर्तित कटहरिया न.पा. वडा नं. ६) बस्ने **दिलिप कुमार महतोको** नाममा दर्ता कायम रहेको रौतहट जिल्ला महमदपुर गा.वि.स. वडा नं. ६ (हाल परिवर्तित गरुडा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १६६८ को क्षेत्रफल ०–०–१०–० (घरजग्गा), कित्ता नं. १३९५ को क्षेत्रफल ०–०–१७.७५–० जग्गा, कित्ता नं. १३९४ को क्षेत्रफल ०–०–७.७५–० (विघा) जग्गा समेत ।
२. वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (जारी गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, रौतहट गौर) मा प्रा.फ.र.नं. ८७७५/१२५९ कायम भई मिति २०७६/०९/२९ मा दर्ता भएको **कुशवाहा गल्ला भण्डार (ऋणी)** **प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिनेः इन्दु कुमारी देवी** **व्यक्तिगत जमानी दिनेः दिलिप कुमार महतो, हृदय नारायण महतो कोइरी, रणधीर कुशवाह, अमित कुमार महतो र ककमान्ती देवी**	२. लालचन महतो कोइरीको नाति सहदेव महतो कोइरीको छोरा रौतहट जिल्ला बगही गा.वि.स. वडा नं. २ (हाल परिवर्तित कटहरिया न.पा वडा नं. ६) बस्ने **हृदय नारायण महतो कोइरीको** नाममा दर्ता कायम रहेकोः (क) रौतहट जिल्ला बगही गा.वि.स. वडा नं. ७क (हाल परिवर्तित कटहरिया न.पा वडा नं. ७) स्थित कित्ता नं. २५५ को क्षेत्रफल ०–१५–१५–०, कित्ता नं. ११९६ को क्षेत्रफल ०–६–१३–०, कित्ता नं. ९२२ को क्षेत्रफल ०–०–.७५–० (विघा) जग्गा समेत । (ख) रौतहट जिल्ला बगही गा.वि.स. वडा नं. ६क (हाल कटहरिया न.पा. वडा नं. ७) स्थित कित्ता नं. २२ को क्षेत्रफल ०–०–१५–० (विघा) घर/जग्गा समेत ।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६५१५०, पो.ब.नं. २०५५० काठमाडौं

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०
बुधबार ७ माघ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

अदालतको पत्र बुझेपछि एन्फाले गऱ्यो निर्वाचन स्थगित

उच्च अदालत पाटनको अन्तरिम आदेशको पत्र मंगलबार प्राप्त भएको जनाउँदै एन्फा निर्वाचन समितिले २८ माघका लागि तय भएको निर्वाचन अर्को सूचना जारी नभएसम्म गऱ्यो स्थगित



श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले आगामी २८ माघमा घोषणा गरेको केन्द्रीय कार्यसमितिको निर्वाचन तत्कालका लागि स्थगित भएको छ। उच्च अदालत पाटनले ४ माघमा निर्वाचनसम्बन्धी प्रक्रिया यथास्थितिमा राख्नु अन्तरिम आदेश जारी गरेको आधारमै अर्को सूचना जारी नहुँदासम्म निर्वाचन स्थगित गरेको एन्फाले जनाएको छ। एन्फाको निर्वाचन समितिका सदस्यसचिव लोकेन्द्र ओलीले मंगलबार जारी गरेको विज्ञप्तिमा उच्च अदातल पाटनको अन्तरिम आदेशका म्याद समितिलाई प्राप्त भएकाले निर्वाचनका कार्यक्रम स्थगित गरिएको जनाएका छन्।

यसैबिच, एन्फा निर्वाचन समितिको मंगलबार बसेको बैठकले तत्कालका लागि एन्फाको निर्वाचन कार्यक्रम स्थगित गरिएको एन्फा प्रवक्ता सुरेश शाहले बताए।

'एन्फाको २८ माघका लागि तोकिएको निर्वाचन सम्बन्धमा उच्च अदालत पाटनले ४ माघमा निर्वाचनसम्बन्धी प्रक्रिया यथास्थितिमा राख्न जारी भएको अन्तरिम आदेशको म्याद सूचना ६ माघमा निर्वाचन समितिलाई प्राप्त भएकाले निर्वाचन कार्यक्रम अर्को सूचना प्रकाशित नहुँदासम्मका लागि स्थगित गरिएको छ,' ओलीले भनेका छन्। यसअघि २८ पुसमा उच्चले अन्तरिम आदेश जारी गर्दै मंगलबार छलफलका लागि बोलाएको थियो।

एन्फाका पदाधिकारीहरू मंगलबार भ्याकेट निवेदन लिएर अदालत पुगेका थिए। तर, अदालतले पहिला लिखित जवाफ पेस गर्न भन्दै निवेदन दर्ता गर्न अस्वीकार गऱ्यो। अदालतले दुवै पक्षलाई ११ माघमा छलफलमा बोलाएको छ। पंकजविक्रम नेम्वाङ नेतृत्व एन्फाले अदालत तथा राष्ट्रिय खेलकुद परिषद्को निर्देशनसमेत नमानेर ३ माघमा निर्वाचनको उम्मेदवारी प्रक्रिया पूरा गरेको थियो। एन्फा निर्वाचन रोक्न उपाध्यक्ष विराटजंग शाही, रूपेश अधिकारी र रवीन्द्र चन्दले रिट दायर गरेका थिए। शाही र अधिकारीले राखेपमा निर्वाचन रोक्न निवेदन राखेका छन्। राखेपले ११ बुँदा सच्याएर मात्र एन्फालाई निर्वाचन गर्न निर्देशन दिएको थियो।

अदालतको अन्तरिम आदेश र राखेपको निर्देशनविपरीत एन्फाको निर्वाचन समितिले निर्वाचन प्रक्रियालाई यथावत् राखेको थियो। एन्फाको केन्द्रीय निर्वाचनका लागि ३ माघमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष र सदस्यका लागि मनोनयन दर्ता भएको थियो। अध्यक्षमा वर्तमान अध्यक्ष नेम्वाङ र उपाध्यक्ष दीर्घकुमार केसी उम्मेदवारी दिएका छन्। निर्वाचन समितिका अनुसार एक वरिष्ठ उपाध्यक्षका लागि तीनजना, चार उपाध्यक्षका लागि १० जना र १५ केन्द्रीय सदस्यका लागि ३० जनाको उम्मेदवारी परेको छ।

१६ पुसमा एन्फाको कार्यसमितिको बैठकले झापामा चुनावी साधारणसभा र निर्वाचन गर्ने निर्णय गरेको थियो। बैठकमा असन्तुष्ट पक्षहरूले जिल्ला र प्रदेशको निर्वाचनपछि मात्र केन्द्रको निर्वाचन हुनुपर्ने माग राखेका थिए। बैठकमा सहभागी बहुमत सदस्यहरूले झापामा 'अर्ली इलेक्सन' गर्ने तय गरे। वर्तमान एन्फा कार्यसमितिको कार्यविधि आगामी असारमा सकिँदै छ। यसैबिच, एन्फाले सोमबार राति अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, कार्यकारी सदस्य तथा महिला सदस्य पदका उम्मेदवारको सदस्य संस्थाबाट सिफारिस भएको पत्र उपलब्ध गराउन उम्मेदवारलाई पत्रचार गरेको थियो। एन्फाका महासचिव किरण राईले सोसल मिडियामार्फत उम्मेदवारी दिएकालाई थप पत्र उपलब्ध गराउन भनेका छन्। यसअघि उम्मेदवारको प्रस्ताव वा समर्थक संस्थाको अध्यक्षको दस्तखत र छाप मात्र भए पुग्थ्यो। यसपटक एन्फाले सदस्य संस्थाको सिफारिसपत्र मागिएको हो।

प्रदेशसहित 'बी' र 'सी' डिभिजनको मताधिकार छनोट

एन्फाले अर्ली इलेक्सनअघि दुई प्रदेशसहित सहिद स्मारक 'बी' र 'सी' डिभिजन क्लबका मताधिकार छनोट पनि स्थगित गरेको छ। एन्फाले 'बी' र 'सी' डिभिजनका समान १४ क्लबलाई पत्राचार गर्दै एन्फाले छनोट कार्यक्रम पनि स्थगित गरिएको जनाएको छ। एन्फाले कोशी र गण्डकी प्रदेशलाई मताधिकार छनोट स्थगित गरेको पत्र पठाएको हो। 'प्राविधिक कारणवश मताधिकार छनोट प्रक्रिया पनि स्थगित गरिएको छ,' एन्फाले भनेको छ। एन्फाले 'बी' र 'सी' डिभिजनको मताधिकार बुधबार हुने जनाएको छ। यसैगरी, कोशी र गण्डकीका मताधिकार छनोट गर्न बिहीबार भनिएको छ। केन्द्रको निर्वाचनमा 'बी' डिभिजनबाट ११, 'सी' बाट नौ र कोशीबाट १० र गण्डकीबाट ६ जिल्लाका पदाधिकारीले मतदान गर्न पाउँछन्। एन्फाले जिल्लादेखि निर्वाचन नगरी सीधै चार महिनाअधि केन्द्रको निर्वाचन गर्न लागेको हो।

निर्वाचन रोक्न आयोगमा पनि निवेदन

एन्फाका केन्द्रीय सदस्य रूपेश अधिकारीले एन्फाको निर्वाचन रोक्न निर्वाचन आयोगमा निवेदन दिएका छन्। उच्च अदालत पाटनको अन्तरिम आदेश र राखेपको निर्देशनसमेतलाई बेवास्ता गर्दै २८ माघमा एन्फाले निर्वाचन गराउन लागेको आरोप अधिकारीले लगाएका छन्। उनले आचार संहिताविपरीत निर्वाचन गर्न लागेको हुँदा आचार संहिता लागू भइसकेकाले एन्फा निर्वाचन रोक्न मंगलबार निर्वाचन आयोगमा निवेदन दिएका हुन्।

■ महिला टी-२० विश्वकप ग्लोबल छनोट

बंगलादेश, नेदरल्यान्ड्स र थाइल्यान्ड अपराजित

नयाँ पत्रिका



बंगलादेश, नेदरल्यान्ड्स र थाइल्यान्ड आइसिसी महिला टी-२० विश्वकपअन्तर्गत ग्लोबल छनोटमा अपराजित रहेका छन्। समूह 'ए' बंगलादेशले लगातार दुई खेल जितेको छ। समूह 'बी'मा नेदरल्यान्ड्स र थाइल्यान्डले समान दुई खेल जितेका छन्। तीनवटै राष्ट्रले समान चार अंक जोडेका छन्। समूह 'ए'मा बंगलादेश शीर्ष स्थानमा छ। समूह 'बी'मा नेदरल्यान्ड्स रनरेटको आधारमा शीर्ष स्थान र थाइल्यान्ड दोस्रो स्थानमा रहेको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बंगलादेशले मंगलबार पपुवा न्युगिनीलाई ३० रनले हराएको थियो। पहिलो ब्याटिङ गरेको बंगलादेशले २० ओभरमा पाँच विकेट गुमाएर एक सय ६८ रन जोडेको थियो। प्रत्युत्तरमा पपुवा न्युगिनीले २० ओभरमा नौ विकेटको नोक्सानीमा एक सय ३८ रन मात्र जोड्यो। बंगलादेशको जितमा सोर्ना अक्टेरले बलिङमा ६ रन खर्चेर एक विकेट तथा ब्याटिङमा १४ बलमा ३७ रनको योगदान दिएकी थिइन्।

बंगलादेशको ब्याटिङमा ओपनर दिलारा अक्टेरले २९ बलमा ३५ रनको योगदान दिइन्। बंगलादेशले पहिलो विकेटका लागि ४९ रन जोडेको थियो। मध्यक्रमकी सर्मिनले ३४ बलमा २८ रन बनाइन्। पपुवा न्युगिनीको ब्याटिङमा वेन्दाले ३२ बलमा ३५ रनको सर्वाधिक योगदान दिइन्। ओपनर होलानले १३ बलमा समान दुई चौका र छक्का प्रहार गरी २१ रन बनाइन्।

नेदरल्यान्ड्स सात रनले विजयी

मूलपानी मैदानमा नेदरल्यान्ड्सले आफ्नो दोस्रो खेलमा स्कट्ल्यान्डलाई सात रनले निराश बनाएको छ। पहिलो ब्याटिङ गरेको नेदरल्यान्ड्सले ६ विकेट गुमाएर १५७ रन बनाएको थियो। प्रत्युत्तरमा स्कटल्यान्डले २० ओभरमा पाँच विकेटको क्षतिमा एक सय ५० रन जोड्यो। नेदरल्यान्ड्सको जितमा स्टेरेर कालिसले सर्वाधिक ८७ रनको योगदान दिइन्। उनले ६० बलमा १४ चौका र एक छक्का प्रहार गरेकी थिइन्।

स्कटल्यान्डको ब्याटिङमा मध्यक्रमको बलियो साथ पाए पनि जित हात पार्न सकेन। काथेरिन फासेरले २९ बलमा ४१ रन तथा कार्थर्न ब्रासले ४० बलमा ४२ रन बनाए। यसैगरी, साराहले २५ बलमा ३० रन जोडिन्। नेदरल्यान्ड्सकी कालोलिनले २७ रन खर्चेर दुई विकेट लिइन्।

थाइल्यान्डको रोमाञ्चक जित

मूलपानी मैदानमा समूह 'बी'अन्तर्गत भएको खेलमा थाइल्यान्डले टेस्ट राष्ट्र जिम्बाबेमाथि एक रनको रोमाञ्चक जित निकालेको छ। पहिलो ब्याटिङ गरेको थाइल्यान्डले २० ओभरमा सात विकेट गुमाएर एक सय १५ रनको न्यून योगफल खडा गरेको थियो। जिम्बाबेले सहज लक्ष्य पार गर्न सकेन। जिम्बाबेले २० ओभरमा ६ विकेटको क्षतिमा एक सय १४ रन जोड्दा एक रनको हार सामना गऱ्यो। थाइल्यान्डको ब्याटिङमा नानापले ५२ बलमा ६ चौकाको सहयोगमा ५४ रन बनाइन्। जिम्बाबेका लागि मोडेस्टरले ४९ बलमा ३६ रन जोड्दिन।

अंकतालिका

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
बंगलादेश	२	२	०	४	१.२७
आयरल्यान्ड	१	१	०	२	२.०५
अमेरिका	२	१	१	२	-०.३८
नामिबिया	१	०	१	०	-०.३०
पिएनजी	२	०	२	०	-१.७७

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
नेदरल्यान्ड्स	२	२	०	४	०.७२
थाइल्यान्ड	२	२	०	४	०.६१
स्कट्ल्यान्ड	१	०	१	०	-०.३५
जिम्बाबे	२	०	२	०	-०.५७
नेपाल	१	०	१	०	-१.३२

खेल संक्षेप

हिमालयन बक्सिङ फागुनमा हुने

काठमाडौं/ नेपालय इन्टरनेसनलको आयोजनामा हिमालय बक्सिङ (अन्नपूर्ण सिरिज) आगामी फागुनमा हुने भएको छ। प्रतियोगिता मिति भने पछि तय गर्ने नेपालयका अध्यक्ष सुवासचन्द्र प्रधानले जनाएका छन्। प्रतियोगितामा प्रोफेसनल र एमेच्योरतर्फ प्रतिस्पर्धा गर्ने उनले बताए। प्रोफेसनलको पुरुषमा ६ तथा महिलामा २ स्पर्धा समावेश छ। एमेच्योरतर्फ पुरुष र महिलामा समान दुई तौल समूहमा खेल हुनेछ। हरेक स्पर्धामा दुई खेलाडीबिच भिडन्त हुने आयोजकले जनाएको छ। अध्यक्ष प्रधानले पुरस्कार राशि २० लाख रुपैयाँ रहेको छ।

नेपाल बक्सिङ महासंघको स्वीकृति तथा बक्समान्डुको प्राविधिक सहयोगमा हुने प्रतियोगितामा नेपालसहित भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश, भुटान र अमेरिकाका खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। हिमालयन बक्सिङ प्रतियोगिता ठमेलको क्लब नोभामा हुनेछ। क्लब नोभा प्रतियोगिताको 'भेन्यु पार्टनर'का रूपमा रहेको छ। त्यसका लागि नेपालयका अध्यक्ष प्रधान र नोभाका संस्थापक निर्देशक मुखिया घलेबिच सम्झौतापत्रमा हस्ताक्षर गरे। नेपालयले यसअघि प्रधानमन्त्री कप पुरुष क्रिकेट र यू-१४ विद्यालय खेलकुद आयोजनामा गरेको थियो।

समाज युकेबाट सरिना सम्मानित

काठमाडौं/ अन्तर्राष्ट्रिय पदक विजेता उमा कुङफु खेलाडी सरिना घलेलाई घले समाज युकेले नगदसहित सम्मान गरेको छ। नेपाल उमा कुङफु संघका अध्यक्ष संजितकुमार राईले खेलाडी सरिनालाई राष्ट्रको नाम अन्तर्राष्ट्रिय क्षेत्रमा उच्च बनाएको जनाउँदै सम्मान गरेको बताए। गोर्खा अभियन्ता पुष्पा राणा घले र समाजका अध्यक्ष रिटायर्ड मेजर विष्णुबहादुर घलेले उनलाई युकेमै चार सय पाउन्डसहित प्रशंसापत्र प्रदान गरी सम्मान गरे। सरिनाले युकेमा भएको दुई अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण जितेकी थिइन्। सरिनाले डब्लुएमएसी ब्रिटिस ओपन च्याम्पियनसिप तथा डब्लुएमएसी इंग्लिस च्याम्पियनसिपमा स्वर्ण जितेकी हुन्।

राष्ट्रिय काष्ठमण्डप कराँते आजदेखि

काठमाडौं/ नेपाल सितोरियो कराँते संघ, लैनचौर शाखा डोजोको आयोजनामा राष्ट्रिय काष्ठमण्डप कराँते प्रतियोगिता बुधबारदेखि हुने भएको छ। प्रतियोगितामा सातै प्रदेश, नेपाल प्रहरी, नेपाल आर्मी र एपिएफ गरी १० टोलीबाट दुई सय १० जना खेलाडीको सहभागिता रहनेछ। प्रतियोगिता संयोजक रामकुमार थारूले प्रत्येक टोलीबाट २१ खेलाडी सहभागी हुने बताए। पुरुषमा नौ र महिलामा आठ गरी १७ स्पर्धामा खेल हुनेछ। टिम च्याम्पियनले एक लाख र उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। तीन दिनसम्म चल्ने प्रतियोगिताका खेल त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा हुनेछ।

नेपाल ओपन इन्टरनेसनल फुसबल सम्पन्न

काठमाडौं/ दी एक्सेल्सियर स्कुल नेपाल ओपन इन्टरनेसनल फुसबल प्रतियोगिता सम्पन्न भएको छ। दी एक्सेल्सियर स्कुलको हलमा भएको तीन दिनसम्म चलेको प्रतियोगितामा नेपाल, भारत, चीन र अमेरिकालगायत विद्यार्थीहरूले प्रतिस्पर्धा गरेका थिए। सात विभिन्न टोलीबाट समग्रमा सयभन्दा बढी प्रतिस्पर्धीहरूको सहभागिता रहेको थियो। प्रतियोगितामा १३ वटा विभिन्न विधामा सात सयभन्दा बढी खेल खेलाइएको थियो। यसअघि प्रतियोगिताको उद्घाटन नेपाल टेबल फुसबल एसोसिएसनका अध्यक्ष राम बस्नेत र अमेरिकाको कोलोराडोबाट प्रतिस्पर्धा गर्न आएका ६६ वर्षीय खेलाडी कार्ल फ्लेइसरले संयुक्त रूपमा उद्घाटन गरेका थिए। यस प्रतियोगितालाई अन्तर्राष्ट्रिय टेबल सकर महासंघले समेत मान्यता दिएको थियो। अध्यक्ष बस्नेतले नेपालमा फुसबल खेलको आगामी योजना र सम्भावनाका बारेमा बताएका थिए।

चित्लाङ र पुलिस बराबरीमा रोकिए



काठमाडौं/ चित्लाङ एफसीले मंगलबार राष्ट्रिय लिग फुटबल प्रतियोगितामा नेपाल पुलिस क्लबसँग १-१ को बराबरी खेलेको छ। खेलको ४१औं मिनेटमा म्याथ्युले चित्लाङलाई १-० को अग्रता दिलाएका थिए। खेलको ८७औं मिनेटमा लक्षुमन रानाको आत्मघाती गोलमा पुलिसले १-१ को बराबरी गऱ्यो। अर्को खेलमा त्रिभुवन आर्मीले प्लानिङ ब्वाइजसँग गोलरहित बराबरी खेल्यो।

श्रीलंका 'ए'सँग नेपाल पराजित

नयाँ पत्रिका

नेपाली पुरुष क्रिकेट टोलीले मंगलबार श्रीलंकाको 'ए' टोलीसँग पहिलो अभ्यास टी-२० खेलमा ६ विकेटले पराजित भएको छ। श्रीलंकामा भएको पहिलो अभ्यास खेलमा ब्याटिङ गरेको नेपालले २० ओभरमा पाँच विकेट गुमाएर १८५ रन बनाएको थियो। प्रत्युत्तरमा श्रीलंका 'ए'ले १८ ओभरमा चार विकेट गुमाएर लक्ष्य पूरा गरेको थियो।



अब पहिलो अभ्यास खेलमा श्रीलंकाका लागि लाहिरू उडाराले सर्वाधिक ७३ रन र नुवानिदु फर्नान्डोले ३८ रन जोडेका थिए। यसैगरी, सहान अराकिगेले अविजित ३३ रन बनाए। नेपालका लागि सोमपाल कामीले तीन तथा ललित राजवंशीले एक विकेट लिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालका लागि ओपनर आसिफ सेखले सर्वाधिक ६१ रन बनाउन ४२ बल खेलेका थिए। आरिफ सेखले २७ बलमा ४२ रन बनाए। कप्तान रोहित पौडेलले ३१ रनको योगदान दिए।

नेपालको श्रीलंकामै दुईवटा अभ्यास खेल खेल्नेछ। यसपछि नेपालले आइसिसी टी-२० विश्वकपको थप तयारी भारतमा गर्नेछ। नेपालले भारतमा एमसिए प्रेसिडेन्ट ११ सँग तीन अभ्यास खेल खेल्नेछ। भारत र श्रीलंकाले संयुक्त रूपमा टी-२० विश्वकप ७ फेब्रुअरीदेखि आयोजना गर्नेछन्। नेपालले मुम्बईको वाँखडे रंगशालामा ८ फेब्रुअरीमा इंग्ल्यान्डसँग खेल्नेछ। विश्वकपमा नेपाल समूह 'सी'मा छ। नेपालको समूहमा पूर्वदुईपटकका विजेता इंग्ल्यान्ड र वेस्ट इन्डिजसँगै बंगलादेश र र इटाली छन्। नेपालका सबै खेल मुम्बईमा रहेको छ।

बंगलादेशको समर्थन गर्दै पाकिस्तान

बंगलादेशको माग पूरा नभए आफूहरू आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेटमा सहभागी नहुने पाकिस्तानको चेतावनी

एजेन्सी

पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)ले बंगलादेशको माग पूरा नभए आफूहरू आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेट प्रतियोगितामा सहभागिता नहुने चेतावनी दिएको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले सहभागी राष्ट्र बंगलादेशको भावना तथा सुरक्षा दृष्टिकोण माग उचित भएको पिसिबीले जनाएको छ। आइसिसीले बंगलादेशको माग सम्बोधन नगर्दा आफूहरू विश्वकप बहिष्कार गर्न बाध्य हुने पिसिबीले गरेको टाइम्स अफ इन्डियाले उल्लेख गरेको छ।

'दुई पक्षबिचको विवादमा तेस्रो पक्ष बोल्नु उचित होइन, तर सबैलाई सम्मानजनक व्यवहार हुनुपर्छ भन्ने पिसिबीको भनाइ छ,' पिसिबीका पदाधिकारीलाई उद्धृत गर्दै टाइम्स इन्डियाले लेखेको छ, 'भारतले पनि कयौंपटक यस्तै परिस्थितिमा अन्य भूमिमा हामीसँग खेलेको उदाहरण छ। यसपटक बंगलादेशको माग पूरा नुहुन हामीले बुझेनौं।'

पिसिबीले बंगलादेशको समर्थन गरेपछि भारत तथा आइसिसीमाथि दबाब बढेको अन्तर्राष्ट्रिय मिडियाले जनाएका छन्। इस्लामाबादमा मंगलबार पिसिबीको कार्यसमितिको बैठकमा बंगलादेशको समर्थन गर्ने निर्णय भएको थियो। 'इस्लामाबादमा बंगलादेशलाई सथर्मन गर्दै उनीहरूको माग पूरा गर्न पाकिस्तान अगाडि बढेको छ,' भारतीय मिडिया एनडिटिभीले भनेको छ, 'यस किसिमको निर्णयले विश्वकप संकटमा पर्न सक्छ।'

भारतले एसिया कप तथा आइसिसी च्याम्पियन्स ट्रफीमा देखाएको व्यवहार बदला लिन पाकिस्तानले तयारी गरेको एनडिटिभीको दाबी छ। 'पाकिस्तानले पछिल्लो घटनाको बदला लिने योजना बनाएको देखिन्छ। उनीहरूले विश्वकप बहिष्कार गर्दा त्यसको सन्देश विश्व क्रिकेटमा राम्रो जानेछैन।' सन् २०२४ मा पाकिस्तानले आयोजना गरेको एसिया कपमा भारतले तटस्थ भूमि रोजेको थियो। त्यसपछि आइसिसी च्याम्पियन्स ट्रफीसमेत पाकिस्तानी मैदानमा नखेल्ने अडान भारतले राखेको थियो।



भारतले एसिया कपअन्तर्गत पाकिस्तानसँगको खेल श्रीलंका तथा आइसिसी च्याम्पियन्स ट्रफीमा आफ्ना सबै खेल दुबईमा गएर खेलेको थियो।

आइसिसी र एसिसीले 'हाइब्रिड' शैली अपनाएको थियो। बंगलादेशले पनि यसै हाइब्रिड शैली अपनाउन लागेको हो। तर, आइसिसीले टी-२० विश्वकपको पूर्वघोषित खेल तथा समूह कुनै परिवर्तन नहुने प्रस्ट पारेको छ। आइसिसीले भारत र बंगलादेशबिचको विवाद सुल्झाउन ढाकामा दुई प्रतिनिधिसमेत पठाएको थियो। ढाकाको बैठक निष्कर्षविहीन हुँदा आइसिसीले बंगलादेशलाई बुधबारसम्म अन्तिम निर्णय गर्न निर्देशन दिएको छ।

पाकिस्तानको पनि मैदान परिवर्तन हुनुपर्ने माग

आइसिसीमाथि दबाब सिर्जना गर्दै पाकिस्तानले पनि आफ्ना खेल श्रीलंकामा हुनुपर्ने माग राखेको छ। भारतमा हुने सबै खेल श्रीलंकामा नहुँदा विश्वकपमा सहभागी नहुने उनीहरूको भनाइ छ। 'हामीहरूको खेल भारतमा छ। त्यहाँ हामी पनि खेल्न सक्दैनौं।

हाम्रो खेल श्रीलंकामा हुनुपर्छ,' पिसिबीले आइसिसीलाई भनेको छ, 'यसअघिका प्रतियोगिताहरूमा श्रीलंकामा गएर खेल्न मिल्छ भने यसपटक विश्वकपमा किन मिल्दैन।' यसैबिच, बंगलादेश सरकारको खेलकुद सल्लाहकार असिफ नजरुलले आइसिसीको चेतावनीबाट कुनै डर नभएको बताएका छन्। 'हामी कोही पनि आइसिसीबाट कारबाही हुन्छ भनी डराएका छैनौं,' नजरुलले भने, 'बंगलादेश राष्ट्रियको सम्बन्धमा पछाडि हट्ने वाला छैन।' उनले पनि हाइब्रिड शैली विश्वकपमा पनि लागू हुनुपर्ने बताए। 'भारतले पनि एसिया कप तथा च्याम्पियन्स ट्रफीमा तटस्थ भूमिमा राखेको थियो। अहिले हाम्रो माग पनि त्यही हो,' उनले भने।

बंगलादेशले आज निर्णय गर्नुपर्ने

आइसिसीले बंगलादेशलाई भारतमा गएर खेल्ने वा नखेल्ने सम्बन्धमा बुधबारसम्म निर्णय गर्न निर्देशन दिएको छ। भारतमा नखेल्ने अडान राख्दा बंगलादेशले विश्वकप गुमाउन सक्ने आइसिसीले घुमाउरो रूपमा चेतावनी दिइसकेको छ। बंगलादेश भारत गएर नखेल्दा उसको स्थानमा आइसिसी टी-२० वरीयताअनुसार स्कट्ल्यान्डलाई मौका दिने आइसिसीले जनाइसकेको छ। विश्वकपमा बंगलादेशका तीन खेल कोलकाता र एक खेल मुम्बईमा छ। बंगलादेशले कोलकातामा आफ्ना खेलाडी असुरक्षित हुने दाबी गरेको छ। बंगलादेशले खेल स्थल तथा ड्रसमेत परिवर्तन हुनुपर्ने माग आइसिसीमा राखेको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com